राजस्व सुधार कार्ययोजना
२०८२/८३-२०८४/८५





नारायण नगरपालिका

नगर कार्यपालिको कार्यालय

नारायण, दैलेख

असार २०८२

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

दैलेख
कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः   मितिः
च.नं.:

शुभकामना

नगरबासीका असिम आकाङ्क्षालाई मध्यनजर गर्दै नगरपालिकाको विकासलाई तीव्रतर किसिमले अघि बढाउन सबैभन्दा धेरै आवश्यक पर्ने र प्रायः सधैं अपुग हुने विषय भनेको स्रोत अर्थात् राजस्व नै हो। नगरपालिका आफैंले पर्याप्त राजस्व सङ्कलन गर्न सकेको खण्डमा नगरपालिका आत्मनिर्भर हुन जानेछ र नगरपालिका आत्मनिर्भर हुँदै जाँदा यसले सङ्घीयताको दीगोपनमा समेत टेवा पुऱ्याउनेछ। नेपालको राज्यव्यवस्था सङ्घीय स्वरूपमा रूपान्तरण भई स्थानीय सरकार गठन भएको दश वर्ष पुग्दै गर्दा राजस्व सुधार कार्ययोजना तर्जुमा हुनु प्राथमिकतापूर्ण कार्य हुन पुगेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ उपदफा २ (ख) ले राजस्व परामर्श समितिको काम, कर्तव्य अधिकारअन्तर्गत राजस्वका स्रोत, दायरा र दरसमेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्नुपर्ने उल्लेख गरेको छ। यस्तै, सोही ऐनको दफा ६६ उपदफा (क) ले स्रोतअनुमान तथा बजेटसीमा निर्धारण समितिको काम, कर्तव्य, अधिकारअन्तर्गत आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्नुपर्ने उल्लेख गरेको छ।

नगरपालिकाको राजस्वको वर्तमान अवस्था, कानुनीरूपमा अख्तियारप्राप्त राजस्वका क्षेत्रहरू तथा स्थानीय अवस्था अध्ययन गरी यस राजस्व सुधार कार्ययोजनाले आगामी तीन वर्षको राजस्वको प्रक्षेपणसमेत गरेको छ। अख्तियारप्राप्त कतिपय क्षेत्रहरूमा राजस्व सङ्कलन गर्न नसकिरहेको वर्तमान परिप्रेक्ष्यमा यस कार्ययोजनाले न्यायपूर्ण तरिकाले र नागरिकको मन जितेर सम्बन्धित सबै क्षेत्रमा करका दर, दायरा र क्षेत्र विस्तार गरी समग्र आन्तरिक राजस्वको आकार वृद्धि गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, राजस्व सुधार कार्ययोजना तर्जुमाका सिलसिलामा नीतिगत र कार्यगतरूपमा सहयोग पुऱ्याउनु हुने कार्यपालिकाका सदस्यहरू र स्थानीय राजस्व परामर्श समितिलाई विशेष धन्यवाद दिन चाहन्छु। यस महत्वपूर्ण कार्यमा प्राविधिक सहयोग उपलब्ध गराउने युनिसेफ नेपालको सशक्त महिला, समृद्ध नेपाल, यूरोपियन यूनियनको सार्वजनिक वित्त व्यवस्थापन सहायता परियोजना र परियोजनाका तर्फबाट विषयविज्ञका रूपमा सहजीकरण गर्नु हुने डा. हेमराज लामिछानेलाई धन्यवाद दिन चाहन्छु। साथै, यस महत्वपूर्ण दस्तावेज तयार गर्ने कार्यमा प्रत्यक्ष र परोक्षरूपमा सहयोग पुऱ्याउनु हुने नगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास शाखा, योजना शाखा, लेखाशाखा, राजस्व शाखा, प्रशासन शाखालगायतका सबै कर्मचारीहरूप्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद व्यक्त गर्न चाहन्छु।

लोमन शर्मा
नगरप्रमुख
२०८२ असार

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः
च.नं.:
मितिः

दुई शब्द

नारायण नगरपालिकालाई आन्तरिकरूपमा वित्तीयहिसाबले सक्षम बनाउन कानूनप्रदत्त कर तथा गैरकरका अधिकारलाई भरपुररूपमा उपयोग गरी सबै करदातालाई करको दायरामा ल्याई राजस्व वृद्धिमा जोड दिनु आवश्यक छ। कार्यअनुभवका आधारमा नगरपालिकाले आगामी दिनमा राजस्व प्रशासनलाई चुस्त, दुरुस्त र पारदर्शी बनाई अगाडि बढ्नु जरुरी छ। नगरपालिकाले यसका लागि राजस्व सुधार कार्ययोजनाले सिफारिस गरेका विषयहरूलाई यथासम्भव कार्यान्वयनमा लैजान पहल गर्नेछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ उपदफा २ (ख) ले राजस्व परामर्श समितिको काम, कर्तव्य अधिकारअन्तर्गत राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्नुपर्ने उल्लेख गरेको छ। आगामी दिनमा राजस्व परामर्श समितिलाई थप क्रियाशील बनाई राजस्व परिचालनका क्षेत्रमा सफलता हासिल हुने गरी काम गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

आर्थिक वर्ष २०८२/८३ देखि २०८४/८५ सम्मको लागि तयार भएको यो राजस्व सुधार कार्ययोजना आन्तरिक राजस्व परिचालनमा कोसेढुङ्गा सावित हुन सक्नेछ भन्ने विश्वास लिएको छु। राजस्व परिचालनका क्षेत्रमा भएका कतिपय कमिकमजोरीहरूलाई आत्मसात् गरी आगामी दिनमा जनताको मन जितेर सम्बन्धित सबै क्षेत्रमा करका दर, दायरा र क्षेत्र विस्तार गरी समग्ररूपमा आन्तरिक राजस्वको आकार वृद्धि गर्न यो राजस्व सुधार कार्ययोजनाबाट सहयोग पुग्ने अपेक्षा गरेको छु।

अन्त्यमा, राजस्व सुधार कार्ययोजना तर्जुमाका सिलसिलामा आवश्यक मार्गदर्शन र सहयोग प्रदान गर्नु हुने नगर प्रमुख ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु। त्यसैगरी नीतिगत र कार्यगतरूपमा सहयोग पुऱ्याउनु हुने कार्यपालिकाका सदस्यहरू र स्थानीय राजस्व परामर्श समितिलाई विशेष धन्यवाद दिन चाहन्छु। यस महत्वपूर्ण कार्यमा प्राविधिक सहयोग उपलब्ध गराउने युनिसेफ नेपालको सशक्त महिला, समृद्ध नेपाल, यूरोपियन यूनियनको सार्वजनिक वित्त व्यवस्थापन सहायता परियोजना र परियोजनाका तर्फबाट विषयविज्ञका रूपमा सहजीकरण गर्नु हुने डा. हेमराज लामिछानेलाई धन्यवाद दिन चाहन्छु। साथै, यस महत्वपूर्ण दस्तावेज तयार गर्ने कार्यमा प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने नगरपालिकाका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास शाखा, योजना शाखा, लेखा शाखा, राजस्व शाखा, प्रशासन शाखालगायतका सबै कर्मचारीहरूप्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद व्यक्त गर्न चाहन्छु।

तप्ता कुमारी खड्का थापा
नगर उप-प्रमुख
२०८२ असार

विषय-सूची

परिच्छेद-एक : परिचय.. १

१.१ पृष्ठभूमि १

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य २

१.३ राजस्व सुधार कार्ययोजनले राखेका उद्देश्यहरू ३

१.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ३

१.५ राजस्व सुधार कार्ययोजनाका सीमाहरू ८

१.६ प्रतिवेदनको ढाँचा ९

परिच्छेद दुई : नगरपालिकाको सङ्क्षिप्त परिचय ११

२.१ नगरपालिकाको सङ्क्षिप्त परिचय ११

२.२ नगरपालिकाको मानव संसाधनको अवस्था १६

२.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था १६

परिच्छेद तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता.. २१

३.१ पृष्ठभूमि २१

३.२ स्थानीय तहको राजस्व अधिकारसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था २१

३.३ स्थानीय तहको राजस्व अधिकारको शीर्षकगत व्यवस्था २३

३.४ स्थानीय तहको ऋणसम्बन्धी व्यवस्था ३१

३.५ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ३१

३.६ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ३४

३.७ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ३७

परिच्छेद-चार : आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था ५३

४.१ राजस्व परिचालनसम्बन्धी नीति ५३

४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण...५३

४.२ आय सङ्कलनको संस्थागत क्षमता ५६

४.२.१ स्थानीय राजस्व परामर्श समिति..५६

४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन..५७

४.३ विगतको आय परिचालनको अवस्था ५७

४.४ राजस्व परिचालनमा रहेका सवालहरू ५८

परिच्छेद पाँच : राजस्व सुधार कार्ययोजना.. ६०

५.१ राजस्व सुधारका कार्ययोजना ६०

परिच्छेद छ : आगामी तीन वर्षको आय प्रक्षेपण.. ६३

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ६३

६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण ६५

परिच्छेद सात : अपेक्षित नतिजा.. ७५

परिच्छेद आठ : अनुगमन तथा मूल्याङ्कन.. ७७

तालिकाहरु

तालिका १ : वडाअनुसार क्षेत्रफल.. १२
तालिका २ : वडाअनुसार जनसङ्ख्या तथा धरधुरी.. १३
तालिका ३ : नारायण नगरपालिकाको मानव संसाधनको अवस्था.. १६
तालिका ४ : नगरपालिकाको स्वामित्व वा भोगचलनमा रहेका जग्गा.. १७
तालिका ५ : प्रतावित खोलाको किनारमा थुपारेको गिट्टि वालुवा तथा ढुङ्गा उत्खनन............................ १७
तालिका ६ : नारायण न.पा. भित्रका सामुदायिक वन तथा उपभोक्ता समुह.. १७
तालिका ७ : तहगत राजस्व अधिकार.. २२
तालिका ८: एकल कर प्रशासन र राजस्व बाँडफाँट सम्बन्धी व्यवस्था.. २२
तालिका ९: प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटसम्बन्धी व्यवस्था (प्रतिशतमा).. २३
तालिका १० : राजस्व बाँडफाँटसम्बन्धी व्यवस्था (प्रतिशतमा).. २३
तालिका ११ : कुल आयको वार्षिक अनुमान र यथार्थ सङ्कलन.. ३१
तालिका १२: आन्तरिक आयको वार्षिक अनुमान र यथार्थ सङ्कलन.. ३२
तालिका १३: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था.. ३४
तालिका १४: सुधारसम्बन्धी क्रियाकलापहरू.. ३६
तालिका १५ : सम्पत्ति करको सम्भाव्यता विश्लेषण.. ३७
तालिका १६: मालपोत (भूमि कर) को सम्भाव्यता विश्लेषण... ४०
तालिका १७ : बहाल करसँग सम्बन्धी संस्थाहरूको विवरण.. ४०
तालिका १८ : बहाल करको सम्भाव्यता विश्लेषण.. ४१
तालिका १९ : व्यवसाय करको सम्भाव्यता विश्लेषण.. ४१
तालिका २० : बहालबिटौरी करको सम्भाव्यता विश्लेषण.. ४४
तालिका २१ : विज्ञापन करको सम्भाव्यता विश्लेषण.. ४५
तालिका २२ : साना सवारीसाधन करको सम्भाव्यता विश्लेषण.. ४६
तालिका २३ : प्राकृतिक एवम् खानीजन्य वस्तुको बिक्रीको सम्भाव्यता विश्लेषण.................................... ४७
तालिका २४ : पार्किङ्ग शुल्कको सम्भाव्यता विश्लेषण.. ४८
तालिका २५ : फोहरमैला सङ्कलन शुल्क सम्भाव्यता विश्लेषण.. ४८
तालिका २६ : सामुदायिक वनको राजस्वको सम्भाव्यता विश्लेषण.. ५०
तालिका २७: राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण विवरण.. ५४
तालिका २८ : राजस्व परामर्श समितिको विवरण.. ५६
तालिका २९ : राजस्व शाखामा कार्यरत कर्मचारीको विवरण.. ५७
तालिका ३०: विगतको आय परिचालनको अवस्था तथा अनुमान.. ५७
तालिका ३१ : राजस्व सुधार कार्ययोजना.. ६०
तालिका ३२ : आगामी आर्थिक वर्षको राजस्व प्रक्षेपण/यसका आधारहरू.. ६३
तालिका ३३ : नगरपालिकाको तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण.. ६६
तालिका ३४ : नगरपालिकाको अपेक्षित आय संक्षेपमा.. ७६
तालिका ३५ : अनुगमन तालिका... ७९

चित्रहरु

चित्र १: राजस्व सुधार कार्ययोजनाका क्रियाकलापहरु..४
चित्र २: नारायण नगरपालिका अवस्थिति नक्सा..१२
चित्र ३ : कुल आयको अनुमान र यथार्थ रकम रु..३२
चित्र ४: आन्तरिक राजस्व अनुमान र यथार्थ सङ्कलन रकम रु..३३

अनुसूचीहरु

अनुसूची १ : आर्थिक ऐन, २०८१ का लागि संशोधन प्रस्ताव (तीन महले)..८३
अनुसूची २ : नारायण नगरपालिका शीर्षकगत आन्तरिक राजस्व परिचालन सम्बन्धी विवरण................९१
अनुसूची ३ : कार्यक्रमका सहभागीहरुको विवरण..९४
अनुसूची ४ : कार्यक्रमका तस्विरहरु..९६
अनुसूची ५ : सन्दर्भ सामग्रीहरु..९७

परिच्छेद-एक : परिचय

१.१ पृष्ठभूमि

नेपालको वर्तमान संविधानले सङ्घीय वित्त व्यवस्थाका मान्यताअनुसार संविधानमै स्थानीय सरकारलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने अधिकार दिएको छ। संविधानले प्रदान गरेका अधिकारहरूलाई कार्यान्वयनमा ल्याउन आवश्यक पर्ने कानूनी व्यवस्था तयार गर्ने क्रममा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ स्थानीय सरकारको राजस्व परिचालनका लागि आवश्यक कानूनी आधारहरूको रूपमा कार्यान्वयनमा रहेका छन्।

मुलुक सङ्घीय गणतन्त्रामक संरचनामा प्रवेश गरी जनताको सबैभन्दा नजिक रहेको स्थानीय सरकारको रूपमा रहेको नगरपालिकाप्रति जनताका आकांक्षा र चाहनाहरू उल्लेख्य मात्रामा वृद्धि भएको अवस्था छ। यस अवस्थामा नगरपालिकाले आफ्नो जिम्मेवारी पुरा गर्न र जनचाहनाअनुरूप सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक छ। अतः नगरपालिकाको बढ्दो खर्च धान्नका लागि आवश्यक वित्तीय सामर्थ्य वृद्धि गर्नका लागि आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नु अपरिहार्य छ। किनकी सङ्घीय र प्रदेश सरकारको अनुदानमा मात्र निर्भर भएर मात्र नगरपालिकाले आफ्नो जिम्मेवारी पुरा गर्न नसक्ने र वित्तीय स्वायत्तताको अनुभूति समेत गर्न नसक्ने हुन्छ। तसर्थ, राजस्व सुधार कार्ययोजनाले नगरपालिकाको वित्तीय सम्भावना र क्षमताको पहिचान गर्न समेत सहयोग गर्दछ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारहरूको सङ्घीय संरचनालाई अवलम्बन गरेको छ। संविधानले कुशल र प्रभावकारी ढङ्गले सेवाहरू प्रदान गर्न सबल स्थानीय सरकारहरूको परिकल्पना गरेको छ। यसैबमोजिम स्थानीय तहलाई संविधानद्वारा प्रदान गरिएको कार्य जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको व्यवस्थाका लागि सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यवस्था गरेको छ। सङ्घ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्ता अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा गर्न सम्भव नहुने र राज्य शक्तिको बाँडफाँट गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकार बीच शक्तिको बाँडफाँट गरिने हुँदा सङ्घीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संवैधानिक रूपमै प्रदान गरिएको छ। नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहहरूले विभिन्न किसिमका राजस्व उठाउन सक्ने अधिकारको बारेमा उल्लेख गरिएको छ। अनुदान र राजस्व अधिकारबाहेक स्थानीय तहले संविधान र सङ्घीय स्रोतबमोजिम राजस्व बाँडफाँटबापत रकम प्राप्त गर्न सक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानूनी व्यवस्थासमेत गरिएको छ।

संविधान र कानुनबाट प्राप्त अधिकारलाई उपयोग गर्ने क्रममा स्थानीय सरकारहरू प्रदेश र सङ्घको मुख मात्रै ताक्ने र आन्तरिक स्रोत र राजस्व परिचालनमा लामो समय उदासीन हुने हो भने त्यसले दीर्घकालमा स्थानीय तहको स्वायत्तता र दिगोपनमा प्रश्न उठ्न सक्ने कुरालाई नजर अन्दाज गर्न मिल्दैन। यसबाट छुट्कारा पाउनको लागि स्थानीय तहहरूको आन्तरिक राजस्व परिचालन क्षमतामा स्रोतसम्मत ढङ्गले वृद्धि गर्नुपर्ने अपरिहार्य आवश्यकता रहन्छ। उल्लिखित कार्य गर्नको लागि स्थानीय तहहरूसँग राजस्व सुधार कार्य योजनाको खाँचो देखिन्छ।

नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका क्रियाकलापहरू पहिचान गर्न र पहिचान गरिएका क्रियाकलापहरूको कार्यान्वयनबाट नगरपालिकाको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न यो राजस्व

सुधार कार्ययोजना तर्जुमा गरिएको छ। यो कार्ययोजनाले नगरपालिकालाई आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजस्व प्रक्षेपणलाई यथार्थपरक र वैज्ञानिक बनाई बजेट तर्जुमा प्रक्रियालाई थप व्यवस्थित गर्न मद्दत मिल्ने विश्वास लिईएको छ।

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

नेपालको संविधान र विभिन्न सङ्घीय कानूनहरूमा स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी प्रावधानहरूको व्यवस्था गरिएका छन्। नगरपालिका नवनिर्वाचित जनप्रतिनिनिधिहरुलाई नगरपालिकाको वित्तीय अधिकार सम्बन्धी संवैधानिक र कानुनी प्रावधानका बारेमा अझ बढी स्पष्ट हुने र राजस्व सुधार कार्ययोजना सम्बन्धी अवधारणा र महत्त्वसम्बन्धी अभिमुखीकरण कार्यक्रम उपयोगी हुने विश्वास गरिएको छ। यस राजस्व सुधार कार्ययोजनाले नगरपालिकाको राजस्व क्षमताको पहिचानसमेत गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। साथै यस अध्ययनबाट तयार गरिएको राजस्व सुधार कार्ययोजना नेपाल सरकार र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको लागि स्थानीय तहहरूलाई उपलब्ध गराउने समानीकरण अनुदानसम्बन्धी मापदण्ड र आधारहरू तयार गर्न सन्दर्भ सामग्रीको रूपमा उपयोगी हुन सक्ने अपेक्षा गरिएको छ।

स्थानीय तहलाई विभिन्न क्षेत्रमा गर्ने विकासका कार्यहरू व्यवस्थित गरी जनताको चाहना अनुरूप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो मात्रामा लगानी वा पूँजिको आवश्यकता देखिन्छ। हाल नेपालको राज्य सञ्चालन सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहबाट हुने व्यवस्था नेपालको संविधानले गरेको छ। नेपालले सङ्घीय व्यवस्था अपनाए पश्चात् वित्तीय सङ्घियता अनुरूप स्थानीय तहलाई विकास निर्माणको लागि सङ्घ र प्रदेश सरकारबाट विभिन्न प्रकारका अनुदान (वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान) तथा राजस्व बाँडफाँटबाट उपलब्ध हुन्छ। यसका साथै स्थानीय तहमा पनि विभिन्न शीर्षकमा राजस्व उठाउने अधिकार दिइएको छ, जस अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, दण्ड जरिवाना जस्ता राजस्व उठाउने अधिकार प्रदान गरिएको छ। यसैगरी स्थानीय तहले अन्य स्वदेशी तथा वैदेशिक सङ्घसंस्थाहरूबाट अनुदान रकम, सहयोग पनि प्राप्त गर्न सक्ने छ। स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको सीमा र अधिकार भित्र रही आन्तरिक ऋण पनि लिन सक्ने प्रावधान रहेको छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले विभिन्न तहका सरकारहरूबीच हुने वित्तीय हस्तान्तरणको पक्षमा जोड दिएको छ। स्थानीय तहले कर लगाउदा करदाताले तिर्न सक्ने क्षमताका आधारमा करको निर्धारण गर्ने र कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी स्थापना गर्न, स्वेच्छिक रूपमा कर तिर्न प्रेरित हुने वातावरण सिर्जना गर्न र कर लगाउँदा करको आधार, करको दर र कर तिर्ने अवधी निश्चित गर्न स्थानीय तहको आन्तरिक राजस्व सुधार कार्ययोजना महत्वपूर्ण औजार हुने विश्वास गरिन्छ।

वित्तीय सङ्घीयता अनुरूप विभिन्न संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन २०७४) ले स्थानीय तह सञ्चालन गर्न स्थानीय तहलाई आन्तरिक आय परिचालन गर्न सक्ने प्रशस्त अधिकार र क्षेत्रहरू दिएको भएता पनि ती अधिकारलाई व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्ण रूपमा परिचालन गर्न सकिरहेका छैनन्। यसको संम्भावित प्रमुख कारणहरूमा स्थानीय तहको नयाँ संरचना भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, सङ्गठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्कको उपयुक्त व्यवस्थापन नहुनु, सूचनाहरू अद्यावधिक नहुनु, आयको सम्भाव्यता अध्ययन नहुनु, नियन्त्रण प्रणालीको विकास तथा अभ्यासको कमी हुनु रहेको छ।

राजस्व परिचालनको सन्दर्भमा माथि उल्लिखित अवस्थाहरूमा सुधार ल्याउनका लागि आन्तरिक आयको अवस्था विश्लेषण गरी सुधारका उपायहरू पहिचान गर्नु, राजस्वका दायरा बढाउन सकिने वृद्धिका सम्भावनाहरूको खोजी

गर्नु, राजस्व प्रशासनको विद्यमान सङ्गठनात्मक संरचनाको विश्लेषण गर्दै सुधारका ठोस आधारहरू पहिल्याउन, र आगामी तीन आर्थिक वर्षको राजस्वको प्रक्षेपण गर्नु नितान्त जरुरी हुने हुँदा कर्णाली प्रदेशअन्तर्गत दैलेख जिल्लाको नारायण नगरपालिकाको लागि यो राजस्व सुधार कार्ययोजना तयार पारिएको छ।

नारायण नगरपालिकाको राजस्व सुधारका लागि नगरपालिकाको नेतृत्वमा सहभागितामूलक पद्धति अवलम्बन गरी राजस्व सुधारको कार्ययोजनाहरू तर्जुमा गरिएको छ। यो कार्ययोजना तर्जुमाको माध्यमले नगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण गरी आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज हुनेछ।

१.३ राजस्व सुधार कार्ययोजनले राखेका उद्देश्यहरू

नगरपालिकाको पहिलो राजस्व सुधार कार्ययोजनाको प्रगति समीक्षा गरी आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको सम्भावना तथा देखिएका समस्याहरूलाई न्यूनीकरण गर्न कार्ययोजना तयारी गर्नु तथा सोका आधारमा आगामी तीन वर्षको आय प्रक्षेपण गर्न नगरपालिकालाई सहयोग पुऱ्याउनु यस राजस्व सुधार कार्ययोजनाको मूख्य उद्देश्य रहेको छ। यसको अतिरिक्त यस राजस्व सुधार कार्ययोजना तर्जुमाका अन्य उद्देश्यहरू देहायअनुसार रहेका छन्:

- नगरपालिकाका जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई राजस्व सुधार कार्ययोजनासम्बन्धी अभिमुखीकरण गर्नु।
- विभिन्न शीर्षकका कर र यसका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्नु।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्नु।
- नगरपालिकाको राजस्व प्रशासनको सङ्गठनात्मक संरचना, राजस्व सङ्कलन तथा बिलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणालीसहित नगरपालिकाको समग्र राजस्व प्रशासन तथा यसको कार्यकुशलताको विश्लेषण गर्नु।
- नगरपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपणसहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्नु।
- नयाँ सम्भावनाहरूको पहिचान गर्दै नगरपालिकाले अपनाउनु पर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्नु।
- नगरपालिकाको विद्यमान आर्थिक ऐन, नियमावली लगायतका कानूनी तथा संस्थागत व्यवस्थाको पुनरवलोकन गरी आगामी आर्थिक वर्षमा सुधारका लागि सुझाव प्रदान गर्नु।

१.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

यस राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्वन गरिएका चरणहरू, क्रियाकलापहरू र विधिहरू देहायअनुसार रहेको छ।

(क) राजस्व सुधार कार्ययोजना तर्जुमाका चरणहरू

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यको सन्दर्भमा सम्पादन गरिने क्रियाकलापहरू निम्नलिखित चार चरणमा सम्पन्न गरिएको छ।

- ✓ पहिलो चरणः सन्दर्भ सामग्रीको अध्ययन
- ✓ दोस्रो चरणः अभिमुखीकरण तथा राजस्व सुधार योजना तर्जुमा कार्यशाला
- ✓ तेस्रो चरणः तथ्याङ्क तथा सूचना सङ्कलन र विश्लेषण

- ✓ चौथो चरणः राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण

(ख) राजस्व सुधार कार्ययोजना तर्जुमाका क्रियाकलापहरू

नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सिलसिलामा माथि उल्लिखित चार चरणअन्तर्गत निम्नानुसारका क्रियाकलापहरू सम्पादन गरिएको छ।

१ **राजस्व सुधार कार्ययोजना तर्जुमासम्बन्धी निर्णय र समयसारिणी निर्धारण**
२ **योजना तर्जुमा कार्यदल गठन**
३ **योजना तर्जुमाका लागि आवश्यक सन्दर्भ सामग्रीको सङ्कलन तथा अध्ययन**
४ **प्रारम्भिक कार्यशालाको आयोजना**
५ **सूचना तथा तथ्याङ्क सङ्कलन एवम् विश्लेषणा**
६ **प्रारम्भिक राजस्व सुधार कार्ययोजना तयारी**
७ **राजस्व सम्भावना विश्लेषण र राजस्व प्रक्षेपण**
८ **मस्यौदा राजस्व सुधार कार्ययोजना तयारी**
९ **मस्यौदा राजस्व सुधार कार्ययोजनाको पुनरावलोकन र सुझाव सङ्कलन**
१० **अन्तिम राजस्व सुधार कार्ययोजना तयारी**
११ **कार्यपालिकाबाट स्वीकृति**

चित्र १: राजस्व सुधार कार्ययोजनाका क्रियाकलापहरू

राजस्व सुधार कार्ययोजना तर्जुमासम्बन्धी माथि उल्लिखित चरणहरूमा सम्पादन गरिने क्रियाकलापहरूको विषयमा सविस्तार तल वर्णन गरिएको छ।

पहिलो चरण : यस चरण अन्तरगत निम्नानुसारका मुख्य तीनवटा क्रियाकलापहरू सम्पन्न गरिएको छ।

१. राजस्व सुधार कार्ययोजना तर्जुमासम्बन्धी निर्णय र समयसारिणी निर्धारण

नगरकार्यपालिकाको निर्णयअनुसार आर्थिक वर्ष २०८२/८३ देखि २०८४/८५ सम्मका लागि राजस्व सुधार कार्ययोजना निर्माण गर्ने निर्णय गरेबमोजिम राजस्व सुधार कार्ययोजना तर्जुमाको पहिलो चरण आरम्भ भएको हो।

२. योजना तर्जुमा कार्यदल गठन

आर्थिक वर्ष २०८२/८३ देखि २०८४/८५ सम्मका लागि राजस्व सुधार कार्ययोजना निर्माण गर्न निम्नानुसारको कार्यदल गठन गरिएको थियो।

श्री तप्ता कुमारी खड्का थापा	संयोजक	नगरपालिका उपप्रमुख
श्री रेशम बहादुर बुढा	सदस्य	प्रमुख प्रशासकीय अधिकृत
श्री चिरिञ्जिवी उपाध्याय	सदस्य	आर्थिक प्रशासन शाखा प्रमुख
श्री खम बहादुर थापा	सदस्य	आर्थिक तथा सामाजिक विकास शाखा
श्री सुजन वि.क.	सदस्य सचिव	राजस्व उपशाखा प्रमुख

३. राजस्व सुधार कार्ययोजनाको समीक्षा तथा सन्दर्भ सामग्रीहरूको अध्ययन

राजस्व सुधार कार्ययोजनासँग सान्दर्भिक विभिन्न सामग्रीहरूको सङ्कलन गरी अध्ययन गरियो। यस अध्ययन कार्यका लागि पहिलो चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरूमार्फत सन्दर्भ सामग्रीहरू सङ्कलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो। जसमध्ये नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन सहित), सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन, २०७३ (संशोधन २०७६), कम्पनी ऐन, २०६३ (संशोधन २०७५), उपभोक्ता हित संरक्षण ऐन, २०७५, सहकारी ऐन, २०७५ आदि रहेका छन्। यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरूमा कर्णाली प्रदेश आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन्। यसका साथै यस अघिको राजस्व सुधार कार्ययोजनाको समेत समीक्षा गरिएको छ। अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य-मुख्य सामग्रीहरू सन्दर्भ सामग्रीका रूपमा राखिएको छ।

दोश्रो चरण : प्रारम्भिक कार्यशालाको आयोजना

नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सिलसिलामा नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग छलफल गरी राजस्व सुधार कार्ययोजना तर्जुमासम्बन्धी विधि र प्रक्रियाहरू तय गरिएको थियो। नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाको चौथो चरणमा नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू र राजस्वसँग सम्बन्धित अन्य सरोकारवाला संस्था जस्तै उद्योग वाणिज्य सङ्घ, सामुदायिक वन उपभोक्ता समिति, सहकारी, निजी विद्यालय आदिका प्रतिनिधिहरूसँग अन्तरक्रिया तथा छलफल गरी राजस्व सुधार कार्ययोजनाको तर्जुमा र यसको कार्यान्वयनमा सबैको भूमिकाका बारेमा २०८२/०१/१२ र १३ गते अभिमुखीकरण कार्यशाला सञ्चालन गरियो।

तेश्रो चरणः सूचना तथा तथ्याङ्क सङ्कलन एवम् विश्लेषण

आवश्यक सन्दर्भ सामग्रीहरूको अध्ययन तथा विश्लेषण पश्चात विज्ञहरूको टोलीबाट तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो। सूचना सङ्कलन फारमलाई अन्तिम रूप दिन यस कार्यमा संलग्न विज्ञहरूबीच आवश्यक छलफल र अन्तरक्रियासमेत गरिएको थियो। सूचना सङ्कलनका लागि तयार गरिएको फारमहरू निम्न तीन किसिमका रहेका छन्।

(क) नगरपालिकाको सङ्क्षिप्त परिचय, नगरपालिकाकाको आयका स्रोतहरू तथा हालको अवस्था, नगरपालिकाको स्वामित्व वा भोगचलनमा रहेका जग्गाहरू, भवन तथा औजारहरू, करमा आधारित सूचनाहरू र करमा आधारित सूचनाहरूसम्बन्धी आधारभूत र संस्थागत सूचना सङ्कलनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वि.स. २०७६ मा बनाएको गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमासम्बन्धी दिग्दर्शनको अनुसूची १ को ढाँचाका फारमहरू प्रयोग गरी सूचना सङ्कलन गरिएको थियो भने विषयगत विश्लेषण जस्तै राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण र नगरपालिकालाई प्राप्त आन्तरिक राजस्व अधिकार र परिचालनको अवस्थासम्बन्धी सूचनाहरू सोही दिग्दर्शनको अनुसूची २ र वस्तुगत विश्लेषणको लागि सोही दिग्दर्शनको अनुसूची ३ को ढाँचामा सूचनाहरू सङ्कलन गरिएको थियो।

(ख) नगरपालिकाको आयप्रक्षेपणका लागि पनि गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमासम्बन्धी दिग्दर्शनको अनुसूची ४ को ढाँचामा तयार गरिएको छ।

(ग) कार्ययोजना तर्जुमासम्बन्धी कार्यका लागि संस्थागत सूचना तथा तथ्याङ्कहरू समेत आवश्यक पर्ने हुन्छ। यसका लागि स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐनहरू, राजस्वसम्बन्धी कानूनहरू, प्रगति विवरणहरू तथा खर्चको फाँटवारी, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, सम्भाव्यता अध्ययन प्रतिवेदनहरू आदिबाट पनि आवश्यक सूचना र तथ्याङ्क सङ्कलन गरियो। त्यसबाहेक, उद्योग वाणिज्य सङ्घ, यातायात व्यवसायीहरूको सङ्गठन, होटल व्यवसायीहरूको सङ्गठन आदि पेसागत एवम् व्यवसायिक संस्थाहरू लगायतका सरोकारवाला पक्षहरूसँगको छलफलबाट पनि आवश्यक सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरियो। राजस्व सुधार कार्ययोजना तयारीको क्रममा मुख्यतः निम्न प्रकारका सूचनाहरू सङ्कलन गरियो।

- ✓ राजस्व प्रशासनको वर्तमान अवस्था, राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाहसम्बन्धी विवरण।
- ✓ राजस्व परिचालनका लागि अवलम्बन गरिएका नीतिगत व्यवस्थाहरू।
- ✓ विगत तीन आर्थिक वर्षहरूको अनुमानित तथा यथार्थ आय विवरण।
- ✓ गत वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- ✓ चालु वर्षको आर्थिक ऐन तथा बजेट
- ✓ आन्तरिक आय सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दरसम्बन्धी विस्तृत विवरण
- ✓ आन्तरिक आय सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरूसम्बन्धी तथ्याङ्क तथा सूचना
- ✓ राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरू तथा सोको जिम्मेवारी आदि।

राजस्व सुधार कार्ययोजनाको लागि आवश्यक सूचना/तथ्याङ्क सङ्कलन गरिसकेपछि त्यस्ता सूचनाहरूलाई विश्लेषण गरिएको थियो। सूचना विश्लेषणको लागि तथ्याङ्कीय विधि तथा गुणात्मक विश्लेषण विधि दुबैलाई प्रयोगमा ल्याइने छ। राजस्वसम्बन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरू पहिचानको लागि गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको थियो भने राजस्वको वृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको थियो।

स्थानीय तहको राजस्व अधिकार हाल गरिरहेको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयनपश्चात आय सङ्कलनमा पार्ने प्रभावहरूको मूल्याङ्कनलाई ध्यान दिँदै आगामी तीन वर्षको आयप्रक्षेपण गरिएको छ। यसैगरी नगरपालिकाको विगतको आयको वृद्धिदरको विश्लेषण गरी आय सङ्कलनको अवस्थालाई विश्लेषण गरिएको छ। शुरु र अन्तिम बिन्दुको आधारमा वार्षिक वृद्धिदरको गणना निम्न सूत्रको प्रयोग गरी गरिएको थियो।

$$\text{CAGR} = \left(\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right)^{\left(\frac{1}{\text{Number of Years}}\right)} - 1$$

जहाँ, CAGR = औसत वार्षिक वृद्धिदर

Ending Value = अन्तिम वर्षको यथार्थ रकम

Beginning Value = पहिलो वर्षको यथार्थ रकम

चौथो चरण : यस चरण अन्तरगत निम्नानुसारका पाँचवटा मुख्य क्रियाकलापहरू सम्पन्न गरिएको छ।

१. राजस्व सम्भावना विश्लेषण र राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजना तयारीपश्चात् सोको कार्यान्वयनबाट स्थानीय तहको राजस्व सङ्कलनमा पर्ने प्रभावको समेत विश्लेषण गरी भविष्यका लागि प्राप्त हुने राजस्वको प्रक्षेपण गर्नुपर्दछ। राजस्व प्रक्षेपणको लागि निम्न विधिहरूमध्ये राजस्वका स्रोतको उपलब्ध सूचनाको आधारमा निम्नानुसारका विधिहरू आवश्यकताअनुसार प्रयोगमा ल्याइएको छ।

तथ्याङ्कीय आधार: करदाताको सङ्ख्या, करको दर तथा विद्यमान दायराको अवस्थासम्बन्धी सूचना उपलब्ध भएमा यो विधि प्रयोग गरिएको छ। प्रक्षेपणको लागि दायरा र दरमा हुने सुधारको आधारमा राजस्व प्रक्षेपण गरिएको छ। उदाहरणः नगरपालिकाले लगाएको व्यवसाय कर, सम्पत्ति कर, मालपोत, बहालबिटौरी, घरजग्गा बहाल कर आदि।

विगतको राजस्व वृद्धिदरको आधार: करदाता सङ्ख्यासम्बन्धी सूचना प्राप्त हुन नसक्ने र समयानुकुल दर परिमार्जन हुँदै आएका स्रोतहरूको लागि यो विधि प्रयोग गरिएको छ। उदाहरणः नगरपालिकाले प्रदान गर्ने सिफारिसमा लिइने शुल्क वा दस्तुर। यदी दर परिवर्तन गर्ने योजना भएको अवस्थामा स्रोतको प्रक्षेपण गर्दा सो विषयलाई पनि ध्यानमा राखिएकोछ।

सम्झौताको आधार: आम्दानी प्राप्त हुने गरी विगतमा सम्झौता भएका शी र्षकहरूको लागि सम्झौता रकमको आधारमा आय अनुमान गरिएको छ। उदाहरणका लागि दहत्तरबहत्तर ठेक्का।

लमसम वृद्धिदर : स्थानीय तहको नियन्त्रणमा नभएका र सम्झौता पनि नभएका स्रोतहरूवाट प्राप्त हुने आय अनुमानको लागि यो विधि प्रयोग गर्न सकिन्छ। मूल्यवृद्धि तथा जनसङ्ख्या वृद्धिको योग करिव १० प्रतिशत भएकोले सोलाई आधार मानी गत वर्ष प्राप्त आयमा सोही अनुपातमा वृद्धि गरी आय अनुमान गर्ने प्रचलन हुन्छ। तर यहाँ सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व रोयल्टी बाँडफाँटको रकम वार्षिक २ प्रतिशतले मात्र वृद्धि हुने अनुमान गरिएको छ। उदाहरणः नेपाल सरकार, प्रदेश सरकार तथा अन्य सङ्घसंस्थावाट प्राप्त हुने अनुदान, राजस्व वाँडफाँट आदि।

अनुमान : कुनै आयस्रोतसम्बन्धी सूचना नभएको र स्थानीय तहको लागि विल्कुलै नयाँ स्रोत भएमा अनुमानको आधारमा प्रक्षेपण गरिएकोछ।

शुन्य प्रक्षेपण : आयको सम्भावना नभएका स्रोतहरू तथा राजस्व प्राप्त हुने यकिन नभएका स्रोतहरूको राजस्व प्रक्षेपण गर्दा शुन्य प्रक्षेपण गरिएको छ।

राजस्व प्रक्षेपणका आधारअनुसार राजस्व सुधार योजनामा कम्तिमा आगामी तीन वर्षका लागि स्थानीय तहको राजस्व प्रक्षेपण गर्न सकिन्छ। यसरी राजस्व प्रक्षेपण गर्दा आम्दानीको स्रोतहरूको वर्गीकरण तथा व्याख्याको ढाँचाका लागि एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ (संशोधनसहित) मा तोकिएको ढाँचाअनुसार आय प्रक्षेपण गरिएको छ। आय प्रक्षेपण गर्दा वस्तुगत विश्लेषण समेतका आधारमा सकेसम्म वास्तविकतासँग मेल खाने गरी गरिएको छ।

२. मस्यौदा राजस्व सुधार कार्ययोजना तयारी

माथि उल्लिखित सातौं चरण पुरा गरेपछि राजस्व सुधार कार्ययोजनाको पहिलो मस्यौदा तयार गरिएको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको राजस्व सुधार कार्ययोजना तर्जुमासम्बन्धी कार्यविधि

अनुसारको ढाँचामा मस्यौदा प्रतिवेदन तयार गरिएको छ।

३. मस्यौदा राजस्व सुधार कार्ययोजनाको पुनरावलोकन र सुझाव सङ्कलन

राजस्व सुधार कार्ययोजना तर्जुमाका उपरोक्त चरणहरूपश्चात् तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन सम्बन्धित २०८२ साल असार १५ गते सरोकारवालाहरू समक्ष प्रस्तुत गरी सुझाव सङ्कलन गरिएको थियो। यसका लागि परामर्श कार्यशाला/बैठकको आयोजना गरिएको थियो। यस्तो छलफलबाट प्रतिवेदनमा छुट भएका विषय वा तथ्याङ्कीय कमजोरीहरूलाई सच्याउन र प्रतिवेदनका विषयमा सरोकारवालाहरूलाई जानकारी प्रदान गर्न पनि सहयोग पुगेको थियो।

४. अन्तिम राजस्व सुधार कार्ययोजना तयारी

मस्यौदा प्रतिवेदनमाथिको छलफलबाट प्राप्त भएका सुझावहरूलाई यथोचित संवोधन गरी राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन तयार गरिएको छ। यसरी तयार भएको अन्तिम कार्ययोजना स्थानीय राजस्व परामर्श समितिको २०८२ साल असार २९ गतेको बैठकमा छलफल भई नगरकार्यपालिकाको स्वीकृतिका लागि पेश गरेको थियो।

५. कार्यपालिकाबाट स्वीकृति

नगरपालिकाको मिति ....को बैठकमा छलफल भई राजस्व सुधार कार्ययोजना स्वीकृत भएको छ।

१.५ राजस्व सुधार कार्ययोजनाका सीमाहरू

नगरपालिकाको राजस्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भए तापनि उपलब्ध सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययन निम्न अनुसारको सीमामा रही तयार गरिएको छ।

१. यो अध्ययन नगरकार्यपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, नगरपालिकाका पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालापक्षहरूसँग गरिएको छलफल र कार्यशालाबाट प्राप्त सूचनाको आधारमा गरिएको छ।

२. राजस्व प्रक्षेपण गर्ने क्रममा करदाताको सङ्ख्यासम्बन्धी आधिकारिक आधार तथ्याङ्क प्राप्त हुन नसकेकोले सहभागीहरूले दिएको सूचनालाई आधार मानिएको छ।

३. सामान्यतः स्थानीय तहले तीन वर्षमा करका दरहरू परिवर्तन गर्न सक्ने भएकोले हाल तीन आर्थिक वर्षका लागि मात्र आय प्रक्षेपण गरिएको छ।

४. यस राजस्व सुधार कार्ययोजना नगरपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, स्थानीय पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूसँग गरिएको छलफल, गोष्ठी, अन्तक्रिया तथा कार्यशालाबाट प्राप्त सल्लाह, सुझाव र सूचनाको आधारमा तयार गरिएको हो।

५. सङ्घ तथा प्रदेश सरकारबाट नगरपालिकाले प्राप्त गर्ने राजस्व बाँडफाँट र समानीकरण अनुदानको रकम प्रक्षेपण र हालको अभिलेखलाई आधार मानी वार्षिक रूपमा वृद्धि हुने अनुमान गरी लेखाजोखा गरिएको तथा नगरपालिकाबाट प्राप्त हुने राजस्वमा केन्द्रित रही योजना तर्जुमा गरिएको छ।

६. राजस्व प्रक्षेपणको लागि नगरपालिकाले उपलब्ध गराएको तथ्याङ्क तथा केन्द्रीय तथ्याङ्क विभागले विभिन्न सर्वेक्षणमार्फत उपलब्ध गराएको तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ।

१.६ प्रतिवेदनको ढाँचा

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७६ मा तर्जुमा गरेको गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमासम्बन्धी दिग्दर्शनले निर्दिष्ट गरेको ढाँचाअनुसार यो राजस्व सुधार कार्ययोजनामा आठ ओटा परिच्छेद रहेका छन्। पहिलो परिच्छेदमा परिचय, दोश्रो परिच्छेदमा नगरपालिकाको सङ्क्षिप्त परिचय, परिच्छेद तीनमा स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता, परिच्छेद चारमा आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था, परिच्छेद पाँचमा राजस्व सुधार कार्ययोजना, परिच्छेद छमा आगामी तीन बर्षको आय प्रक्षेपण, परिच्छेद सातमा अपेक्षित नतिजा र परिच्छेद आठमा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी विषयहरू समावेश गरिएको छ। साथै, अध्ययनसँग सम्बन्धित सूचनाहरूलाई विभिन्न अनुसूचीहरूमा समावेश गरिएको छ। अनुसूची १ मा नगरपालिकाको आर्थिक ऐन, २०८१ का लागि संशोधन प्रस्ताव (तीन महले), अनुसूची २ मा नगरपालिकाको शीर्षकगत आन्तरिक राजस्व परिचालन सम्बन्धी विवरण, अनुसूची ३ मा कार्यक्रमका सहभागीहरूसम्बन्धी विवरण, अनुसूची ४ मा कार्यक्रमका केही तस्विरहरू र अनुसूची ५ मा सन्दर्भ सामग्रीहरू समावेश गरिएका छन।

परिच्छेद दुई : नगरपालिकाको सङ्क्षिप्त परिचय

यस परिच्छेदमा नगरपालिकाको सङ्क्षिप्त परिचय, अवस्थिति, मानव संसाधन साथै भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था तथा नगरपालिकाको संस्थागत क्षमताका बारेमा सङ्क्षेपमा उल्लेख गरिएको छ।

२.१ नगरपालिकाको सङ्क्षिप्त परिचय

नामाकरणः

नारायण नगरपालिका नेपालको कर्णाली प्रदेशमा अवस्थित सुन्दर पहाडी नगरपालिका हो। सञ्चार माध्यमको रूपमा ध्रुवतारा र ज्वाला एफ.एम. सञ्चालनमा छन् भने दर्जनभन्दा बढी दैनिक पत्रपत्रिकाहरू प्रकाशन हुने गर्दछन्। जिल्लामा कायम रहेका जिल्ला स्थित कार्यालयहरूसमेत यसै नपामा अवस्थित छन् । जिल्लाकै सबैभन्दा ठूलो बजार रहेको यस नपामा लोहोरे, चुप्रा र भैंसेखोर बजारसमेत व्यापारिक केन्द्रका रूपमा विकास हुँदै गएको अवस्था छ। दर्जन भन्दा बढी बैङ्कहरू सञ्चालनमा छन् भने कर्णाली प्रदेशको राजधानी सुर्खेत देखि जुम्ला जाने तथा पूर्व पश्चिम लोकमार्गले छोएको यस नपामा विकासका सम्भावनाहरू प्रशस्त छन्। नगरका सबै वडाहरूसँग कच्चीसडकको पहुँच पुगेकोछ भने खानेपानीको अवस्थामा हाल सहारे खानेपानी योजनाले केही सहज बनाएको छ।

सावँरको छालाको लागि नेपालकै प्रसिद्ध ठाँउको रूपमा दैलेख जिल्ला चिनिने गर्दछ । यो छाला सामान्य तया प्रसोधन गर्नका लागि लागि तीन महिना लाग्ने गर्दछ। यसमा प्रयोग हुने कच्चा पदार्थ स्थानीय उत्पादन जस्तै मैवा, उत्तिस,चुन र धाईरो जस्ता कच्चा पदार्थको मिश्रणबाट खाडिमा राखेर सामान्यतगा ३ महिनामा छाला तयार हुने गर्दछ। तयारी छालाबाट दैनिक उपभोग गरिने सामानहरू क्रमशः विभिन्न किसिमका जुत्ता तथा चप्पल ,कम्मरमा बाध्ने पेटी, ब्याग, पर्स आदि जस्ता दैनिक उपभोग्य सामान बन्ने गर्दछ। यस छालालाई व्यववसायकोरूपमा दैलेखमा सामान्यतया दलित समुदायका सार्कीहरुले उत्पादन तथा प्रशोधन गरी प्रयोगमा ल्यादछन। सार्की समुदायको पुख्यौंली पेशाको रूपमा रहेको सावँरको छाला उत्पादन तथा व्यवसायिकीकरण गर्ने सके अझ धेरै यहाँका स्थानीय स्तरका यूवाहरूले रोजगार तथाा आयआर्जनमा वृद्धि गर्न सकिने र यसलाई थप व्यवसायिक बनाउनको लागि र नेपाल भरी निर्यात गर्नकोलागि यहाँको स्थानिय सरकारले विभिन्न किसिमका तालिक आधुनिक प्रशोधन गर्ने प्रविधि भित्र्याइ थप स्थानीय पुरानो कला तथा संस्कृतिलाई बचाई नेपालभर चिनाउन नितान्त जरुरि देखिन्छ दैलेखको एकमात्र चिनारीको रूपमा रहेको यसलाई व्यवसायीकरणमा जोड दिनको लागि र बाहिरबाट आउने आन्तरिक पर्यटक र बाह्य पर्यटकहरूलाई यी सामानहरू बेचबिखन गरी आयश्रोत बढाउन सकिन्छ।

नारायण नगरपालिका दैलेख जिल्लामा अवस्थिति नेपालको पुरानो र प्रशिद्ध नगरपालिका हो। यसलाई नेपाल सरकारद्वारा पहिलो पटक २०५३ सालमा नगरपालिका घोषणा गरिएको थियो। वि.सं.२०७४ सालमा राज्य पुनर्संरचना गर्ने क्रममा नेपाल सरकारको निर्णय अनुसार यस नगरपालिकालाई पूर्व स्थानीय तहहरू नारायण नगरपालिका, भवानी गा.वि.स., बिन्धवासिनी गा.वि.स. र खरिगैरा गा.वि.स.को वडा नम्बर ८ र ९ का सम्पूर्ण भू-भाग समेटेर नगरपालिका घोषणा गरिएको हो। यो नगरपालिका दैलेख जिल्लाको सदरमुकाम पनि हो । यस नगरपालिकाको सदरमुकाम दैलेख बजारमा रहेको छ।

अवस्थिति :

दैलेख जिल्ला कर्णाली प्रदेशमा अवस्थित एक पहाडी जिल्ला हो। यस नगरपालिकाको पूर्व उत्तरमा नौमुले गाउँपालिका, दक्षिण पूर्वमा भगवतीमाई गाउँपालिका, दक्षिणमा डुङ्गेश्वर गाउँपालिका तथा पश्चिममा महावु

गाउँपालिका, भैरवी गाउँपालिका र दुल्लु नगरपालिका पर्दछ। यस नगरपालिकाको सबैभन्दा कम उचाइ ८२० मिटर (चुप्रा) र उच्चतम उचाइ १६८० (ओखरबास) हो (चित्र ३)। यस नगरपालिकाको लगभग सबै भू-भाग पहाडी तथा सामान्य भिरालो क्षेत्रमा पर्दछ। यस नगरपालिकाको जमिनको अवस्थामा अधिकांश भू-भाग वन, कृषियोग्य भूमि, भीर र पाखोले ओगटेको छ। यस नगरपालिकामा कोटिला, कोतगढी, वेलासपुर मन्दिर, पञ्चदेवल कृतिदेवल, बागमानी, राइली त्रिपानी जस्ता पर्यटकीय स्थलहरू रहेका छन्।



चित्र २: नारायण नगरपालिका अवस्थिति नक्सा

क्षेत्रफल तथा वडा विभाजन

यस नगरपालिकालाई जम्मा ११ वटा वडामा विभाजन गरिएको छ। यस नगरपालिका क्षेत्रफलका हिसाबले वडा नं. ११ सबैभन्दा ठूलो छ भने सबैभन्दा सानो वडा नं. ६ हो, जसको क्षेत्रफल मात्र १.४० वर्ग किलोमिटर रहेको छ। यस नगरपालिकाको कुल क्षेत्रफल १३३.२९ वर्ग किलोमिटर रहेको छ। यस नगरपालिकाको प्रशासनिक विभाजन तथा क्षेत्रफल तलको तालिका १ मा प्रस्तुत गरिएको छ।

तालिका १ : वडाअनुसार क्षेत्रफल

वडा नं.	क्षेत्रफल (वर्ग कि.मी.)
१	६.९८
२	८.७९
३	६.५४
४	१८.६९
५	७.५१
६	३.६३
७	७.६३
८	४.५
९	८.७५
१०	१३.२७
११	२४.३४
जम्मा	**११०.६३**

जनसङ्ख्या

यस नगरपालिकामा वि.सं. २०७४ मा गरिएको घरधुरी सर्वेक्षणअनुसार कुल जनसङ्ख्या २९,५४४ ९ महिला १४,१९४ र पुरूष १५,३५०० रहेको छ साथै ५,१९८ घरधुरी रहेको छ। साथै यस नगरपालिकाको जनघनत्व २७६.५ जना प्रति वर्ग किलोमिटर रहेको छ। सो घरधुरी सर्वेक्षणअनुसार सबैभन्दा बढी जनसङ्ख्या वडा नं. ११ मा ९३,६४१० र सबैभन्दा कम जनसङ्ख्या वडा नं. ८ मा ९२,०४७० रहेको छ। यस नगरपालिकाको वडाअनुसार जनसङ्ख्या तथा घरधुरी विवरण तलको तालिका २ मा दिइएको छ।

तालिका २ : वडाअनुसार जनसङ्ख्या तथा धरधुरी

वडा नं.	घरधुरी सङ्ख्या	जनसङ्ख्या		
		पुरुष	महिला	जम्मा
१	५८५	१५५०	१३९७	२९४७
२	५६४	१५४३	१३५१	२८९४
३	४१७	११७८	११७२	२३५०
४	५५५	१७४६	१६०७	३३५३
५	३७९	११४२	१०६५	२२०७
६	५२०	१३९४	१३३५	२७२९
७	४६४	१४१४	१३१७	२७३१
८	३३९	१०८१	९६६	२०४७
९	४६०	१३३६	१०८५	२४२१
१०	३७१	११३७	१०८७	२२२४
११	५४४	१८२९	१८१२	३६४१
जम्मा	५१९८	१५३५०	१४१९४	२९५४४

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८ र घरधुरी सर्वेक्षण २०७४

पेशागत विवरण

स्थानीय अनुकुलन कार्ययोजना नारायण नगरपालिका, दैलेख, कर्णाली प्रदेश, २०७८ को प्रतिवेदनअनुसार, यस नारायण नगरपालिकाका ६५.२% जनसङ्ख्या कृषिमा निर्भर रहेका छन्। त्यसैगरी १३.७% व्यापारमा, १०.४% दैनिक ज्यालादारी, २९.४% नोकरी, १.३९% वैदेशिक रोजगारी, १.३५% गैह्रसरकारी संस्था र ५.०६% अन्य पेसामा आबद्ध रहेका छन्। ११ ओटा वडाको पेसागत विवरण विश्लेषण गर्दा सबैभन्दा धेरै कृषि पेसामा आश्रित समुदाय वडा नं. ४ मा (९०.८१%) रहेका छन् भने सबैभन्दा कम वडा नं. १ मा (२७.८६%) रहेका छन्। दैलेख जिल्लाको सदरमुकाम पनि वडा नं. १ मा रहेकाले पनि वडा नं. १ का ५६.०७% जनसङ्ख्या व्यापार पेसामा आबद्ध रहेका छन् भने सबैभन्दा कम वडा नं. ४ का ०.९% जनसङ्ख्या व्यापार पेसामा आबद्ध रहेका छन्। त्यसैगरी दैनिक ज्यालादारीमा निर्भर हुने जनसङ्ख्या सबैभन्दा धेरै (३४.०५%) वडा नं. ३ मा रहेका छन्। वैदेशिक रोजगार र गैह्रसरकारी संस्थामा आबद्ध जनसङ्ख्या वडा नं. ६ मा बढी रहेका छन् (घरधुरी सर्वेक्षण २०७४)।

नारायण नगरपालिकाको मुख्य पेसाकारूपमा कृषि रहे तापनि घरधुरी सर्वेक्षण २०७४ अनुसार जम्मा ०.२१% परिवारले मात्र आफ्नो खेतबारीको उत्पादनबाट खान पुगेर बेचबिखन गर्ने गर्दछन्। आफ्नो बारीको उत्पादनबाट ३ महिनाभन्दा कम खान पुग्ने परिवार ३८.७८% रहेका छन्भने ४ देखि ६ महिना खान पुग्ने परिवार ३३.७४% रहेका छन्। त्यसैगरी ७ देखि ९ महिना खान पुग्ने परिवार १३.३३% छन् भने १० देखि १२ महिना खान पुग्ने परिवार १४.२% रहेका छन्।

पर्यटन (प्रसिद्ध स्थलहरू)

यस नगरपालिकामा कोटिला, कोतगढी, वेलासपुर मन्दिर, पञ्चदेवल कृतिदेवल,वागमानी, राइली त्रिपानी जस्ता पर्यटकीय स्थलहरू रहेका छन्।पञ्चकोशी तीर्थ स्थल मध्येका श्रीस्थान, नाभिस्थान, कोटिला, धुलेश्वर र पादुका दैलेख जिल्लामा पर्दछन् भने कोटिला नारायण नगरपालिका वडा नं. ९ स्थित छामघाट खोलाको तिरमा अवस्थिति छ।पञ्चकोशी तीर्थ गर्दा सबैभन्दा पहिला कोटिलामा दर्शन गर्ने प्रचलन रहेको छ। यो एतिहासिक धार्मिक स्थल हो। श्री स्वस्थानी व्रतकथामा सत्यदेवीको मृतक शरीर महादेवले काँधमा बोकी हिँडेको अवस्थामा कोठी खसेको स्थान भनि शक्तिपीठका रूपमा पूजाआजा गरिन्छ। कोटिला क्षेत्र अत्यन्तै रमणीय स्थल हो कोटीहोम यज्ञ, महायज्ञ, सप्ताह पुराणहरू लगाइन्छ भने महाशिवरात्री र माघे सङ्क्रान्तिका दिन ठूलो मेला लाग्ने गर्दछ।

सिँचाइ

स्थानीय अनुकुलन कार्ययोजना नारायण नगरपालिका, दैलेख, कर्णाली प्रदेश, २०७८ को प्रतिवेदन अनुसार, यस नगरपालिकामा जम्मा ८१९.३५ हेक्टर कुल सिञ्चित जमिन रहेकोमा २१५.०३ हेक्टर वर्षैभरि सिञ्चित जमिन रहेको छ भने ६०४.३२ हेक्टर जमिन मौसमी सिञ्चित जमिन रहेको छ। असिञ्चित जमिनको क्षेत्रफल २११४.२५ हेक्टर रहेको छ।त्यसैगरी खेतीयोग्य जमिन ३६६७ हेक्टर खेतीयोग्य जमिन रहेको छ र जम्मा २९३३.६ हेक्टर जमिनका खेती गरिएको छ (नारायण नगरपालिका कृषि शाखा)।

यातायात पहुँच

यो नगरपालिका कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतबाट ६७ किलोमिटर टाढा छ। नारायण नगरपालिका वीरेन्द्रनगर सुर्खेतसँग दैलेख सडकद्वारा जोडिएको छ।दैलेख सडक सुर्खेतको वीरेन्द्रनगरमा रत्न राजमार्गसँग मिल्छ। यस नगरपालिका देखि दुल्लु हुँदै दैलेखदेखि कर्णाली राजमार्ग जोड्ने अर्को सडक पनि छ। राष्ट्रिय राजधानी काठमाडौं दैलेखबाट ६४७.४१ किलोमिटरको दुरीमा रहेको छ।यस नगरपालिकाका ११ ओटै वडामा कच्ची सडकको पहुँच पुगेको छ भने नगरपालिकाको मुख्य भागमा कालोपत्रे १६ कि.मि., ग्राभेल ३५ कि.मि., पि.सि.सि. ५ कि.मि. र कच्ची सडक २२० कि.मि निर्माण भइसकेको छ।

उद्यम, व्यापार, व्यवसाय

यस स्थानीय तहमा जम्मा ११३८ ओटा व्यवसायिक फर्म रहेको छ (स्रोत केन्द्रीय तथ्याङ्क विभाग)। यस नगरपालिकाको प्रमुख व्यापारिक केन्द्रहरूमा विभिन्न किसिमका पसलहरू रहेका छन् ।खासगरी फेन्सी पसल, मोबाइल पसल, स्टेसनरी पसल तथा होटेल व्यवसायमा यस व्यापारिक केन्द्रहरूका मानिसहरू सम्लग्न रहेका छन्।यसै गरी सावरको छालाको लागि नेपालकै प्रसिद्ध ठाँउको रूपमा दैलेख जिल्ला चिनिने गर्दछ।यो छाला सामान्यतया प्रशोधन गर्नका लागि तीन महिना लाग्ने गर्दछ। तयारी छालाबाट दैनिक उपभोग गरिने सामानहरू जस्तै, विभिन्न किसिमका जुत्ता तथा चप्पल, कम्मरमा बाँध्ने पेटी,ब्याग, पर्स आदि बन्ने गर्दछ। यस छालालाई व्यवसायको रूपमा सामान्यतया सार्की समुदायका व्यक्तिहरूले उत्पादन तथा प्रशोधन गरी प्रयोगमा ल्याउने गर्दछन्।सार्की समुदायको पुख्यौंली पेसाको रूपमा रहेको सावरको छाला उत्पादन तथा व्यवसायिकीकरण गर्नसके अझ धेरै यहाँका स्थानीय स्तरका युवाहरूले रोजगार तथा आयआर्जनमा वृद्धि गर्न सक्नेछन्।

मुख्य व्यापारिक केन्द्रहरू

यस नगरपालिकाभित्र रहेका मुख्य व्यापारिक केन्द्रहरूमा दैलेख बजार, चुप्रा बजार, सीमाडा लोहोरेबजार, भैंसेखोर बजार र ठालुडाँडा बजार रहेका छन्।

विद्युत् सुविधा

नारायण नगरपालिकामा उर्जाको रूपमा बिजुली (५४.२९%), सोलार (३७.९६%) र मट्टितेल (१.३७%) मुख्य रूपमा प्रयोग गर्ने गरिन्छ। वडा नं. १ र ९ का लगभग सबै बस्तीमा (९५% भन्दा बढी) बिजुली बत्तीको प्रयोग गर्ने जनसङ्ख्या रहेको छ। त्यसैगरी वडा नं. १० मा बिजुली बत्ती प्रयोग गर्ने सङ्ख्या न्यून रहेको छ भने वडा नं. ११ मा जम्मा १.६५% ले यसको प्रयोग गर्ने गर्दछन्। बिजुली बत्ती नभएका ठाउँमा सोलारको प्रयोग गर्ने गरिएको छ।

सञ्चार सुविधा

यस नगरपालिकाको अधिकांश बस्तीहरूमा टेलिकमको सुविधा पुगेको छ। सञ्चार माध्यमको रूपमा ध्रुवतारा र मातृभुमी एफ.एम. सञ्चालनमा छन् भने दर्जनभन्दा बढी दैनिक पत्रपत्रिकाहरू प्रकाशन हुने गर्दछन्। जिल्लामा कायम रहेका जिल्लास्थित कार्यालयहरूसमेत यसै नगरपालिकामा अवस्थिति छन्।

खानेपानी तथा सरसफाइ

यस नारायण नगरपालिका लोहोरे खोला जलाधार क्षेत्रमा पर्दछ। नारायण नगरपालिकाको पूर्वमा लोहोरेखोला, पश्चिममा छामघाट र ताराघाट खोला, उत्तरमा तामे खोला र दक्षिणमा लोहोरे खोला पर्दछ। भौगोलिक दृष्टिकोणले नारायण नगरपालिका वरिपरि खोलाले घेरिएको र प्रशस्त मुहानहरू भएता पनि बजार क्षेत्रमा खानेपानीको समस्या रहेको छ। जम्मा ५१९८ घरधुरीमध्ये ६२.६२ प्रतिशतले पाइपबाट, १६.५८ प्रतिशतले कुवाबाट, १६.७८ प्रतिशतले धाराबाट र अन्य स्रोतहरूबाट ३.९८ प्रतिशत घरधुरीहरूले खानेपानीको प्रयोग गर्दै आएको देखिन्छ। बजार क्षेत्रको खानेपानीको माग परिपूर्तिको लागि सहारे खानेपानी आयोजना र मझुवा खानेपानी आयोजना सञ्चालनमा रहेको र छिट्टै नै खानेपानीको समस्या समाधान हुनेविश्वास नगरपालिकाको रहेको छ।

भवन तथा आवास

यस स्थानीय तहको करिब ८५.९% मानिसको आफ्नै घर रहेको, करिव १२% भाडाको घरमा बस्ने तथा करिव २.१% संस्थागत घरमा बस्ने गर्दछन्। यसै गरी करिव ८६% जनसङ्ख्याको घर माटोको जोडाइको रहेको, १२.१% को सिमेन्टको जोडाइ रहेको घर छ। यसै गरी करिव २८.४% जनसङ्ख्याको घर खर/छवाली/परालले छाएको, २०.७% को घर जस्ताले छाएको, ३६% को घर टायल/खपडाले छाएको, ११.२% घर सिमेन्ट ढलान तथा २% को घर काठ/माटाले छाएकारहेका छन्।

शिक्षा

यस नगरमा स्नातकसम्मको अध्ययन हुने नारायण क्याम्पस, ९ वटा माध्यामिक विद्यालय र ३२ वटा आधारभूत विद्यालय र ३७ वटा प्रारम्भिरक बाल विकास केन्द्रहरू रहेका छन। त्यसका साथसाथ तेह्र वटा निजी विद्यालय र चार वटा प्राविधिक शिक्षालय सञ्चालनमा रहेका छन्। साक्षरता ८०.३१ प्रतिशत रहेकोमा (महिला ७८.१७, पुरूष ८२.४६) मात्र रहेको छ।

स्वास्थ्य

यस नगरमा १५ शैयाको जिल्ला अस्पताल, एउटा प्राथामिक स्वस्थ्य केन्द्र,तीनवटा उप—स्वास्थ्य चौकी, एक वटा सहरी स्वास्थ्य केन्द्रले स्वास्थ्य क्षेत्रमा सेवा दिदै आइरहेका छन्।

बैंक, वित्तीय संस्था तथा सहकारी

यस नगरपालिकामा “क" वर्गका बैङ्कहरु ११ वटा, “ख" वर्गका बैङ्कहरु ७ वटा, ५ वटा लघु वित्त सस्थाहरु, इन्स्यूरेन्स कम्पनी १३ र ३० वटा सहकारी सस्थाहरु सञ्चालनमा छन्।

फोहरमैला व्यवस्थापन

यस नगरपालिकामा फोहरमैला व्यवस्थापनको लागि यस नगरपालिकाको वडा नं. २ मा डम्पिङ साइट निर्माण गरिएको छ।

प्राकृतिक हिसाबले अत्यन्तै रमणीय स्वच्छ हावापानी, नदिनाला र वनजङ्गल भएको धार्मिक तथा पर्यटकीय हिसाबले प्रशस्त विकासका सम्भावनाहरू रहेको भएता पनि विकास हुन सकेको छैन। हालसम्म नगरका सबै वडा कच्ची सडक सञ्जालले मात्र जोडिएको छ । विद्युत्, खानेपानी सबै वडामा पुगेको छैन। शिक्षा र स्वास्थ्यको अवस्था कमजोर छ। बजार क्षेत्र साँघुरो भै व्यवस्थित सहरीकरण भएको छैन।

२.२ नगरपालिकाको मानव संसाधनको अवस्था

यस नगरपालिकामा रहेको दरबन्दीअनुसार हाल निम्नानुसार कर्मचारीहरू कार्यरत रहेका छन्। जसको विवरण तलको तालिका ३ र ४ मा प्रस्तुत गरिएको छ।

तालिका ३ : नारायण नगरपालिकाको मानव संसाधनको अवस्था

क्र.सं.	पद	पदपूर्ति		
		स्थायी	करार	जम्मा
१.	प्रमुख प्रशासकीय अधिकृत	१		१
२.	लेखा अधिकृत	१		१
३.	अधिकृत स्तर छैटौं	४	२	६
४.	न्यायिक सहजकर्ता		१	१
५.	पशु स्वास्थ्य अधिकृत छैटौं	१		१
६.	सि.अ.न.मि. छैटौं	१		१
७.	शिक्षा अधिकृत छैटौं	१		१
८.	सि.अ.हे.व. छैटौं	१		१
९.	नायव सुब्बा	१		१
१०.	सहायक स्तर पाँचौं अप्राविधिक	६	१	७
११.	सहायक स्तर पाँचौं प्राविधिक	१०	५	१५
१२.	सहायक स्तर चौथो अप्राविधिक	२	१	३
१३.	सहायक स्तर चौथो प्राविधिक	३	१६	१९
१४.	कार्यालय सहयोगी	२	१८	२०
१५.	सामाजिक परिचालक		१	१
१६.	सवारी चालक		३	३
			जम्मा	**८२**

स्रोतः नारायण नगरपालिका, २०८२

२.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था

यो नारायण नगरपालिका आफ्नै कार्यालय भवनमा सञ्चालन भैरहेको छ। साथै तीनवटा वडा कार्यालयहरुपनि आफ्नो भवनमा नै सञ्चालन भैरहेका छन्। बाँकि ८ वडा कार्यालयहरूको भाडाका भवनमा कार्यालय सञ्चालन भैरहेको छ। आफ्नो भवन नभएका वडाहरूले निकट भविष्यमा आफै भवन बनाउने योजना पनि रहेको

छ। सवारीसाधन अन्तर्गत यस नगरपालिकामा एक वटा फोहोर मैला ओसार्ने ट्याक्टर, दमकल, जिप, स्कारपियो, स्काइभेटर रहेको छ ।यसैगरी एउटा वडासँग मेसिन (ट्वाइलेट सफा गर्ने) रहेको छ।यस नगरपालिका तथा सबै वडाहरूमा कम्प्युटर तथा प्रिन्टर, टेबुल, कुर्सी, सोफा, दराज लगायत कार्यालय सामग्रीहरू रहेका छन् । यस नगरपालिका कार्यालयमा २ वटा एलसिडी टेलिभिजन, सोलार ६ सेट, क्यामेरा २ थान, ठूला र साना गरी २४ वटा प्रिन्टर, १२ वटा ल्यापटप, ४५ थान डेस्कटप कम्प्युटर, एउटा प्रोजेक्टर ५० वटा घुम्ने कुर्सी, ६५ वटास्टील दराज, ८ थानसीसी क्यामेरा र कार्यालय प्रयोजनका लागि आवश्यक अन्य न्यूनतम कार्यालय सामग्रीहरू रहेका छन्।

तालिका ४ : नगरपालिकाको स्वामित्व वा भोगचलनमा रहेका जग्गा

क्र.सं.	जग्गा रहेको स्थान	कि.नं.	क्षेत्रफल	हालको उपयोग	भाडा वा बहाल रकम (यदि भएमा)
क.	स्वामित्वमा रहेको जग्गा				
		१५३	१२८.७५	नगरपालिका भवन	
		२२९	२६५२.५०	नगरपालिका भवन	
		४१०		वडा कार्यालय भवन	
		२१०		वडा कार्यालय भवन	
		२६७	२०६८.७५	पार्किङ	

यस नगरपालिकाको स्वामित्वमा रहेका सबैजग्गाहरू कार्यालय प्रयोजनको लागि रहेको छ। करिव २०६८.७५ वर्ग मिटर जग्गा पार्किङ प्रयोजनको लागि प्रयोग गरिएको छ।तर सो जग्गामा व्यवस्थित पार्किङ गरी पार्किङ बापतको सेवा शुल्क लिने व्यवस्था गरेको पाईदैन।

यस नगरपालिकाको आफ्नै ४ वटा भवनहरू छन्, जसमध्ये १ वटा नगरपालिका भवन र ३ वटा वडाकार्यालय भवन रहेकाछन्।यसैगरी नगरपालिकाको मेसिन औजारहरूमा स्काई भेटर, दमकल, सकसंगमेशिन, एम्बुलेन्स आदि छन्।नगरपालिकाको भवन तथा वडाकार्यालयको भवनमा रहेको सभाहलबाट केही आम्दानी भएता पनि सो आम्दानीका रूपमारहेको छ ।

तालिका ५ : प्रतावित खोलाको किनारमा थुपारेको गिट्टि वालुवा तथा ढुङ्गा उत्खनन

क्र.सं.	खोलाको नाम	सङ्कलन/उत्खनन गर्न सकिने परिणाम (घ.मि.)	नदिजन्य पदार्थ	कैफियत
१	लोहोरे खोला	१५८९९.२	गिट्टि वालुवा तथा ढुङ्गा	
२	छामघाट खोला	२०६८९.९	गिट्टि वालुवा तथा ढुङ्गा	
	जम्मा	३६५८१.१०		

नारायण नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वनहरुको संक्षिप्त विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ६ : नारायण न.पा. भित्रका सामुदायिक वन तथा उपभोक्ता समुह

क्र.सं.	सामुदायिक वनको नाम	ठेगाना
१	सिद्धथान सामुदायिक वन	ना.न.पा. ३ ४ र खरिगैरा ९
२	वर्खालेपानी सामुदायिक वन	ना.न.पा. ६
३	तामाखानी सामुदायिक वन	ना.न.पा.३

क्र.सं.	सामुदायिक वनको नाम	ठेगाना
४	कुसाँडा सामुदायिक वन	ना.न.पा. २
५	नाउलापखेरा सामुदायिक वन	ना.न.पा. ६
६	किमुगाउ सामुदायिक वन	ना.न.पा. ७ र ८
८	भालेडाँडा सामुदायिक वन	ना.न.पा. ९
९	ज्वामुने भट्टेरी सामुदायिक वन	ना.न.पा. ९
१०	भैसीखोर सामुदायिक वन	ना.न.पा. ५
११	मालिका चौर सामुदायिक वन	ना.न.पा. ५
१२	भुवाखाडा सामुदायिक वन	ना.न.पा. ४
१३	घैयावारी सामुदायिक वन	ना.न.पा. ६ र ७
१४	श्रीस्थान महिला सामुदायिक वन	ना.न.पा. १
१५	फलेनी महिला सामुदायिक वन	ना.न.पा. १
१६	कुण्टाखोला सामुदायिक वन	ना.न.पा. ९
१७	घलायखोरिया सामुदायिक वन	ना.न.पा. १
१८	माल्लीसल्लेरी सामुदायिक वन	ना.न.पा. २
१९	जलजले कोलडाँडा सामुदायिक वन	ना.न.पा. ७
२०	विरीया नाउला सामुदायिक वन	ना.न.पा. ३ र ६
२१	भैरव सामुदायिक वन	ना.न.पा. ७
२२	रानीवन सामुदायिक वन	ना.न.पा. ४
२३	विसाउना सामुदायिक वन	ना.न.पा. ९
२४	देउतीथान सामुदायिक वन	ना.न.पा. २
२५	रानिवन राउटेडाँडा सामुदायिक वन	ना.न.पा. ४ र ५
२६	अरिले सामुदायिक वन	ना.न.पा. ३
२७	सिमाडीकोट सामुदायिक वन	ना.न.पा. ८
२८	महाबुस्थान सामुदायिक वन	ना.न.पा. ४
२९	सुनडाडाँ सामुदायिक वन	ना.न.पा. ४
३०	धैरेनी सामुदायिक वन	ना.न.पा. ४
३१	देवि वज्यै सामुदायिक वन	ना.न.पा. ५ र ७
३२	राटामाटा महिला सामुदायिक वन	ना.न.पा. ७
३३	छहरे ज्यामुने सामुदायिक वन	ना.न.पा. ९
३४	चिउरी भिर सामुदायिक वन	ना.न.पा. ९
३५	रानिवन सामुदायिक वन	ना.न.पा. ७
३६	सरस्वती युवा सामुदायिक वन	ना.न.पा. १ ७ ८ र ९
३७	स्याल्ले खोला सामुदायिक वन	ना.न.पा. २
३८	सालतडा सामुदायिक वन	ना.न.पा. ९
३९	फुलवारी सामुदायिक वन	ना.न.पा. ६
४०	उदाउदो सुर्य सामुदायिक वन	ना.न.पा. ३

क्र.सं.	सामुदायिक वनको नाम	ठेगाना
४१	विपध झिल्के सामुदायिक वन	ना.न.पा. ५
४२	कपासेडाँडा सामुदायिक वन	ना.न.पा. ३ र ५
४३	बाविराचौर सामुदायिक वन	ना.न.पा. ८ र ९
४४	जौवारी पाटाचौर सामुदायिक वन	भवानी १ र २
४५	आरेखोला भगेरी सामुदायिक वन	भवानी ५
४६	लैटे सामुदायिक वन	ना.न.पा. ४

परिच्छेद तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा नेपालको संविधान, स्थानीय सरकार ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नगरपालिकाको राजस्व अधिकार र नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भावना, समस्या तथा चुनौतिहरूलाई शीर्षकगत रूपमा विश्लेषण गरिएको छ। यस विश्लेषणबाट नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भावना र पहिचानमा सुधार गर्न यस राजस्व सुधार कार्ययोजनाले महत्वपूर्ण सहयोग गर्ने विश्वास गरिएको छ।

३.१ पृष्ठभूमि

स्थानीय तहलाई संविधानले निश्चित स्रोतमा राजस्व लगाउने तथा उठाउने अधिकार प्रदान गरेको छ। यी राजस्वका स्रोतहरू कर र गैरकर प्रकृतिका छन्। कर राजस्वअन्तर्गत नगरपालिकाबाट उपभोग मापन गर्न नसकिने सेवा तथा सुविधाहरू (सार्वजनिक वस्तुहरू) उपलब्ध गराउनको लागि जुटाइने रकमहरू पर्दछन् भने गैरकर राजस्वअन्तर्गत नियमन गरिदिएबापत लिइने दस्तुर, उपभोग मापन गर्न सकिने निजी वस्तुहरूमा सेवा उपलब्ध गराए बापत लिइने सेवा शुल्क र उपयोगी वस्तु (युटिलिटी) उपयोगको आधारमा लिइने महसुल जस्ता स्रोतहरू पर्दछन्।

करका आधारहरू मुख्यतः तीन किसिमका हुन्छन्। भूमिकर (मालपोत) तथा घरजग्गा कर आर्जन गरेको सम्पत्तिका आधारमा उक्त सम्पत्तिको स्वामित्व ग्रहण गर्नेले नियमानुसार नगरपालिकालाई सम्पत्ति कर तिर्नु पर्दछ। नगरपालिका क्षेत्रभित्र घरजग्गा बहाल लगाई आम्दानी गर्ने करदाताले नगरपालिकालाई आम्दानी गरेको आधारमा बहाल कर तिर्नु पर्दछ। मनोरञ्जन कर, विज्ञापन कर, सवारी साधन कर र व्यवसाय करहरू वस्तु तथा सेवामा आधारित हुने गर्दछ। यस्ता वस्तुहरूको सेवा लिएबापत सेवाग्राहीले नगरपालिकालाई कर तिर्नु पर्दछ। नगरपालिकाले आर्थिक ऐन तर्जुमा तथा कार्यान्वयन गर्दा निम्नानुसारका कर राजस्वसम्बन्धी सर्वमान्य सिद्धान्तलाई ध्यानमा राख्नु पर्दछ।

(क) कर तिर्न सक्ने क्षमताको आधारमा।
(ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी।
(ग) सरल, पारदर्शी र मितव्ययी हुनेगरी।
(घ) नागरिकलाई सुविधा हुने किसिमबाट।
(ङ) स्वेच्छिक रूपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर ।
(च) करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गरेर ।
(छ) पश्चातदर्शी असर नपर्ने गरेर।

नगरपालिकाले गैरकर राजस्व लगाउँदा र उठाउँदा उपलब्ध गराउने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाउनु तथा उठाउनु पर्दछ।

३.२ स्थानीय तहको राजस्व अधिकारसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधानको अनुसूची ८ ले स्थानीय तहलाई विभिन्न किसिमका वित्तीय तथा राजस्वसम्बन्धी अधिकार र अनुसूची ९ ले तीनै तहका सरकारको साझा अधिकार प्रदान गरेको छ। साथै, संविधानको अनुसूची ६ मा प्रदेश सरकारको एकल वित्तीय अधिकार क्षेत्र र अनुसूची ५ मा सङ्घीय सरकारका कर तथा गैर कर राजस्वको व्यवस्था रहेको छ। कुनैपनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरेअनुसार हुने व्यवस्थासमेत संविधानले गरेको छ। नेपालको संविधानअनुसार

तीन तहको सरकारको राजस्वसम्बन्धी एकल तथा साझा अधिकारहरू निम्नानुसार तालिका ७ मा प्रस्तुत गरिएको छ ।

तालिका ७ : तहगत राजस्व अधिकार

एकल अधिकार			साझा अधिकार
सङ्घ	**प्रदेश**	**स्थानीय**	**तीन तहको साझा**
• भन्सार • अन्तःशुल्क • मूल्य अभिवृद्धि कर • संस्थागत आयकर • व्यक्तिगत आयकर • पारिश्रमिक कर • राहदानी शुल्क • भिसा शुल्क • पर्यटन दस्तुर • सेवा शुल्क दस्तुर • दण्ड जरिबाना	• घरजग्गा रजिष्ट्रेसन शुल्क, • सवारी साधन कर • मनोरञ्जन कर • विज्ञापन कर • पर्यटन शुल्क • कृषि आयमा कर • सेवा शुल्क दस्तुर • दण्ड जरिवाना	• सम्पत्ति कर • घर जग्गा रजिष्ट्रेसन शुल्क • भूमिकर (मालपोत) • घर जग्गा बहाल कर • सवारी साधन कर • व्यवसाय कर • विज्ञापन कर • मनोरञ्जन कर • पर्यटन शुल्क • सेवा शुल्क दस्तुर • दण्ड जरिवाना • मालपोत सङ्कलन	• सेवा शुल्क, दस्तुर • दण्ड जरिवाना • प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी • पर्यटन शुल्क

स्रोत: नेपालको संविधान

नोटः सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क*, मनोरञ्जन कर, विज्ञापन कर र पर्यटन शुल्क प्रदेश र स्थानीय तहका बीच बाँडफाँट हुन्छ।*

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको मान्यताअनुरूप प्रदेश सरकार र स्थानीय सरकारका एकल अधिकार क्रमशः अनुसूची ६ र ८ मा दोहोरो पर्न गएका घरजग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करबाट प्राप्त आयलाई एउटा तहको सरकारले उठाई आपसमा बाँडफाँट गर्ने व्यवस्था मिलाएको छ। कुन तहले दर निर्धारण गर्ने, कुन तहले सङ्कलन गर्ने र राजस्व बाँडफाँट कुन अनुपातमा गर्ने भन्ने व्यवस्था सो ऐनले गरेको छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार तीन तहको सरकारको राजस्वको एकल प्रशासन र राजस्व बाँडफाँटसम्बन्धी व्यवस्था निम्नानुसार तालिका ८ मा प्रस्तुत गरिएको छ।

तालिका ८ः एकल कर प्रशासन र राजस्व बाँडफाँट सम्बन्धी व्यवस्था

करका क्षेत्रहरू	कर निर्धारण गर्ने	कर सङ्कलन गर्ने तह	राजस्व बाँडफाँट (प्रतिशतमा)	
			प्रदेश	स्थानीय तह
सवारी साधन कर	प्रदेश	प्रदेश	६०	४०
घरजग्गा रजिष्ट्रेसन शुल्क,	प्रदेश	स्थानीय तह (हाल नेपाल सरकारले तोकेबमोजिम मालपोत कार्यालय)	४०	६०
मनोरञ्जन कर	प्रदेश	स्थानीय तह	४०	६०
विज्ञापन कर	स्थानीय तह	स्थानीय तह	४०	६०

स्रोतः अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँटको व्यवस्था छ। सो व्यवस्था अनुसार नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच सङ्घीय कानूनबमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नु पर्दछ। जस अनुसार पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत नेपाल सरकारले, २५ प्रतिशत रकम सम्बन्धित प्रदेशले र २५ प्रतिशत रकम स्थानीय तहलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था गरेको छ। तीन तहबीचमा बाँडफाँट हुने रोयल्टीसम्बन्धी शीर्षकगत विवरण तल तालिका ९ मा प्रस्तुत गरिएको छ।

तालिका ९: प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटसम्बन्धी व्यवस्था (प्रतिशतमा)

क्र.सं.	रोयल्टीको शीर्षक	नेपाल सरकार	सम्बन्धित प्रदेश	सम्बन्धित स्थानीय तह
१	पर्वतारोहण	५०	२५	२५
२	विद्युत	५०	२५	२५
३	वन	५०	२५	२५
४	खानी तथा खनिज	५०	२५	२५
५	पानी तथा अन्य प्राकृतिक स्रोत	५०	२५	२५

स्रोतः अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दफा ४ ।

<u>द्रष्टव्यः</u>

(१) नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट तथा वितरण गर्नेछ।

(२) यस अनुसूचीबमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई गरिने प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्नेछ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादन तर्फको अन्तशुल्कबापत प्राप्त रकमको ७० प्रतिशत नेपाल सरकारले, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहले पाउने व्यवस्था गरेको छ। शीर्षकगत तीन तहबीचमा बाँडफाँट हुने राजस्वसम्बन्धी विवरण तालिका १० मा प्रस्तुत गरिएको छ।

तालिका १० : राजस्व बाँडफाँटसम्बन्धी व्यवस्था (प्रतिशतमा)

क्र.सं.	राजस्व शीर्षक	दर निर्धारण र सङ्कलन	नेपाल सरकार	सम्बन्धित प्रदेश	सम्बन्धित स्थानीय तह
१	मूल्य अभिवृद्धि कर	नेपाल सरकार	७०	१५	१५
२	अन्तः शुल्क	नेपाल सरकार	७०	१५	१५

स्रोतः अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दफा ६ ।

३.३ स्थानीय तहको राजस्व अधिकारको शीर्षकगत व्यवस्था

स्थानीय तहको राजस्वसम्बन्धी एकल तथा साझा अधिकारहरूको शीर्षकगत व्यवस्था निम्नानुसार गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तब्य र

अधिकारसम्बन्धी उपदफा (२) घ. मा स्थानीय कर, सेवा शुल्क तथा दस्तुरअन्तर्गत निम्नअनुसारका प्रावधान रहेका छन्ः

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमि कर (मालपोत), मनोरञ्जन करसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन

(३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, र्‍याफ्टिङ, मोटरबोट, केवलकार सेवालगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

(४) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन

(५) स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्धन,

(६) ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठदाउरा, जराजुरी, स्लेट खरीढुङ्गा आदि प्राकृतिक वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन

(७) प्रचलित कानूनबमोजिम गर्ने सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र सङ्कलन,

(८) स्थानीय राजस्व प्रवर्धनका लागि प्रोत्साहन,

(९) राजस्व सूचना तथा तथ्याङ्कको आदानप्रदान,

(१०) सङ्घीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रणसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुरसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(१२) मालपोत सङ्कलन,

(१३) कर तथा सेवा शुल्कसम्बन्धी अन्य कार्य।

सोही दफा अन्तर्गत उपदफा (४) घ. मा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना, तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्कसम्बन्धी देहायअनुसारको व्यवस्था रहेको छः

(१) स्थानीय सेवाशुल्क, दस्तुर, दण्डजरिवानासम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२) प्राकृतिक स्रोतसाधन र सेवाशुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमन,

(३) खनिज पदार्थको उत्खनन् र सोसम्बन्धी रोयल्टी सङ्कलन,

(४) सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन,

(५) पानीघट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा गाउँ/नगरपालिकाको वित्तीय अधिकार क्षेत्रमा नगरपालिकाको राजस्वसम्बन्धी निम्न प्रावधानहरू रहेका छन्।

नगरपालिकाको एकल अधिकारः

(१) सम्पत्ति कर (स्थानीय तहको एकल अधिकार)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउनेछ। (२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा दफा ५६ बमोजिम भूमिकर (मालपोत) लगाउनु पर्नेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि “घरले चर्चेको जग्गा” भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र

अधिकतम् सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनु पर्छ।

(३) उपदफा (१) को प्रयोजनको लागि घर र घरजग्गाको मूल्याङ्कन देहायको आधारमा गर्नु पर्नेछः

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तिको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था।

(४) उपदफा (१) बमोजिम घर र घरजग्गाको सम्पत्ति करको र निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताको आधारमा गर्नु पर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लगाउन पाईने छैनः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पताको घर र घरजग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको घर र जग्गा,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका सङ्घसंस्थाको घर र घरजग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रङ्गशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,

(ज) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा।

(२) भूमिकर (मालपोत) (स्थानीय तहको एकल अधिकार)

नगरपालिकाले आफ्नो क्षेत्रभित्रको दफा ५५ बमोजिम सम्पत्ति कर लागेको घरजग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लगाउने छ (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५६) ।

(३) घरजग्गा बहाल कर (स्थानीय तहको एकल अधिकार)

नगरपालिकाको क्षेभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने छ (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७) ।

(४) व्यवसाय कर (स्थानीय तहको एकल अधिकार)

नगरपालिकाको आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय, वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने छ (स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दफा ५८) ।

(५) पार्किङ्ग शुल्क (स्थानीय तहको एकल अधिकार)

नगरपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराएबापत पार्किङ्ग शुल्क लगाउन सक्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६०) ले गरेको छ ।

(६) जडीबुटी, कवाडी र जीवजन्तु कर (एकल अधिकार)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को घ. (४) अनुसार नगरपालिकाले जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन गर्न सक्ने व्यवस्था गरेको छ।

नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीवुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानूनबमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरेबापत नगरपालिकाले जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाउने प्रवन्ध स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ ले गरेको छ।

(७) सवारी साधन कर (प्रदेश र स्थानीय तहवीचको साझा अधिकार)

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को उपदफा १ को खण्ड (क) अनुसार सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने छ। तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर लगाउने र उठाउने काम स्थानीय सरकारले गर्नेछ। यसका अतिरिक्त ऐनको दफा ६ (क) अनुसार प्रदेशले लगाएको र उठाएको सवारी साधन करबापतको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने, त्यसरी जम्मा भएको रकममध्ये ६० प्रतिशत प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था छ।

(८) विज्ञापन कर (प्रदेश र स्थानीय तहवीचको साझा अधिकार)

विज्ञापन (नियमन) गर्ने ऐन, २०७६ अनुसार "विज्ञापन" भन्नाले कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको बारेमा छापा, विद्युतीय माध्यम, अनलाइन, सामाजिक सञ्जाल, होडिङ्ग बोर्ड, बेलुन वा कुनै संरचना लगायतका माध्यमबाट सार्वजनिकरूपमा प्रचारप्रसार गरिएको वा प्रचारप्रसार गर्ने उद्देश्यले तयार गरिएका शब्द, वाक्य, चित्र, तस्विर, सङ्केत, पोष्टर, पर्चा, प्रकाश, चिन्ह, संरचना वा जुनसुकै किसिमको श्रव्य, दृश्य वा श्रव्यदृश्य सम्झनु पर्छ (दफा २ को ङ)।

"होर्डिङ्ग बोर्ड" भन्नाले विज्ञापन प्रदर्शनको लागि राखिएको वा राखिने साधन सम्झनु पर्छ र सो शब्दले डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एलसीडी बोर्ड, लिड बोर्ड, रोलर बोर्ड, ग्लो बोर्ड, नियोन साइन, प्रोजेक्टर, स्टल डिस्प्ले वा यस्तै अन्य प्रविधि वा प्रकारका बाह्य विज्ञापनको साधनलाई समेत जनाउँछ (दफा २ को छ)।

सार्वजनिक स्थलबाट देखिने गरी होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहबाट अनुमतिपत्र लिनु पर्नेछ (दफा ४)।

होर्डिङ्ग बोर्ड वा प्रचलित कानूनबमोजिम स्थानीय तहबाट अनुमति प्राप्त गरी स्थानीय स्तरमा सञ्चालन भएका छापा वा विद्युतीय सञ्चार माध्यमबाट हुने वा भएका विज्ञापनमा यस ऐन तथा प्रचलित कानूनबमोजिमको मापदण्ड पुरा गरे नगरेको विषयको अनुगमन तथा नियमनको काम सम्बन्धित स्थानीय तहले गर्नेछ (दफा २४)।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को (१) (घ) बमोजिम विज्ञापन करको दर नगरपालिकाले लगाउने र उठाउने व्यवस्था गरेको छ भने सोही ऐनको दफा २ अनुसार विज्ञापन करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिकरूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ।

कर्णाली प्रदेशको आर्थिक ऐन, २०८१ मा प्रदेशमा विज्ञापन सामग्री राखेबापत लाग्ने विज्ञापन कर सम्बन्धित स्थानीय तहले स्थानीय कानूनबमोजिम लगाउने र उठाउने व्यवस्था रहेको छ। यसरी असुल भएको रकमलाई विभाज्य कोषमा राखी सोमध्ये ६० प्रतिशत सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नु पर्ने र बाँकी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेको छ।

(९) मनोरञ्जन कर (प्रदेश र स्थानीय तहबीचको साझा अधिकार)

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को (१) (ग) बमोजिम मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने व्यवस्था गरेको छ भने सोही दफाको उपदफा (२) अनुसार मनोरञ्जन करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिकरूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ।

कर्णाली प्रदेशको आर्थिक ऐन, २०८१ अनुसार प्रदेशभित्र सञ्चालित चलचित्र घर, खेलकूद प्रतियोगिता, फन पार्क, पार्क, स्वीमिङ पुल, डिजिटल टेलिभिजन, सांस्कृतिक कार्यक्रम, कन्सर्ट, नाटकघर, भिडियो घर, थियटर वा मेलामहोत्सव लगायतका मनोरञ्जन स्थल र क्रियाकलापमा मनोरञ्जन कर लगाई असुल गर्ने व्यवस्था छ। मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन व्यवसाय सञ्चालक वा धनीले कर उठाएको महिनाभन्दा पछिको महिनाको २५ गतेभित्र सम्बन्धित स्थानीय तहमा जम्मा गर्नुपर्ने, यस करको प्रशासन सम्बन्धित स्थानीय तहले गर्नुपर्ने र असुल भएको रकमलाई विभाज्य कोषमा जम्मा गरी सोमध्ये ६० प्रतिशत सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गरी बाँकी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ।

(१०) अन्य कर

माथि उल्लेख भएकाबाहेक भैपरी रूपमा आउन सक्ने करहरूलाई अन्य करअन्तर्गत आम्दानी गरिन्छ।

(११) बिक्री गर्न सक्ने (एकल अधिकार/साझा अधिकार)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नदीजन्य वस्तु सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन तथा बिक्री सम्वन्धमा निम्नानुसारको व्यवस्था गरेको छ।

(क) ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन (दफा ११ (२) को प को ७)

(ख) नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक बातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्नेछ (दफा ६२ क. को १)। उपदफा १ बमोजिम बिक्रीबापत प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ (दफा ६२ क. को ३, केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७५ द्वारा थप)।

तर, नेपाल सरकार मन्त्रिपरिषद्द्वारा जारी गरेको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन, २०७९) ले यस सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ।

(क) ढुङ्गा, गिट्टी तथा बालुवा आदिको सङ्कलन, स्थानान्तरण तथा बिक्रीसम्बन्धी कार्य सम्बन्धित गाउँपालिका वा नगरपालिकाले ठेक्का बन्दोवस्त वा अन्य उपयुक्त व्यवस्था गरी गर्न सक्नेछ ।

(ख) तर राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको ढुङ्गा, गिट्टी तथा बालुवा तथा माटोजन्य पदार्थको उत्खनन तथा सङ्कलनसम्बन्धी व्यवस्था प्रचलित सङ्घीय कानूनबमोजिम हुनेछ। वन तथा चुरेक्षेत्रबाट सामान्यतया ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् गरिने छैन ।

(ग) तर राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमतिमा र स्वीकृत मापदण्डअनुसार वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित विधिअनुसार सम्बन्धित नगरपालिकाले प्रचलित कानून तथा मापदण्ड बमोजिम ठेक्का बन्दोवस्त गर्नु पर्नेछ ।

(घ) नगरपालिकाले यस मापदण्ड बमोजिम साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवम्

अनुमति वा नविकरण शुल्क वा करबाट सङ्कलित राजस्वमध्ये ६० प्रतिशत रकम सम्बन्धित नगरपालिका र बाँकी ४० प्रतिशत रकम प्रदेश सरकारको सञ्चित कोषमा जम्मा हुनेगरी बाँडफाँट गर्नु पर्नेछ।

यसैगरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदन, २०७७ ले ढुङ्गा, गिट्टी तथा बालुवा आदिको सङ्कलन, स्थानान्तरण तथा बिक्री सम्बन्धमा निम्नानुसार सिफारिस गरेको छ।

(१) ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) सम्बन्धी स्रोतको परिचालन, व्यवस्थापन, अनुगमन, नियन्त्रण, निर्देशन एवम् नियमन गर्ने सम्बन्धमा सङ्घीय संरचना बमोजिमका तीनओटै तहका सरकारको संलग्नतामा यसको सञ्चालन, व्यवस्थापन र नियमन गर्ने गरी कानुनी बन्दोवस्त गरिनुपर्दछ।

(२) नेपाल सरकारले स्वीकृत गरी जारी गरेको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ ले यसरी ठेक्का लगाउँदा वा यदाकदा आफैंले सङ्कलन गरेको ढुङ्गा, गिट्टी, बालुवाबाट उठेको राजस्व को ६० प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला हुने र बाँकी ४० प्रतिशत सम्बन्धित प्रदेश सरकारको खातामा जम्मा गर्ने व्यवस्था गरेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, २०७८ को प्रतिवेदन अनुसार यो व्यवस्था सङ्घीय कानूनसँग बाझिन गई प्रदेश तथा स्थानीय तहबीच राजस्व बाँडफाँटमा विवाद सिर्जना भएको छ। साथै, स्थानीय तहले आफ्नो सञ्चित कोषमा जम्मा गरेको रकम बाँडफाँट गर्ने विषय प्रचलित राजस्व बाँडफाँटका मान्यतासँग समेत मेल खाँदैन। तसर्थ यस सन्दर्भमा खानीजन्य र नदीजन्य पदार्थलाई परिभाषित गरी विवादहरूको दिगो समाधानमा जोड दिनु पर्दछ।

(१२) बहालबिटौरी शुल्क (स्थानीय तहको एकल अधिकार)

नगरपालिकाको आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोगबापत बहालबिटौरी शुल्क लगाउने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ मा रहेको छ।

(१३) नक्सापास दस्तुर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ (१) अनुसार कसैले पनि नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न पाईंदैन। तर, नगरपालिकाले तोकेको क्षेत्र र संरचनाको हकमा नक्सा पास नगराई पनि भवन निर्माण गर्न बाधा पर्ने छैन। साथै सोही उपदफा (३) मा नगरपालिकाको पूर्वस्वीकृति नलिई भवनका लागि जग्गाको खण्डीकरण वा प्लटिङ गर्न नपाइने व्यवस्थासमेत रहेको छ।

(१४) व्यवसाय दर्ता/नवीकरण शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) ञ (६) मा स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमनको अधिकार स्थानीय तहलाई रहेको छ।

(१५) पार्किङ्ग शुल्क (स्थानीय तहको एकल अधिकार)

नगरपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराएबापत पार्किङ्ग शुल्क लगाउन सक्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६० ले गरेको छ।

(१६) सेवा शुल्क (स्थानीय तहको एकल अधिकार)

नगरपालिकाको आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लायर, र्‍याफ्टिङ, प्याराग्लाईडिङलगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को (१) ले व्यवस्था गरेको छ।

(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को (२) अनुसार नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरेबापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवाशुल्क लगाउन सक्नेछ ।

(क) खानेपानी, बिजुली, धारा, अतिथिगृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवासुविधा

(ख) फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवासुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडीपोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रबास (होस्टेल), हाटबजार, पशु वधशाला, शवदाह गृह, धोवीघाट, र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बसपार्क, ढल, पुल, बत्ती जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कनसम्बन्धी सेवा,

(च) सिफारिससम्बन्धी कुनै सेवा।

माथि उपदफा (१) र (२) मा उल्लिखित सेवा सुविधा उपलब्ध गराउने वा त्यस्तो सेवासुविधा उपयोग गरेबापत लाग्ने सेवाशुल्क उठाउने कार्य आफैं वा व्यवस्थापन करार वा निजी क्षेत्रमार्फत गराउन सक्ने कानुनी प्रावधान स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को (३) ले गरेको छ।

(१७) सामुदायिक वनबाट आय प्राप्त गर्न सक्ने (एकल अधिकार)

(१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।(२) उपदफा (१) बमोजिम वनपैदावारको बिक्रीबापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ (दफा ६२ ख.)।

यसैगरी वन ऐन, २०७६ को दफा १८ (५) मा सामुदायिक वन उपभोक्ता समूहले समूहको चाहना र आवश्यकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समूहले सम्बन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वनको कार्ययोजना बनाउन वा आवश्यकता अनुसार संशोधन गर्न सक्ने प्रावधान रहेको छ।यसैगरी सोही ऐनको दफा २२ मा सामुदायिक उपभोक्ता समूहले कार्ययोजनाबमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण, व्यवस्थापन कार्यमा खर्चगरी बाँकी रहेको रकमको कम्तिमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ र बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिने उल्लेख छ।

वन नियमावली, २०७९ को नियम ४५ मा सामुदायिक वन उपभोक्ता समूहले आफ्नो समूहको दर्ता तथा कार्यक्रम सञ्चालनसम्बन्धी कागजातसहित सम्बन्धित स्थानीय तहमा अभिलेख राख्नुपर्ने व्यवस्था छ।उक्त समूहले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वर्षभरि गरेका क्रियाकलापको विवरणसहितको वार्षिक प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदनसमेत स्थानीय तहमा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ।साथै स्थानीय तहले सामुदायिक वन उपभोक्ता समूहको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने तथा प्रचलित कानूनबमोजिम आवश्यक सहयोग र सहजीकरण गर्नुपर्ने व्यवस्थासमेत गरेको छ।

(१८) घरजग्गा रजिष्ट्रेसन शुल्क (प्रदेश र स्थानीय तहबीचको साझा अधिकार)

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ उपदफा (१) मा प्रदेश र स्थानीय तह दुबैको एकल अधिकार सूचीमा रहेका करहरूलाई एकल कर प्रशासन मार्फत लगाउने र उठाउने व्यवस्था गरेको छ।सोही

दफा एवम् उपदफाको खण्ड (ख) ले घरजग्गा रजिष्ट्रेसन शुल्कको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने प्रबन्ध गरेको छ। सोही दफाको उपदफा (२) अनुसार यसरी प्रदेशले लगाएको घरजग्गा रजिष्ट्रेसन शुल्कको दरबमोजिम असूल गरिएको राजस्व को ६० प्रतिशत स्थानीय सञ्चित कोष र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ।

(१९) सङ्घ, संस्था दर्ता तथा नवीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) (ठ) को १ अनुसार नगरपालिकाले सङ्घसंस्था परिचालनसम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने तथा (२) अनुसार स्थानीय स्तरका सङ्घसंस्थाको दर्ता तथा नवीकरण गर्न सक्ने व्यवस्था गरेको छ।

(२०) लघु, घरेलु तथा साना उद्योग

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (५) को (घ) अनुसार नगरपालिकाले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्धन र व्यवस्थापन गर्ने र उद्यमशीलताको विकास र प्रवर्द्धन गर्ने थप व्यवस्था गरेको छ।

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६१ मा स्थानीय तहले उद्योग प्रशासन सम्बन्धी कार्य गर्नसक्ने व्यवस्था रहेको छ। सो दफामा लघु उद्यम तथा प्रदेश कानूनमा तोकिएबमोजिमको रकमसम्म स्थिर पूँजी भएका घरेलु तथा साना उद्योगको दर्ता, प्रशासन तथा नियमनसम्बन्धी कार्य सङ्घीय तथा प्रदेश कानूनमा व्यवस्था भएबमोजिम स्थानीय तहले गर्न सक्नेछ भन्ने उल्लेख छ। सोहि ऐनको दफा ४३ को उपदफा (११) मा उक्त दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश तथा स्थानीय तहबाट दर्ता तथा नियमन हुने उद्योगलाई जरिवाना तथा कारबाही गर्नेसम्बन्धी व्यवस्था सम्बन्धित प्रदेश वा स्थानीय कानूनले निर्धारण गरेबमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ।

(२१) सार्वजनिक जग्गामा वन विकास तथा सहरी वनसम्बन्धी व्यवस्था

वन ऐन, २०७६ को दफा ३७ तथा वन नियमावली, २०७९ को नियम ८४ मा स्थानीय तहले वन क्षेत्रबाहेकका सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन गर्न, गराउन सक्ने व्यवस्था छ । उक्त सार्वजनिक जग्गामा रहेको वनपैदावार बिक्रीवितरणबाट प्राप्त रकम मध्ये २५ प्रतिशत वन विकासमा लगानी गरी बाँकी रकम स्थानीय तह र उपभोक्ता समूहबीच भएको सम्झौताबमोजिम बाँडफाँट गर्नुपर्ने व्यवस्था रहेको छ।

साथै, सोही ऐनको दफा ३८ तथा नियमावलीको नियम ८६ मा स्थानीय तहको आफ्नो क्षेत्राधिकारको सहरभित्र पर्ने राष्ट्रिय वनबाहेकको सरकारी, सार्वजनिक वा कुनै सङ्घसंस्थाको स्वामित्वमा रहेको खाली जग्गा, खुला चौर, पर्ती जग्गा, सडककिनार, नहरकिनार, नदी तथा तालतलैयाको किनार, सांस्कृतिक तथा धार्मिक क्षेत्र एवम् खेलमैदान वरिपरी रहेको जग्गामा सहरी वनको स्थापना, विकास र व्यवस्थापन गर्नेसम्बन्धी व्यवस्था रहेको छ। यस नियमका उपनियमका व्यवस्था बमोजिम सहरी वन व्यवस्थापन गर्दा स्थानीय तहलाई प्राप्त हुने रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था उल्लेख छ।

यसरी स्थानीय तहले वनक्षेत्रबाहेकका सार्वजनिक तथा सरकारी जग्गामा नियमानुसार वन विकास र व्यवस्थापन गरी पर्यापर्यटन तथा वनपैदावार बिक्री वितरण गरी आय आर्जन गर्न सक्ने व्यवस्था गरेको छ।

(२२) पर्यटन शुल्क

नेपाल सरकारबाट हस्तान्तरण भई आएका र प्रदेश सरकारले तोकेका प्रदेश अन्तर्गतका वनक्षेत्रभित्र पर्ने पर्यटन स्थल, पर्यटकीय पदमार्ग, पर्यटकीय हवाई चार्टर्ड उडान, तालतलैया, गुफा, धार्मिकस्थल तथा प्रदेशभित्रका

पुरातात्विक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक स्थल, सङ्ग्रहालय, पार्क, रक क्लाइम्बिङ्ग, बञ्जिजम्पिङ्ग, न्याफ्टिङ्ग, क्यानोनिङ्ग, जिपफ्लायर, अल्ट्रालाइट, प्याराग्लाइडिङ्ग, केवल कार, पिकनिक स्थल, भ्यू टावर, ट्रेकिङ तथा ट्राभल एजेन्सी, क्यूरियो तथा पर्यटकीय सामग्री बिक्रीवितरण गर्ने व्यवसाय जस्ता पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापहरूमा पर्यटन शुल्क लगाई असुल उपर गर्ने व्यवस्था गरेको छ।

३.४ स्थानीय तहको ऋणसम्बन्धी व्यवस्था

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ र १५ मा स्थानीय तहको ऋण सम्बन्धमा देहायअनुसारको व्यवस्था रहेको छ। साथै, उक्त व्यवस्था बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रत्येक वर्षका लागि ऋण लिन सक्ने सीमा नेपाल सरकारलाई सिफारिस गर्नेसमेत गर्दछ।

- ✓ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही नेपाल सरकारको सहमतिमा आन्तरिक ऋण लिन सक्ने व्यवस्था (योजनाको प्रतिफल र उपलब्धिका आधारमा) गरेको छ (दफा १४) ।
- ✓ नेपाल सरकारले ऋण दिन सक्नेः यदि नेपाल सरकारबाट प्राप्त ऋण प्रदेश वा स्थानीय तहले सम्झौता बमोजिम उल्लिखित अवधिभित्र चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट त्यस्तो ऋण रकम असुल गर्न सक्ने व्यवस्था गरेको छ (दफा १५) ।
- ✓ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र स्थानीय तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउने सिफारिस गरेको छ।

३.५ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

नगरपालिकाको विगत तीन आर्थिक वर्षको कुल आयको अनुमान र यथार्थ सङ्कलनको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०७८/७९ को तुलनामा २०७९/८० मा ७ प्रतिशतले कुल राजस्व न्यून भएको छ भने २०७९/८० को तुलनामा २०८०/८१ मा २१ प्रतिशतले कुल राजस्व न्यून भएको छ। नगरपालिकाको विगत तीन आर्थिक वर्षको शीर्षकगत अनुमान र यथार्थ सङ्कलनको विवरण अनुसूची २ मा प्रस्तुत गरिएको छ।

तालिका ११ : कुल आयको वार्षिक अनुमान र यथार्थ सङ्कलन

आर्थिक वर्ष	अनुमान रु.	यथार्थ रु.	अनुमानको तुलनामा प्रगति (प्रतिशतमा)	वार्षिक वृद्धि (प्रतिशतमा)
२०७८/७९	७११४१८८८०	६८४४८०१३२	९६	
२०७९/८०	६८५१३१११९	६३७२००००८	९३	-७
२०८०/८१	५९८१२७४२९	५२४६६३१४१	८८	-२१

चित्र ३ : कुल आयको अनुमान र यथार्थ रकम रु.



नगरपालिकाको विगत तीन आर्थिक वर्षको आन्तरिक राजस्वको अनुमान र यथार्थ सङ्कलनको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०७८/७९ को तुलनामा २०७९/८० मा ४०६ प्रतिशतले आन्तरिक राजस्व न्यून भएको छ भने २०७९/८० को तुलनामा २०८०/८१ मा ७ प्रतिशतले कुल राजस्व न्यून भएको छ। नगरपालिकाको तीन आर्थिक वर्षको शीर्षकगत अनुमान र यथार्थ सङ्कलनको विवरण अनुसूची २ मा प्रस्तुत गरिएको छ।

तालिका १२: आन्तरिक आयको वार्षिक अनुमान र यथार्थ सङ्कलन

आर्थिक वर्ष	अनुमान	यथार्थ	अनुमानको तुलनामा प्रगति	वार्षिक वृद्धि (प्रतिशतमा)
२०७८/७९	६३१६६०००	४९८०१५८०	७९	
२०७९/८०	१५००००००	९८३४३७८	६६	-४०६
२०८०/८१	१५२५८०६०	९१९८७८७	६०	-७

आन्तरिक राजस्वको वार्षिक अनुमान र यथार्थ सङ्कलनको अवस्था तल चित्रमा प्रस्तुत गरिएको छ। जसअनुसार आर्थिक वर्ष २०७८/७९ मा अनुमानको तुलनामा ९६ प्रतिशत सङ्कलन भएको थियो भने आर्थिक वर्ष २०८०/८१ मा ८८ प्रतिशत यथार्थ सङ्कलन भएको छ।

चित्र ४ : आन्तरिक राजस्व अनुमान र यथार्थ सङ्कलन रकम रु.



सङ्घीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छः

(क) एकल कर प्रशासनसम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने। तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिष्ट्रेसन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने।

(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने।

माथि (ख) (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिकरूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने।

- ✓ प्रदेश विभाज्य कोषमा जम्मा भएको ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने
- ✓ आयोगले निर्धारण गरेको आधार र ढाँचाबमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्ने
- ✓ प्रदेशले मासिकरूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

(ख) राजस्व बाँडफाँट

- ✓ नेपाल सरकारले सङ्कलन गरेको मुल्य अभिवृद्धि कर र अन्त:शुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने र आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने र स्थानीय सञ्चित कोषमा मासिकरूपमा प्राप्त हुने।

- ✓ प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत र प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिकरूपमा प्राप्त हुने

(ग) अनुदान

- ✓ वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- ✓ सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- ✓ समपूरक अनुदानः पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- ✓ विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि सङ्घ र प्रदेशबाट

(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण

- ✓ नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने।
- ✓ नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सीमाभित्र आन्तरिक ऋण लिन सक्ने।
- ✓ नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने।
- ✓ उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ। स्थानीय तहले कानुनमा उल्लेखबाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।
- ✓ कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने संवैधानिक व्यवस्था)
- ✓ कर नलाग्नेः कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामूहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामूहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र।
- ✓ सेवा शुल्क असुली कार्य आफैं वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने।

३.६ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

नगरपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ। यसले नगरपालिकामा सम्भावना भएका आयका शीर्षकहरूको सम्भाव्यता, सङ्कलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ। तालिका १३ आयका शीर्षक र सम्भावनाहरू प्रस्तुत गरिएको छ।

तालिका १३: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

क्र.स.	आय शीर्षकहरू	सम्भावनाको विवरण (छ/छैन)	दर निर्धारणको अवस्था (भएको/नभएको)	सङ्कलन (भएको/नभएको)	समस्याहरू के के छन?
क.	**करतर्फ**				
	भूमिकर (मालपोत)	छ	छ	छ	सबैलाई दायरामा ल्याउन नसकिएको साथै भूमिकर र सम्पत्ति कर एउटै
	सम्पत्ति कर	छ	छ	छ	

क्र.स.	आय शीर्षकहरू	सम्भावनाको विवरण (छ/छैन)	दर निर्धारणको अवस्था (भएको/नभएको)	सङ्कलन (भएको/नभएको)	समस्याहरू के के छन?
					शीर्षकमा सङ्कलन गर्ने गरेको।
	सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)	छ	छ	छ	सबैलाई दायरामा ल्याउन नसकिएको
	घरजग्गा बहाल कर	छ	छ	छ	सबैलाई दायरामा ल्याउन नसकिएको
	व्यवसाय कर	छ	छ	छ	सबैलाई दायरामा ल्याउन नसकिएको
	जडिबुटी, कवाडी र जीवजन्तु कर	छ	छ	छ	खोटो र कवाडीबाट केही आम्दानी भएको
	विज्ञापन कर	छ	छ	छ	नगन्य योगदान पुगेको
	मनोरञ्जन कर	छ	छ	छ	नगन्य योगदान पुगेको
ख.	**अन्य कर**				
	स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्री	छ	छ	छ	ठेक्का लगाउन कठिन हुने गरेको
	काठ, दाउरा, जराजुरी, दहत्तरबहत्तर बिक्री	छैन	छैन	छैन	
	वनपैदावर (सामुदायिक वनको) बिक्रीबापतको आय	छैन	छैन	छैन	
	नक्सापास दस्तुर	छ	छ	छ	सबैलाई दायरामा ल्याउन नसकिएको
	व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क	छ	छ	छ	
	बहालबिटौरी शुल्क	छैन	छैन	छैन	
	अस्पताल सञ्चालन	छैन	छैन	छैन	
	फोहरमैला व्यवस्थापन शुल्क	छ	छ	छ	नगरपालिका आफैंले सङ्कलन गर्ने गरेको
	स्थानीय खानेपानी महसुल	छैन	छैन	छैन	
	स्थानीय विद्युत महसुल	छैन	छैन	छैन	
	केवलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, बन्जीजम्प, जिपप्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा तथा ब्यवसायमा सेवाशुल्क	छैन	छैन	छैन	

क्र.स.	आय शीर्षकहरू	सम्भावनाको विवरण (छ/छैन)	दर निर्धारणको अवस्था (भएको/नभएको)	सङ्कलन (भएको/नभएको)	समस्याहरू के के छन?
	निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, बिजुली, धारा, अतिथिगृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायमशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, घोबिधाट, सडक, बसपार्क, पुल आदि।	छैन	छैन	छैन	एउटा पशु वधशाला रहेको तर करको दायरामा नआएको
	मूल्याङ्कन सेवा शुल्क	छ	छ	छ	
	दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म आदि)	छ	छ	छ	दायरा साधुरो रहेको
	ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क	छ	छ	छ	समयमा तोकिएको दर र परिमाणमा ठेक्का लगाउन नसकिनु।
	वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर	छ	छ	छ	
	दण्ड जरिवाना	छ	छ	छ	

तालिका १४: सुधारसम्बन्धी क्रियाकलापहरू

सुधारका क्रियाकलापहरू	लक्ष्य	समयावधी	जिम्मेवारी
क. राजस्वका स्रोतहरुको परिचालन तथा दर निर्धारणमा सुधार			
निजी क्षेत्रसँगको समन्वयमा घरजग्गा बहालकर र व्यवसाय करको दायरा विस्तारका लागि घुम्ति टोली परिचालन गरी दर्ता नवीकरण अभियान सञ्चालन गर्ने।		नियमितरूपमा	राजस्व शाखा

सुधारका क्रियाकलापहरू	लक्ष्य	समयावधी	जिम्मेवारी
ख. राजस्व परिचालन नीतिमा सुधार			
राजस्व सुधार कार्ययोजना बनाएर कार्यान्वयनमा लैजाने		२०८२ असार मसान्तभित्र	नगरकार्यपालिका
आर्थिक ऐनमा दण्ड र पुरस्कारको व्यवस्था गरी कार्यान्वयनमा ल्याउने		२०८२ असार मसान्तभित्र	नगरसभा
ग. कर, शुल्क तथा दस्तुरको दायरा र असुली प्रणालीमा सुधार			
सरोकारवाला निकायहरूसँग छलफल र अन्तरक्रिया गर्ने		अर्धवार्षिकरूपमा	नगरकार्यपालिका
करदाता सचेतना कार्यक्रम सञ्चालन गर्ने		अर्धवार्षिकरूपमा	राजस्व शाखा
घ. अनुगमन			
अनुगमन उपसमिति बनाई नियमित रूपमा अनुगमन गर्ने र प्रतिवेदनलाई कार्यान्वयनमा ल्याउने		चौमासिकरूपमा	उपसमिति र नगरकार्यपालिका

३.७ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

नारायण नगरपालिकाको कर तथा गैरकर राजस्वको सम्भावनाको विश्लेषण निम्नानुसार गरिएको छ।

(क) कर राजस्व

१. सम्पत्ति कर

यस नगरपालिकामा २०७८ को जनगणना अनुसार ६५०४ घरधुरी रहेको छ। सोहीअनुसार नगरपालिकालाई सम्पत्ति कर बुझाउने करदाताको अनुमान गरी वर्तमान कर दरका आधारमा राजस्व सम्भाव्यताको अनुमान तल गरिएको छ। जसअनुसार यस नगरपालिकाको वार्षिक रु. ८० लाख १४ हजार ५ सय ६५ सम्पत्ति कर असुल हुनसक्ने अनुमान गरिएको छ।

तालिका १५ : सम्पत्ति करको सम्भाव्यता विश्लेषण

क्र.स.	रकम रु. देखि	रकम रु. सम्म	कर रकम रु.	कुल करदाताको संख्या	सम्भाव्य कुल आय रु.	अनुमानित करदाता (प्रतिशत)
१.	१	१ लाख	७५	६५०	४८७५०	१०
२.	१ लाख १	२ लाख	१५०	९७५	१४६२५०	१५
३.	२ लाख १	३ लाख	२२५	१६२५	३६५६२५	२५
४.	३ लाख १	४ लाख	३००	५२०	१५६०००	८
५.	४ लाख १	५ लाख	३४५	३२५	११२१२५	५
६.	५ लाख १	६ लाख	३७५	३२५	१२१८७५	५
७.	६ लाख १	७ लाख	४५०	१३०	५८५००	२
८.	७ लाख १	८ लाख	५२५	१३०	६८२५०	२
९.	८ लाख १	९ लाख	५६३	१३०	७३१९०	२

क्र.स.	रकम रु. देखि	रकम रु. सम्म	कर रकम रु.	कुल करदाताको संख्या	सम्भाव्य कुल आय रु.	अनुमानित करदाता (प्रतिशत)
१०.	९ लाख १	१० लाख	६००	१३०	७८०००	२
११.	१० लाख १	१२ लाख	७५०	१३०	९७५००	२
१२.	१२ लाख १	१४ लाख	९००	१३०	११७०००	२
१३.	१४ लाख १	१६लाख	१०५०	१३०	१३६५००	२
१४.	१६ लाख १	१८ लाख	१२००	१३०	१५६०००	२
१५.	१८ लाख १	२० लाख	१३५०	१३०	१७५५००	२
१६.	२० लाख १	२२ लाख	१५००	१३०	१९५०००	२
१७.	२२ लाख १	२४ लाख	१६५०	६५	१०७२५०	१
१८.	२४ लाख १	२६ लाख	१९५०	६५	१२६७५०	१
१९.	२६ लाख १	२८ लाख	२१००	६५	१३६५००	१
२०.	२८ लाख १	३० लाख	२४००	६५	१५६०००	१
२१.	३० लाख १	३२ लाख	२७००	०	०	
२२.	३२ लाख १	३४ लाख	३०००	०	०	
२३.	३४ लाख १	३६ लाख	३६००	०	०	
२४.	३६ लाख १	३८ लाख	४२००	०	०	
२५.	३८ लाख १	४० लाख	४८००	०	०	
२६.	४० लाख १	४२ लाख	५४००	०	०	
२७.	४२ लाख १	४४ लाख	६०००	०	०	
२८.	४४ लाख १	४६ लाख	६६००	०	०	
२९.	४६ लाख १	४८ लाख	७२००	०	०	
३०.	४८ लाख १	५० लाख	७८००	०	०	
३१.	५००००01	६००००००	८४००	०	०	
३२.	६०००००१	७००००००	९०००	६५	५८५०००	१
३३.	७०००००१	८००००००	९६००	६५	६२४०००	१
३४.	८०००००१	९००००००	१०२००	६५	६६३०००	१
३५.	९०००००१	१००००००००	१०८००	३२५	३५१००००	५
३६.	१००००००१	१५००००००	११४००	०	०	
३७.	१५००००००१	२००००००००	१२०००	०	०	
३८.	२०००००००१	२५००००००	१२६००	०	०	
३९.	२५००००००१	३००००००००	१३२००	०	०	
४०.	३०००००००१	३५००००००	१३८००	०	०	
४१.	३५००००००१	४००००००००	१४४००	०	०	
४२.	४०००००००१	४५००००००	१५०००	०	०	
४३.	४५००००००१	५००००००००	१५७५०	०	०	
४४.	५०००००००१	१०००००००००	२२५००	०	०	
			जम्मा	६५००	८०१४५६५	१००

स्रोतः नारायण नगरपालिकाको आर्थिक ऐन, २०८१

<u>सम्पत्ति कर र मालपोत</u>

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ अनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउनेछ।
- सम्पत्ति कर लगाउँदा घर र सो **<u>घरले चर्चेको जग्गामा</u>** सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएको अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्नेछ।
- **घरले चर्चेको जग्गा** भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम् सो क्षेत्रफलल बराबरको थप जग्गासम्म सम्झनु पर्छ।

सुधार गर्नु पर्ने क्षेत्रहरूः

- ✓ सम्पत्ति कर तिर्ने करदाताहरूको सम्पत्तिको मूल्याङ्कन सहितको डाटावेस तयार गर्ने
- ✓ नगरपालिका भित्रका सम्पूर्ण घरधुरीहरूलाई सम्पत्ति करको दायराभित्र ल्याउन करशिक्षा कार्यक्रम सञ्चालन गर्ने।
- ✓ सम्पत्ति करसम्बन्धी आमजनताहरूलाई सञ्चारका विभिन्न माध्यमबाट सूचित गर्ने।
- ✓ नगरपालिकाले मालपोत कार्यालयसँग समन्वय गरी जग्गा धनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने।
- ✓ सुत्र सफ्टवेयरमा सम्पत्ती कर र भूमिकर/मालपोत करको छुट्टाछुट्टै आम्दानी बाध्ने व्यवस्था मिलाउने।
- ✓ सम्पत्तिकरको प्रयोजनका लागि ह्रासकट्टीको दरका बारेमा समेत उल्लेख गर्नु पर्ने।
- ✓ भूमिकर (मालपोत) सम्बन्धी छुट्टै करको दर निर्धारण गर्ने।

२. मालपोत (भूमिकर)

हाल नगरपालिकाले सम्मपत्ति कर र मालपोत (भूमिकर) एउटै शीर्षकमा आम्दानी बाँध्दै आएको छ। आगामी बर्ष यी दुई शिर्षकमा छुट्टाछुट्टैरूपमा आम्दानी बाँध्ने गरी मालपोत (भूमिकर) को सम्भाव्य आयको निम्नानुसार अनुमान गरिएकोछ।

नगरपालिकाको कुल क्षेत्रफल ११०.६ वर्ग किलो मिटर रहेको छ। यसलाई रोपनीमा रूपान्तरण गर्दा २०८,४७७.०४[1] रोपनी हुन आउँछ। कुल क्षेत्रफल मध्ये ३० प्रतिशत (६२,५४३ रोपनी) मात्रै क्षेत्रमा बसोबास र खेतीपाती योग्य छ भनी अनुमान गरिएकोछ। यसमध्ये ४० प्रतिशत (२५,०१७ रोपनी) गुठीले ओगटेको भनी अनुमान गर्दा बाँकी ३७,५२५ हेक्टर जमिन मालपोतको लागि योग्य छ भनी अनुमान गरिएको छ। कुल मालपोतका लागि योग्य जमिनमध्ये पनि ९० प्रतिशत ग्रामीण र १० प्रतिशत मात्रै सहरी क्षेत्रमा रहेको छ भन्ने अनुमान गरी मालपोत (भूमिकर) को राजस्व प्रक्षेपण गरिएकोछ। जसअनुसार यस नगरपालिका ग्रामीण क्षेत्रका लागि प्रतिरोपनी रु. १५ र सहरी क्षेत्रका लागि प्रतिरोपनी रु. ३० मालपोत दर कायम गरेको अवस्थामा कुल रु. ६ लाख १९ हजार १ सय ५५ बराबरको मालपोत (भूमिकर) सङ्कलन हुन सक्ने प्रक्षेपण

[1] *क्षेत्रफल गणनाका हिसावले १ वर्ग कि.मि. बराबर १९६५.६५ रोपनी।*

गरिएको छ। यसको विश्लेषण तल तालिका १६ मा प्रस्तुत गरिएको छ।

तालिका १६: मालपोत (भूमि कर) को सम्भाव्यता विश्लेषण

भवन र जग्गाको मुल्य	प्रति रोपनी रु.	मालपोतको दायरामा आउन सक्ने जग्गाको क्षेत्रफल रोपनीमा	जम्मा रकम रु.
ग्रामीण क्षेत्र	१५	३३७७३	५०६५९५
शहरी क्षेत्र	३०	३७५२	११२५६०
जम्मा			**६१९१५५**

नोटः नगरपालिकाले आर्थिक ऐनमा मालपोत करको दर निर्धारण गर्नु पर्ने।

३. बहाल कर

नारायण नगरपालिकाको आर्थिक ऐन, २०८१ मा व्यवस्था भएअनुसार नगरकार्यपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा नगरकार्यपालिकाले लिनु पर्ने बहालकर नगर सभाबाट पारित कानुनमा वार्षिक १० प्रतिशत व्यवस्था भएअनुसार असुल गरिनेछ। यस नगरपालिका अन्तरगत निम्नानुसारका वित्तीय संस्थाहरू कार्यरत रहेका छन्।

तालिका १७ : बहाल करसँग सम्बन्धी संस्थाहरूको विवरण

क वर्गको बैङ्क	ख वर्गको बैङ्क र लघु वित्त संस्था	इन्स्योरेन्स कम्पनीहरु
१. सिद्धार्थ बैङ्क २. एनएमवी बैङ्क ३. राष्ट्रिय बाणिज्य बैङ्क ४. कृषि विकास बैङ्क ५. एनआइएमवी बैङ्क ६. बैङ्क अफ काठमाडौ लुम्बिनी ७. एनआइसी एशिया ८. ग्लोवन आइएमइ ९. कुमारी बैङ्क १०. एनसीसी बैङ्क ११.नेपाल बैङ्क लि.	१. मुक्तिनाथ विकास बैङ्क २. सेन्चुरी कमर्सियल बैङ्क ३. ग्रामीण विकास लघुवित्त ४. चिलिमे लघुवित्त ५. निर्धन लघुवित्त ६. एनआइसी एसिया लघुवित्त ७. विजय लघुवित्त	१. सूर्यज्योति लाईफ इन्स्योरेन्स २. आइएमइ लाईफ इन्स्योरेन्स ३. एभरेष्ट लाईफ इन्स्योरेन्स ४. हिमालय लाईफ इन्स्योरेन्स ५. ज्योती लाईफ इन्स्योरेन्स ६. प्रभूमहालक्ष्मी लाईफ इन्स्योरेन्स ७. शिखर लाईफ इन्स्योरेन्स ८. गुराँस लाईफ इन्स्योरेन्स ९. सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स १०. रिलायन्स लाईफ इन्स्योरेन्स ११. नेपाल लाईफ इन्स्योरेन्स १२. अजोड इन्स्योरेन्स १३. एनसीसी लाईफ इन्स्योरेन्स

नोटः नारायण नगरपालिकाको आर्थिक ऐन, २०८१ मा सहकारी, बीमा कम्पनी र गैससको लागि कर/सिफारिस शुल्क उल्लेख नभएको।

बहाल करको सम्भाव्यताको विश्लेषण तल तालिका १८ मा गरिएको छ। जसअनुसार विभिन्न क्षेत्रबाट वार्षिक रूपमा करिब रु. १८ लाख ३० हजार असुली हुन सक्ने अनुमान गरिएको छ।

तालिका १८ : बहाल करको सम्भाव्यता विश्लेषण

क्र.सं.	बहालमा बस्ने	अनुमानित संख्या	अनुमानित कोठा/क्षेत्रफल वर्ग फीट	न्यूनतम बहाल दर प्रति कोठा वर्गफिट रु.	हाल करको दायरामा आएका करदाताको संख्या	बहाल करको दर प्रतिशत	संभाव्य कुल आय रु.
१	बैङ्क	११	७	५०००		१०	३८५०००
२	सहकारी संस्था	२०	४	३०००		१०	२४००००
३	लघुवित्त संस्था	४	४	३०००		१०	४८०००
४	सरकारी कार्यालयहरु	४	८	३०००		१०	९६०००
५	गैरसरकारी संस्थाका कार्यालयहरु	५	३	३०००		१०	४५०००
६	व्यापारिक भवनहरु	५०	२	४०००		१०	४०००००
७	निजी विद्यालयहरु	९	८	३०००		१०	२१६०००
८	घरायसी प्रयोजनमा प्रयोग भएका घरहरु	१००	२	२०००		१०	४०००००
	जम्मा						**१८३००००**
				२०८०/८१ को यथार्थ सङ्कलन			**१३३४७४२**

सुझावहरु

- घरजग्गा बहाल व्यवस्थासम्बन्धी निर्देशिका तथा कार्यविधि बनाई कार्यान्वयनमा ल्याउनु पर्ने।
- नगरपालिकको भौगोलिक क्षेत्रभित्र स्थान विशेष वा भवनको प्रकृति वा बहाल प्रयोजन वा अन्य कुनै विषयलाई आधार बनाई घर बहाल करको प्रयोजनका लागि बहाल करको न्यूनतम दर वा अङ्क तोक्नु पर्ने।
- बहाल करसम्बन्धी करदाताहरुको विवरण अद्यावधिक गरी नगरपालिकामा राख्नु पर्ने।

४. व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ अनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउनेछ। व्यवसाय करको सम्भावित अनुमान तल तालिका १९ मा प्रस्तुत गरिएको छ।

तालिका १९ : व्यवसाय करको सम्भाव्यता विश्लेषण

क्र.सं.	व्यवसायको किसिम	संभावित संख्या	दर्ता/नवीकरण औसत करको दर	कुल संभावित राजस्व रकम रु.
१.	दैनिक उपभोगका सामग्री बिक्री गर्ने (खुद्रा/थोक)	१००	९००	९००००
२.	स-साना व्यवसाय गर्ने निम्नस्तरका पसलहरू	२००	६००	१२००००
३.	पेट्रोल डिजल मोविल पसल पम्प राखेर बेच्ने	५	७५०	३७५०
४.	आयल स्टोर	२	६२५०	१२५००
५.	कृषि तथा पशुपन्छी	१०	६००	६०००

क्र.सं.	व्यवसायको किसिम	संभावित संख्या	दर्ता/नवीकरण औसत करको दर	कुल संभावित राजस्व रकम रु.
६.	हार्डवेयर पसल	५	८००	४०००
७.	पाउरोटी आइसक्रिम खाद्य सामग्री उद्योग	१०	७५०	७५००
८	रेडियो इलेक्ट्रिक्स क्यामरा फ्रिज आदि	१५	६००	९०००
९.	काठ तथा स्टिल फर्निचर सामग्री	१०	१०००	१००००
१०.	काचो कपडा पसल	११	७००	७७००
११.	तयारी कपडा पसल	५	७५०	३७५०
१२.	कोल्ड ड्रिङ्क पसल	१४	७५०	१०५००
१३.	धान कुट्ने तथा तेल पेल्ने मिल प्रतिअश्वशक्ति	५	६२५	३१२५
१४.	इट्टा तथा झिङ्गटी उत्पादन	४	५००	२०००
१५.	ब्लक सिमेण्ट उद्योग	५	६८०	३४००
१६.	नाफा कमाउने उद्देश्यले स्थापित संस्थाहरू	१०	१०००	१००००
१७.	निजी विद्यालय प्रावि	३	१०००	३०००
१८.	निजी विद्यालय निमावि	३	१६२५	४८७५
१९.	निजी विद्यालय मावि	२	३१२५	६२५०
२०.	पूर्व प्रावि विद्यालय	१	८७५	८७५
२१.	प्राइभेट क्याम्पस प्राविधिक	०	६२५०	०
२२.	"क" वर्गका निजी बैङ्क	११	३७५०	४१२५०
२३.	"ख" वर्गका निजी बैङ्क	२	३७५०	७५००
२४.	"ग" वर्गका निजी बैङ्क	०	१८७५	०
२५.	"घ" वर्गका लघुवित्त	५	१२५०	६२५०
२६.	सुनचाँदी पसल	१०	१२००	१२०००
२७.	डाक्टर इन्जिनियर बैद्य वकिलहरू	१०	१०००	१००००
२८.	निर्माण कार्यको व्यवसायिक निर्माण घ वर्ग	५	६२५०	३१२५०
२९.	अडिट फर्म	५	१५००	७५००
३०.	पर्यटनस्तरका तारे होटल	२	३१२५	६२५०
३१.	होटल एण्ड लज रेष्टुरेण्ट	१०	१०००	१००००
३२.	माछामासु पसल	५	५००	२५००
३३.	ऋङ्गार र बिलासी तथा अन्य सामग्री	८	३००	२४००
३४.	भाँडा पसल	१०	७५०	७५००
३५.	कलर ल्याव कम्प्युटर	५	८००	४०००
३६.	मोटरसाइकल बिक्री शोरूप	३	८७५०	२६२५०
३७.	मोटरसाइकल/साइकल मर्मत र रिसोलिङ्ग	५	५००	२५००
३८.	स-साना चिया पसलहरू	३०	३००	९०००
३९.	फलफूल तथा तरकारी पसल	२५	७००	१७५००
४०.	औषधी पसल	१०	७००	७०००
४१.	प्रिन्टिङ्ग प्रेस तथा स्टेसनरी	३	८००	२४००

क्र.सं.	व्यवसायको किसिम	संभावित संख्या	दर्ता/नवीकरण औसत करको दर	कुल संभावित राजस्व रकम रु.
४२.	बस मिनिबस काउन्टर	२	१२५०	२५००
४३.	टिभी केबुल	५	३१२५	१५६२५
४४.	गिफ्ट पसल	७	१५००	१०५००
४५.	मदिरा पसल	१०	१५००	१५०००
४६.	डिलरसिप पसल	३	९००	२७००
४७.	पटके बजार घुमाएर बेच्ने प्रतिदिन	१०	२५०	२५००
४६.	अस्पताल तथा नर्सिङहोमहरू	५	२०००	१००००
४७.	स्थायी तथा अस्थायी ठुला क्रसर उद्योग	२	१५०००	३००००
४६.	स्थायी तथा अस्थायी साना क्रसर उद्योग	२	९०००	१८०००
	जम्मा	**६०३**		**६३८,१००**

नोटः नगरपालिकामा व्यवसायको प्रकृतिअनुसारको विवरण नभएका कारण अनुमानका आधारमा व्यवासयको सङ्ख्या निर्धारण गरिएको छ।

सम्भाव्यताः

माथिको तालिका अनुसार यस नगरपालिकाले सबै व्यावसायिहरूलाई करको दायरामा ल्याउन सकेको अवस्थामा रु. ६ लाख ३८ हजार १ सय बराबरको व्यवसाय कर असुली हुन सक्ने अनुमान गरिएको छ।

सुधारका पक्षहरू :

- ✓ नगरपालिका क्षेत्रभित्र सञ्चालित विभिन्न व्यवसायसँग सम्बन्धित व्यवसायीहरू र व्यवसाय तथा उद्योगसँग सम्बन्धित छाता सङ्घसङ्गठनहरूसँग नियमित संवाद र छलफल गर्ने।
- ✓ व्यवासय कर प्रशासनमा पुरस्कार र दण्डको व्यवस्था गर्ने।
- ✓ करदाताहरुको तथ्याङ्क तयार गरी नियमित अद्यावधिक गर्ने।
- ✓ सहकारी संस्था र बीमा कम्पनीहरूको बारेमा आर्थिक ऐनमा करको व्यवस्था नभएको हुँदा सो को व्यवस्था गर्ने।
- ✓ जिल्ला प्रशासन कार्यालयमा नवीकरणका लागि गैससलाई सिफारिस गर्ने शुल्कको व्यवस्था आर्थिक ऐनमा हुनु पर्ने

५. बहालबिटौरी शुल्क

नारायण नगरपालिकाको आर्थिक ऐन २०८१ को दफा १३ अनुसार बहालबिटौरी शुल्क नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूचीमा उल्लेख भएअनुसार हाटबजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्थाअनुसार बहालबिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

सम्भावनाः

- ✓ यस्ता संरचनाहरु नभएका कारण बहालबिटौरी असुल हुन नसकेको।
- ✓ एउटा पशु वधशाला रहेको तर करको दायरामा नआएको।
- ✓ एम्बुलेन्स, शवबहान, लोडर, टिपर/ट्र्याक्टर भाडामा लगाई आम्दानी हुने गरेको।

- ✓ भाडामा लागेको उपकरणहरूको प्रयोग र आम्दानीको उचित व्यवस्थापनका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्नु पर्ने।

तालिका २० : बहालबिटौरी करको सम्भाव्यता विश्लेषण

सि.नं.	विवरण	भाडा दर इन्धन सहित रु.	इकाई	जम्मा इकाई	संभावित राजस्व रु.
१	व्याकहो लोडर	३५००	प्रतिघण्टा	३६५	१२७७५००
२	एम्बुलेन्स	५०००	प्रतिटिप	४८	२४००००
३	शवबहान	२५००	प्रतिटिप	३६	९००००
४	टिप्पर/ट्रयाक्टर	२०००	प्रतिटिप	३६५	७३००००
	जम्मा				**२३३७५००**

माथि तालिकामा प्रस्तुत विवरण अनुसार नगरपालिकाको स्वामित्वमा रहेका उपकरणहरूलाई भाडामा लगाउँदा वार्षिकरूपमा प्राप्त हुन सक्ने भाडाबापतको रकम रु. २३ लाख ३७ हजार ५ सय राजस्व सङ्कलन हुन सक्ने अनुमान गरिएको छ।

६. जडीवुटी, कबाडी, जीवजन्तु कर

सम्भावनाः

यस नगरपालिकामा जटामसी, चिराइतो, लौठसल्ला, पाँचऔंले आदि जातका महत्वपूर्ण प्रजातिहरू पाइन्छन् र त्यसको व्यवसायिक कारोबार भईरहेको छ। सामुदायिक वनले यस्ता वस्तुको सङ्कलन तथा बिक्री गरी आएको छ तर नगरपालिकाले हालसम्म यसको लागि कर निर्धारण गरेको छैन। नगरपालिका क्षेत्रबाट करिब २०,००० किलो जडिबुटी सङ्कलन गर्न सकिने सम्भावनाको आँकलन गरिएको छ। विविध प्रकारका जडीबुटीहरूको निकासी गर्दा औषतमा प्रतिकिलो रु. १५ का दरले कर लिँदा रु ३,००,००० सङ्कलन हुने सम्भावना देखिन्छ। यसैगरी कबाडी मालसामानको निकासीबाट पनि राजस्व सङ्कलन हुने सम्भावना छ।

सुधारका पक्षहरूः

- ✓ कबाडी, जडिबुटी र जीवजन्तु करको सम्भाव्यता अध्ययन गर्ने।
- ✓ जडीबुटीको वर्गीकरणअनुसार तथ्याङ्क सङ्कलन गर्ने र सोहीबमोजिम निकासी शुल्क कायम गरेमा यो राजस्व रकम अझै बढ्न सक्ने देखिन्छ
- ✓ जडीवुटी, कबाडी र जीवजन्तुसम्बन्धी व्यवसाय प्रवर्धनमा सहयोग गर्ने
- ✓ जडीबुटी, कबाडी तथा जीवजन्तुको व्यवसायिक रूपमा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर सङ्कलन गर्ने।
- ✓ नगरपालिका क्षेत्रमा सङ्कलन तथा व्यवसायिक उपयोग हुने परिमाणसम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गर्ने।

७. विज्ञापन कर

सम्भाव्यताः

नगरपालिका क्षेत्रमा हुने विज्ञापन सामग्रीसम्बन्धी आवश्यक तथ्याङ्क छैन। यस नगरपालिकाभित्र रहेका मुख्य व्यापारिक केन्द्रहरूमा सदरमुकामबाहेक भैसीखोर, खुर्सानीबारी, बेसीकाँडे, लोहरेबजार, हुलाकटाकुरा आदि बजारहरू रहेका छन्। यी क्षेत्रहरू विज्ञापनका लागि उपयुक्त रहेका छन्। केही मात्रमा विज्ञापन सामग्रीहरू

स्थापना हुने क्रममा रहेका छन्। यस नगरपालिकामा सडक र बजारको विकास र बिस्तारसँग विज्ञापन सामग्रीको वृद्धि हुँदै जाने अनुमान गरिएको छ।

नगरपालिकाको आर्थिक ऐन, २०८१ को दरमा विज्ञापन क्षेत्रलाई करको दायरामा ल्याउन सकियो भने मोटामोटी रु. ५ लाख ८९ हजार ३ सय विज्ञापन कर सङ्कलन हुन सक्ने अनुमान गरिएको छ। यसमध्ये ६० प्रतिशतले हुने रु. ३ लाख ५३ हजार ५ सय ८० लाई नगरपालिकाको संभावित राजस्वको रूपमा प्रक्षेपण गरिएको छ।

तालिका २१ :विज्ञापन करको सम्भाव्यता विश्लेषण

क्र.स.	विवरण	सम्भावित वर्ग फिट	२०८१/०८२ को दर रु.	सम्भावित राजस्व रु.
१	होडिङ्ग बोर्ड/वाल बोर्ड प्रतिवर्ग फिट	१००	५८	५८००
२	वालपेन्ट भित्तेलेखन प्रतिवर्ग फिट	१००	३०	३०००
३	ग्लोसाइनबोर्ड, थ्रिडी बोर्ड प्रतिवर्ग फिट	१००	११०	११०००
४	पोल व्यानर प्रति हप्ता प्रतिवर्ग फिट	१००	१२५	१२५००
५	२५ वर्ग फिट सम्मको फ्लेक्स ब्यानर	१००	१२५०	१२५०००
६	२५ देखी ५० वर्ग फिट सम्म फ्लेक्स ब्यानर	**५०**	१८७५	९३७५०
७	ठुलो साइनबोर्ड उच्च	५०	९००	४५०००
८	ठुलो साइनबोर्ड मध्यम	२५	७५०	१८७५०
९	ठुलो साइनबोर्ड साधारण	३०	६५०	१९५००
१०	अन्यको ६ स्क्वायर फिटभन्दा तलको लागि प्रतिब्यानर	४०	५००	२००००
११	साइनबोर्ड ब्यानर लेख्ने	१००	६००	६००००
१२	फ्लेक्स बोर्ड प्रिन्ट	२००	८७५	१७५०००
	जम्मा			**५,८९,३००**

नोट: सुर्ती र मदिराजन्य पदार्थको प्रचारप्रसार माथि उल्लेख गरेको दर रेटमा २५ प्रतिशत थप कर लाग्ने छ ।

सुधारका पक्षहरू :

- विज्ञापनका लागि उपयुक्त सार्वजनिक स्थानहरूको बारेमा तथ्याङ्क सङ्कलन गर्ने।
- विज्ञापन प्रवर्धनका लागि राष्ट्रिय, प्रदेश, जिल्ला र स्थानीय व्यवसायीहरूसँग समन्वय र सहकार्य गर्ने।
- विज्ञापन एजेन्सीहरूसँग परामर्श र समन्वय गरी विज्ञापन सामग्री जडानका लागि अनुरोध गर्ने।
- विज्ञापन सामग्री प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ लगत राख्ने ।
- सम्भाव्य स्थानहरूमा विज्ञापन प्रवर्धनको वातावरण तयार गर्ने।

८. मनोरञ्जन कर

यस नगरपालिकामा मनोरञ्जात्मक गतिविधिहरू ज्यादै न्यून हुने गरेका छन्। जसका कारण मनोरञ्जन क्षेत्रबाट कति राजस्व सङ्कलन गर्न सकिएला भनी अनुमान गर्न कठिन छ। तथापि, कर्णाली प्रदेशको आर्थिक ऐन, २०८१ मा मनोरञ्जात्क गतिविधिहरु जस्तै चलचित्र प्रदर्शन, फनपार्क, वाटरगार्डेन, नाईटक्लव, मसाज, स्पा, जीपलाईन, बन्जीजम्प, प्याराग्लाइडिङ, पौडीपोखरी, सांस्कृतिक प्रदर्शन, दोहोरी साँझ, डान्सबार, कन्सर्ट, नाटकघर, भीडियो घर, थिएटर, पार्क, मेलामहोत्सव, जादु, सर्कस, चटके तथा मेला सञ्चालन गराएबापत प्रतिटिकट वा रसिद ५ प्रतिशतका दरले मनोरञ्जन कर सम्बन्धित स्थानीय तहले लगाउने र सङ्कलन गर्ने व्यवस्था रहेको चालु आर्थिक

वर्षमा यस नगरपालिका क्षेत्रमा मेला महोत्सव कार्यक्रमबाट मनोरञ्जन करबापत रु. १ लाख १३ हजार ८ सय ५० बराबर राजस्व सङ्कलन भएको छ। यसबाट के अनुमन गर्न सकिन्छ भने नगरपालिका र प्रदेश सरकारले विभिन्न माध्यमबाट प्रचारप्रसार गर्ने र निजी क्षेत्रलाई मनोरन्जनात्मक क्रियाकलापमा लगानी गर्ने वातावारण सिर्जना गर्न सकेमा मनोरञ्जन करबापत वार्षिक कम्तिमा पनि रु. १ लाख ५० हजार राजस्व सङ्कलन हुन सक्ने सम्भावना रहेको छ। यसमध्ये ६० प्रतिशतले हुने रु. ९० हजार लाई नगरपालिकाको सम्भावित राजस्वको रूपमा प्रक्षेपण गरिएको छ।

९. साना सवारी कर

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ५ को (क) बमोजिम टाँगा, रिक्स, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारीसाधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ।

हालको अवस्था : यस नगरपालिकाको आर्थिक ऐनको दफा ७ मा सवारीसाधन दर्ता तथा वार्षिक सवारी करसम्बन्धी व्यवस्था गरेको छ। साथै, करको दर प्रदेश कानुनको अधिनमा रही नगर कार्यपालिकाले निर्णय गरेबमोजिम सवारी साधन कर लगाईने उल्लेख छ। हालसम्म यस नगरपालिकाले यस शीर्षकमा कुनै रकम उठाएको देखिँदैन।

सम्भावनाः

नगरपालिका क्षेत्र विस्तारको क्रममा रहेको र गाउँ जोड्ने सडकहरू पिच हुने अवस्थामा रहेको हुँदा यहाँका स्थानीयहरूले अटोरिक्सा किन्ने तथा भाडामा चलाउने क्रम बढ्दो छ। हालसम्म मोटामोटी ३५० ओटा अटो-रिक्साहरू यस नगरपालिकामा सञ्चालनमा रहेका छन्। तथापि हालसम्म ३० वटा मात्रै नगरपालिकमा दर्ता हुने र नवीकरण गर्ने गरेका छन्। यदि सबै अटो-रिक्साहरूलाई करको दायरामा ल्याउन सकियो भने नगरपालिकाले वार्षिक रु. ८ लाख ७५ हजार राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ।

तालिका २२ : साना सवारीसाधन करको सम्भाव्यता विश्लेषण

क्र.सं.	विवरण	कुल संख्या	करको दायरामा आएको संख्या	करको दर (रु.)	संभावित रकम (रु.)
१	अटो-रिक्सा	३५०	३०	दर्ता रु.३,७५०। नवीकरण रु.१,२५०। **औसत दर रु. २,५००।**	८,७५,०००
	औसत/जम्मा				**८,७५,०००**

नोटः कर्णाली प्रदेशको आर्थिक ऐन २०८१ अनुसार टेम्पो र अटो टेम्पोले यातायात कार्यालयमा तिर्नु पर्ने कर राजस्व निम्नानुसार रहेको छ।

- ✓ भाडामा दर्ता भएका थ्री ह्वीलर टेम्पोको वार्षिक सवारीसाधन कर रु. ५,०००।-
- ✓ सवारीसाधन दर्ता शुल्क सार्वजनिक अटो टेम्पोको रु.१,५००।-
- ✓ टेम्पोको नामसारीको रु.१,५००।-
- ✓ टेम्पोको दर्ताकिताब ब्लूबुकको रु.५००।-

सुधार गर्नुपर्ने पक्षहरू :

- ✓ यातायात कार्यालय सुर्खेतसँग समन्वय गरी सबै अटो-रिक्साहरूलाई करको दायरमा ल्याउनु पर्ने।

सवाल

अटो-रिक्साहरू यातायात कार्यालय सुर्खेतमा दर्ता र नवीकरण हुने हुँदा सबै अटो-रिक्साहरू नगरपालिकाको करको दायरामा आउन सकेका छैनन्।

(ख) गैरकर राजस्व

१. बिक्रीबाट प्राप्त रकम (प्राकृतिक एवम् खानीजन्य वस्तुको बिक्री)

सम्भावनाः
यस नगरपालिकाको कर्णाली नदी र लोहोरे खोलामा रहेका खोलाहरूमा ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् गर्न सकिने देखिन्छ। प्रारम्भिक वातावरणीय मूल्याङ्कनका आधारमा यस नगरपालिकामा ढुङ्गा, गिट्टी, बालुवाको सम्भावना देखिन्छ। जसअनुसार यसबाट नगरपालिकाले वार्षिकरूपमा रु. ६४ लाख ६० हजार ७ सय २० बराबरको कुल राजस्व सङ्कलन गर्न सक्ने देखिन्छ। नियमानुसार प्रदेश सरकारलाई ४० प्रतिशत (रु.२५,८४,२८८) रकम बाँडफाट गर्नु पर्ने हुँदा बाँकी ६० प्रतिशत (रु.३८,७६,४३२) रकम नगरपालिकाको सञ्चित कोषमा आउन सक्ने देखिन्छ।

तालिका २३ : प्राकृतिक एवम् खानीजन्य वस्तुको बिक्रीको सम्भाव्यता विश्लेषण

क्र.सं.	विवरण	कुल सम्भाव्य निकासी परिमाण (घनमिटर)	कुल सम्भाव्य निकासी परिमाण (क्यूफिट)	कुल उत्खनन भइरहेको परिमाण (क्यूफिट)	दर प्रति क्यूफिट (रु.)	सम्भावित रकम (रु.)
१	लोहोरे खोला	१५८९९.२	५६१४८०		५	२८०७४०१
२	छामघाट खोला	२०६८९.९	७३०६६४		५	३६५३३१९
३	माटो बिक्री				१	
४	नदी तथा खोलाले बगाएको काठ				५००	
५	नदी तथा खोलाले बगाएको कुकाठ				२००	
६	नदी तथा खोलाले वगाएर ल्याएको दाउरा तथा जराजुरी				४	
	जम्मा					६४६०७२०

नोटः १ घन मिटर बराबर ३५.३१५ घनफिट।

सुधारका पक्षहरू :

नगरपालिका अन्तर्गतका खानीजन्य तथा प्राकृतिक वस्तुहरूको परिमाण, गुणस्तर र वातावरणीय पक्षका विषयमा अध्ययन गरी सोको आधारमा परिचालनका लागि पहल गर्नुपर्ने।

- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरेका मापदण्डभित्र रहेर मात्र उत्खनन् तथा बिक्री कार्य गर्ने गराउने।
- ठेक्का नलाग्ने अवस्था भएमा नगरपालिका आफैंले सङ्कलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधानसहित निर्णय गर्ने।
- ठेक्का नलागुञ्जेलका लागि नगरपालिका स्वयम्ले रकम सङ्कलन गर्ने।
- अवैध उत्खनन्लाई दण्डको व्यवस्था गरी कानुनी दायराभित्र ल्याउने।

- नगरपालिकाले आर्थिक ऐनमा नियम विपरित सङ्कलन गर्ने ठेकदारलाई कारबाही, दण्डजरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने।
- सङ्कलन कार्यको नियमित रूपमा अनुगमन गरी मापदण्डभित्र मात्र रहेर उत्खनन् भए नभएको सुनिश्चित गर्ने।

२. पार्किङ्ग शुल्क

विद्यमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६० अनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीसाधनलाई पार्किङ सेवा उपलब्ध गराएबापत पार्किङ शुल्क लगाउन सक्नेछ भनी उल्लेख छ।यस नगरपालिकाले पनि आफ्नो आ.व. २०७८/७९ को आर्थिक ऐनमा दफा ८ मा पार्किङ शुल्क बारे उल्लेख गरेको छ । तर हालसम्म यस नगरपालिकाले यस शीर्षकअन्तर्गत रकम सङ्कलन गर्न सकेको छैन ।

सम्भावना :

यस नगरपालिकाको स्वामित्वमा रहेका विभिन्न वडामा रहेका जग्गा हाल पनि पार्किङको रूपमा रहेको भए तापनि सोलाई व्यवस्थित गरेको देखिँदैन । सोलाई व्यवस्थित गरेमा यो नगरपालिका पार्किङ शुल्क राम्रो उठ्ने देखिन्छ।नगरपालिकाको आर्थिक ऐनमा पार्किङ्ग शुल्कको बारेमा उल्लेख छ।

तालिका २४ :पार्किङ्ग शुल्कको सम्भाव्यता विश्लेषण

क्र.सं.	सवारी प्रकार	दैनिक सङ्ख्या	पार्किङ शुल्कको दर (रु.)	वार्षिक घण्टा	संभावित सङ्कलन हुने रकम (रु.)
१	मोटर साइकल	५०	५	७३०	१८२५००
२	वस/ट्रक	२०	२५	७३०	३६५०००
३	ट्याक्टर/जिप	२०	२०	७३०	२९२०००
जम्मा					८३९५००

नोटः माथि तालिकामा प्रस्तुत गरिएको दैनिक सङ्ख्या र पार्किङ्ग दर प्रतिदिन कम्तिमा २ घण्टाका दरले ३६५ दिन पार्किङ्ग हुने अनुमान गरी पार्किङ्ग शुल्क प्रक्षेपण गरिएको छ।

सुधार गर्नुपर्ने पक्षहरू :

- ✓ आर्थिक ऐनमा प्रतिघण्टा र प्रतिदिनको छुट्टा छुट्टै दर कायम गर्नु पर्ने। हालको ऐनमा प्रतिदिन हो कि प्रतिघण्टाको पार्किङ्ग शुल्क भन्ने प्रष्ट छैन।
- ✓ नगरपालिकाको स्वामित्वमा रहेका जग्गासम्बन्धी विवरणहरू अद्यावधिक गर्ने ।
- ✓ यस नगरपालिका दैलेख जिल्लाको सदरमुकाम भएकोले पार्किङको लागि नगरको स्वामित्वमा रहेका जग्गाहरूमा पार्किङको लागि संरचना तयार गर्ने ।

३. फोहरमैला सङ्कलन शुल्क

आर्थिक वर्ष २०८१/८२ को दरमा फोहरमैला सङ्कलनबाट निम्नानुसारको आम्दानी हुन सक्ने अनुमान गरिएको छ।

तालिका २५ :फोहरमैला सङ्कलन शुल्क सम्भाव्यता विश्लेषण

क्र. सं.	विवरण	रकम रु.	सम्भावित करदाना सङ्ख्या	सम्भावित राजस्व रु.
१	आवासीय क्षेत्र	५००	१०००	५०००००
२	होटल व्यवसाय	६२५	५०	३१२५०
३	मेडिकल	६२५	२०	१२५००
४	मदिराजन्य व्यवसाय	६२५	५०	३१२५०
५	अन्य साना व्यवसाय	३७५	१००	३७५००
	जम्मा			**६१२५००**

सुधार गर्नुपर्ने पक्षहरू :

- फोहरमैला व्यवस्थापनको लागि डम्पिङ्ग साईट को सम्भाव्य स्थलको खोजीगरी डम्पिङ् साइट निर्माण गर्ने ।
- तथ्याङ्क सङ्कलन तथा अभिलेख राख्ने प्रक्रिया व्यवस्थित गर्ने।
- फोहरमैला शुल्कको दर निर्धारण गर्दा घरको आकार र व्यवसायको प्रकृतिलाई हेरेर मासिक दर निर्धारण गर्नु पर्ने।

४. पर्यटन शुल्क (प्रदेश आर्थिक ऐनअनुसार शुल्क लगाई असुल गर्ने)

प्रदेश सरकारले निर्माण गरी सञ्चालनमा रहेका पर्यटकीय स्थल तथा क्रियाकलाप र पर्यापर्यटनमा शुल्क लगाई असुल गर्ने। पर्यटन शुल्कको नियमन र प्रशासन सम्बन्धित स्थानीय तहले गरी स्थानीय विभाज्य कोषमा राखी नियमानुसार चालीस र साठी प्रतिशत क्रमशः प्रदेश र स्थानीय तहबीच बाँडफाँट गर्ने व्यवस्था रहेको छ। यस शीर्षक अन्तरगत नगरपालिकाले कुनै शुल्क उठाएको छैन।

५. सामुदायिक वनबाट आय प्राप्त गर्ने (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६२ ख.)

सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वनपैदावारको बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेको छ।

हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधनपश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीबापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । यस नगरपालिकाले हालसम्म यस शीर्षकमा रकम लिएको पाइँदैन। यस बारेमा नगरपालिकाको आर्थिक ऐनमा समेत व्यवस्था गरिएको छैन ।

सम्भावना :

नगरपालिकाको नगर प्रोफाईल अनुसार यस नगरपालिकाको वन क्षेत्रबाट सुन्तलाहरू अन्य जिल्लामा निकासी हुने उल्लेख छ। यसैगरी नगरपालिकामा रहेका सामुदयिक वनबाट वनपैदावारको रूपमा फर्निचरको लागि आवश्यक काठ समेत निकासी हुने गर्दछ। यस नगरपालिकामा ४७ वटा सामुदायिक वन रहेकोका वार्षिक स्वीकृत कटान सेफ्टी ११ हजार २ रहेको र प्रति भारी/सेफ्टी रु. १०० का दरले बिक्री हुने अनुमान गर्दा कुल रु. ११ लाख २ सय ७५ बराबरको वनपैदावारको आम्दानी हुने र सो रकमको १० प्रतिशतले हुने रकम रु. १ लाख १० हजार २८ नगरपालिकाको राजस्व खातामा आउन सक्ने अनुमान गरिएको छ।

तालिका २६ : सामुदायिक वनको राजस्वको सम्भाव्यता विश्लेषण

क्र.सं.	सामुदायिक वनको नाम	ठेगाना	वार्षिक स्वीकार्य कटान सेफ्टी	सम्भावित रकम रु. प्रतिसेफ्टी रु. १००/००
१	सिद्धथान सामुदायिक वन	ना.न.पा. ३ ४ र खरिगैरा ९	१४४.६९	१४४६९
२	बर्खालेपानी सामुदायिक वन	ना.न.पा. ६	-	०
३	तामाखानी सामुदायिक वन	ना.न.पा.३	२७५.४१	२७५४१
४	कुसाँडा सामुदायिक वन	ना.न.पा. २	-	०
५	नाउलापखेरा सामुदायिक वन	ना.न.पा. ६	५२	५२००
६	किमुगाउ सामुदायिक वन	ना.न.पा. ७ र ८	३०१.९	३०१९०
७	भालेडाँडा सामुदायिक वन	ना.न.पा. ९	१३०.४५	१३०४५
८	ज्वामुने भट्टेरी सामुदायिक वन	ना.न.पा. ९	३०.६९	३०६९
९	भैसीखोर सामुदायिक वन	ना.न.पा. ५	७९३.७४	७९३७४
१०	मालिका चौर सामुदायिक वन	ना.न.पा. ५	८५१.७६	८५१७६
११	भुवाखाडा सामुदायिक वन	ना.न.पा. ४	१५०.८	१५०८०
१२	घैयावारी सामुदायिक वन	ना.न.पा. ६ र ७	-	०
१३	श्रीस्थान महिला सामुदायिक वन	ना.न.पा. १	१३१७.२१	१३१७२१
१४	फलेनी महिला सामुदायिक वन	ना.न.पा. १	-	०
१५	कुण्टाखोला सामुदायिक वन	ना.न.पा. ९	३०३.१५	३०३१५
१६	घलायखोरिया सामुदायिक वन	ना.न.पा. १	१६१.३५	१६१३५
१७	माल्लीसल्लेरी सामुदायिक वन	ना.न.पा. २	६०४.२२	६०४२२
१८	जलजले कोलडाँडा सामुदायिक वन	ना.न.पा. ७	६३.६२	६३६२
१९	विरीया नाउला सामुदायिक वन	ना.न.पा. ३ र ६	३४७.३३	३४७३३
२०	भैरव सामुदायिक वन	ना.न.पा. ७	३६४.०३	३६४०३
२१	रानीवन सामुदायिक वन	ना.न.पा. ४	३३८.१३	३३८१३
२२	विसाउना सामुदायिक वन	ना.न.पा. ९	३४९.७१	३४९७१
२३	देउतीथान सामुदायिक वन	ना.न.पा. २	२९३.२८	२९३२८
२४	रानिवन राउटेडाँडा सामुदायिक वन	ना.न.पा. ४ र ५	४६१	४६१००
२५	अरिले सामुदायिक वन	ना.न.पा. ३	-	०
२६	सिमाडीकोट सामुदायिक वन	ना.न.पा. ८	-	०
२७	महाबुस्थान सामुदायिक वन	ना.न.पा. ४	९६.६	९६६०
२८	सुनडाँडा सामुदायिक वन	ना.न.पा. ४	२२४.६१	२२४६१
२९	धैरेनी सामुदायिक वन	ना.न.पा. ४	१९९.८	१९९८०
३०	देवी वञ्यै सामुदायिक वन	ना.न.पा. ५ र ७	१२९.६२	१२९६२
३१	राटामाटा महिला सामुदायिक वन	ना.न.पा. ७	६.२४	६२४
३२	छहरे ज्यामुने सामुदायिक वन	ना.न.पा. ९	२०५.८८	२०५८८
३३	चिउरी भिर सामुदायिक वन	ना.न.पा. ९	५२.३२	५२३२
३४	रानिवन सामुदायिक वन	ना.न.पा. ७	७८.८	७८८०

क्र.सं.	सामुदायिक वनको नाम	ठेगाना	वार्षिक स्वीकार्य कटान सेफ्टी	सम्भावित रकम रु. प्रतिसेफ्टी रु. १००/००
३५	सरस्वती युवा सामुदायिक वन	ना.न.पा. १,७,८ र ९	३०६.९६	३०६९६
३६	स्याल्ले खोला सामुदायिक वन	ना.न.पा. २	-	०
३७	सालतडा सामुदायिक वन	ना.न.पा. ९	९२.५५	९२५५
३८	फुलवारी सामुदायिक वन	ना.न.पा. ६	११०.३८	११०३८
३९	उदाउदो सुर्य सामुदायिक वन	ना.न.पा. ३	२९.७७	२९७७
४०	विपध झिल्के सामुदायिक वन	ना.न.पा. ५	१५२.८५	१५२८५
४१	कपासेडाँडा सामुदायिक वन	ना.न.पा. ३ र ५	२१९.४५	२१९४५
४२	बाविराचौर सामुदायिक वन	ना.न.पा. ८ र ९	७९३.९८	७९३९८
४३	जौवारी पाटाचौर सामुदायिक वन	भवानी १ र २	-	०
४४	आरेखोला भगेरी सामुदायिक वन	भवानी ५	१९६.८२	१९६८२
४५	लैटे सामुदायिक वन	ना.न.पा. ४	२८५.२	२८५२०
४६	पधेरी खोला सामुदायिक वन	ना.न.पा. १०	२५६.०४	२५६०४
४७	जागेचौर सामुदायिक वन	ना.न.पा. १०	२३०.४१	२३०४१
		जम्मा	**११००२.७५**	**१,१००,२७५**
			१० प्रतिशतले हुने	**११०,०२८**

स्रोतः जिल्ला वन डिभिजन कार्यालय दैलेख, २०८२

सुधार गर्नुपर्ने पक्षहरूः

- ✓ नगरपालिकामा रहेका सामुदायिक वन तथा वनपैदावरसम्बन्धी अभिलेख सङ्कलन गरी अद्यावधिक गर्ने ।
- ✓ सामुदायिक वनपैदावर बिक्री तथा उपयोगसम्बन्धीको वार्षिक कार्ययोजना नगरपालिकाले स्वीकृत गर्ने।
- ✓ आय सङ्कलनसम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने।
- ✓ सामुदायिक वन उपभोक्ता महासङ्घहरूसँग निरन्तर सम्वाद र सहकार्यमा जोड दिने।

परिच्छेद-चार : आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

४.१ राजस्व परिचालनसम्बन्धी नीति

यस परिच्छेद चारमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई मुख्यरूपमा व्याख्या गरिएको छ। यस विश्लेषणले नगरपालिकाको थप आय सङ्कलन तथा संस्थागत क्षमतामा सुधारका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ।

४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण

राजस्व परामर्श समितिले समितिमा छलफल गरी सर्वसम्मतिले आवश्यकताअनुसार छलफल तथा बैठकहरू गरी राजस्वका दररेटहरू तथा राजस्वसम्बन्धी नीतिगत निर्णयहरू नगरसभासमक्ष पेश गर्ने गरेको छ। नगरपालिकाले विषेश गरी सबै सरोकारवाला करदाताहरूको सहभागितामा राजस्व अभिवृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानीको हिस्सालाई बढाउँदै लाने नीति लिएको छ। नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमले आन्तरिक राजस्व परिचालन सम्बन्धमा निम्नानुसारका नीतिहरू लिएको छ।

- ✓ करदाताहरूमा कर संस्कृतिको भावना अभिवृद्धि गर्दै हालको कर प्रशासनको सुधार र रूपान्तरण गरी जनताको मन जित्ने करदातामैत्री र फराकिलो दायरा भएको राजस्व प्रणाली विकासमा जोड दिइनेछ।
- ✓ नगरपालिकाले प्रक्षेपण गरेको आन्तरिक राजस्व सङ्कलनको लक्ष्य हासिल गर्न करको दायराबाहिर कुनै करदाता नरहने गरी कर राजस्वसम्बन्धी करदाताहरूसँग नियमित संवाद छलफल घरदैलो कार्यक्रम र बस्तीहरूबाट करदाता सम्बन्धी सूचना सङ्कलन गर्ने खालका कार्यक्रमहरू वडा र टोलहरूमा सञ्चालन गरिनेछ।
- ✓ राजस्व सुधार कार्ययोजना मार्फत नगरपालिकाको कर तथा गैरकरहरूको दायरा फराकिलो बनाई राजस्व वृद्धिमा जोड दिइनेछ।
- ✓ नगरपालिकाका सम्पूर्ण करदाताहरूको तथ्याङ्क सङ्कलन गरी अभिलेख अद्यावधिक गरिनुको साथै राजस्व असुली कार्यमा उद्योग वाणिज्य सङ्घ लगायतका सरोकारवाला निनकायहरूसँग समन्वय तथा सहकार्य गरी राजस्व सङ्कलन गरिनुका साथै नगरपालिकाको आन्तरिक स्रोत साधनको परिचालन गर्न प्रगतिशिल कर प्रणालीको विकास, करको दायरा विस्तार र राजस्व चुहावटलाई पूर्णरूपमा नियन्त्रण गरिनेछ।
- ✓ घर बहाल करलाई थप प्रभावकारी बनाउन सम्बन्धित सरोकारवाला सङ्घसंस्था, निकाय वा कार्यालयसँग समन्वय गरी तथ्याङ्क सङ्कलन गर्ने र स्थानअनुसार निर्धारण गरिएको यथार्थ दर सफ्टवेयरमा अपडेट गरी लागु गरिनुका साथै घरधनीलाई अनिवार्य बहाल कर उपलब्ध गराउन प्रेरित गरिनेछ।
- ✓ नगरपालिकाको आन्तरिक राजस्व वृद्धिमा योगदान गरेबापत योगदानका आधारमा करदातालाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

नगरपालिकाको नीति तथा कार्यक्रमले समेटेको विषयबाहेक राजस्व नीतिमा निम्नानुसारका नीतिगत व्यवस्थाहरू थप गरी कार्यान्वयनमा ल्याउन उपयुक्त हुन्छ।

- ✓ कर तिर्नु कर्तव्य मात्र होइन गौरब पनि हो “भन्ने अवधारणाको विकास गर्न स्वयम् कर निर्धारण पद्धतिमार्फत करदातालाई नै पहिलो कर प्रशासकको रूपमा लिने गरी करसम्बन्धी आवश्यक व्यवस्था मिलाईनेछ।
- ✓ राजस्व प्रशासनलाई चुस्त, सरल, प्रविधिमैत्री एवम् करदातामैत्री बनाइनेछ।
- ✓ करसम्बन्धी सामाजिक न्यायको सिद्धान्तलाई व्यवहारमा, उतार्न महिला र अपाङ्गता भएका व्यक्तिहरूको स्वामित्वमा रहेको घरजग्गा कर र व्यवसाय करमा तोकिएको दरमा कर सहुलियत दिने नीति अवलम्बन

गरिनेछ।

तालिका २७: राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण विवरण

नीति निर्धारणका क्षेत्र	हालको अवस्था	नीतिगत सुधारका लगि सुझाव
(क) सङ्गठनात्मक अवस्था		
राजस्व शाखाको व्यवस्था सङ्गठन संरचनामा छ छैन?	छैन।	सङ्गठन संरचनामा राख्नु पर्ने
राजस्व शाखामा कुन तहका कति दरवन्दी छन?	कम्प्यूटर अपरेटर सहायक स्तर पाँचौंको एक जना कार्यरत रहेको।	राजस्वसम्बन्धी विषय जान्ने अधिकृत स्तरको कर्मचारीको नेतृत्वमा राजस्व शाखा हुनु पर्ने।
राजस्व शाखाले गर्ने कामका लागि कार्य विवरण छ छैन?	लिखितरूपमा नभएको	कार्यजिम्मेवारी लिखितरूपमा दिएर जिम्मेवार बनाउनु पर्ने।
कर्मचारीहरूलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द, आदिको व्यवस्था कस्तो छ?	सामान्य रहेको छ।	व्यवस्थित गर्न आवश्यक रहेको छ।
सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ? (सफ्टवेयर, एसएमएस, इमेल, टेलिफोन आदि)	सुत्र सफ्टवेयर प्रयोगमा रहेको छ। अन्य प्रविधिको प्रयोग छैन।	सुत्र सफ्टवेयर सञ्चालनमा व्यवहारिक समस्याहरू आउने गरेको हुँदा महालेखा नियन्त्रक कार्यालयबाट नियमित सहजीकरणको व्यवस्था मिलाउनु पर्ने साथै करदाताहरूलाई जानकारी उपलब्ध गराउने गरी विभिन्न सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिनु पर्ने।
राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ?	खासै कुनै किसिमको कार्यक्रम भएको छैन।	राजस्व शाखामा कार्यरत कर्मचारीहरू र राजस्व परामर्श समितिका पदाधिकारीहरूलाई राजस्व परिचालनसम्बन्धी अभिमुखीकरण तालिम उपलब्ध गराउनु पर्ने।
राजस्व परिचालनका लागि वडालाई दिइएको जिम्मेवारी के छ?	घटना दर्ता, सम्पत्ति कर तथा मालपोत कर र सिफारिस आदिको जिम्मेवारी प्रदान गरिएको छ।	वडा सचिवहरूलाई सुत्र सफ्टवेयर सम्बन्धमा तालिम उपलब्ध गराउनु पर्ने।
(ख) राजस्व प्रशासन सञ्चालनको अवस्था		
करदाताहरूको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरू 'सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, बहाल आदि	व्यवस्थित नरहेको।	व्यवस्थित गर्ने गरी नीतिगत व्यवस्था रहेको। यसलाई कार्यान्वयनमा ल्याउनु पर्ने।
नगरपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरूको विवरण तथा सोको परिचालन कस्तो छ?	विवरण अद्यावधिक रहेको तर परिचालनमा ध्यान नपुगेको।	परिचालनसम्बन्धी कार्यविधि बनाएर व्यवस्थित गर्नु पर्ने।
कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्याङ्कन कत्तिको सहि	ठिकै रहेको।	समयानुकुल परिमार्जन गर्दै लैजानु पर्ने।

नीति निर्धारणका क्षेत्र	हालको अवस्था	नीतिगत सुधारका लगि सुझाव
रूपमा भएको छ? मूल्याङ्कन अनुसार कर निर्धारण भएको छ छैन?		
चुहावट हुन सक्ने सम्भावनाहरू के के छन् र तिनको नियन्त्रणको लागि कस्तो नीति लिईएको छ?	कर राजस्व सङ्कलन नगदमा हुँदै आएको हुँदा चुहावटको सम्भावना रहेको छ।	राजस्व सङ्कलन बैङ्क मार्फत गर्नु पर्ने। स्काभेटर र एम्बुलेन्सको आम्दानीलाई थप व्यवस्थित गर्नु पर्ने।
व्यवस्थाको बर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ?	भएको।	प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनु पर्ने।
समयमा तिर्नेलाई छुट र ढिलो बुझाएमा जरीवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरूमा कसरी लागु गरिएको छ?	व्यवस्था नभएको। गत आ.व. सम्म रहेको राजस्व कम उठ्ने हुँदा छुट दिने नगरिएको। जरिवानाको व्यवस्था रहेको छ।	आर्थिक ऐनमा नै व्यवस्था गरी छुटको व्यवस्था हुनु पर्ने ।
करदाताहरूलाई उनीहरूले तिर्नुपर्ने कर रकम बारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ?	व्यवस्था नभएको।	व्यवस्था गरी करदातालाई सुसूचित गराउनु पर्ने।
नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्नसक्ने व्यवस्था केकस्तो छ?	गुनासो आउने गरेको छ।	करको दर र सहज प्रशासनको सुनिश्चित हुनु पर्ने।
राजस्व शाखाको कार्य प्रक्रिया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगमनको व्यवस्था के छ?	प्रभावकारी नभएको।	नियमित रूपमा समीक्षा गरी लक्ष्य हासिल गर्न आइपरेका समस्याको समाधान खोज्नु पर्ने।
सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ?	छैन।	निजी क्षेत्रसँगको सहकार्यमा जोड दिनु पर्ने।
ग) सूचना तथा समन्वयको अवस्था		
करदाताहरूलाई कर तथा शुल्कसम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ?(शिक्षामूलक कार्यक्रम, प्रचारप्रसार, होर्डिङ्गबोर्ड, बेवसाइट आदि)।	कुनै कार्यक्रम नरहेको।	वार्षिक कार्यक्रममा सुनिश्चित गर्नु पर्ने।
करको दर निर्धारण तथा समीक्षामा सरोकार पक्षहरूको सहभागिता कस्तो छ?	सहभागिता हुने नगरेको।	करको दर निर्धारण तथा समीक्षामा सरोकार पक्षहरूको सहभागिता सुनिश्चित गर्नु पर्ने।
राजस्व परामर्श समिति तथा अन्य समितिहरूको प्रभावकारिता कस्तो छ? (बैठक सङ्ख्या, निर्णयहरू आदि)।	राजस्व परामर्श समितिको बैठक बस्ने गरेको।	राजस्व परामर्श समितिलाई सहजीकरणको आवश्कता रहेको।
राजस्व असुलीमा सरोकार पक्षहरूको सकारात्मक सहभागिताको अवस्था कस्तो छ?	सहभागिता राम्रो छैन।	नियमित रूपमा सरोकारवालाहरूसँग सहकार्य गर्नु पर्ने।
राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ?	सामान्य रहेको।	अन्तर शाखा समन्वय र सहकार्यलाई प्राथमिकता दिनु पर्ने।
आयका स्रोतहरूको अभिलेख व्यवस्था कस्तो	व्यवस्थित छैन।	आयको स्रोतगत अभिलेखीकरण गर्नु

नीति निर्धारणका क्षेत्र	हालको अवस्था	नीतिगत सुधारका लगि सुझाव
छ?		पर्ने।
नगरपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन?	हुने गरेको छ।	यसलाई थप व्यवस्थित गरी सूचना पार्टी र वेवपेजमा राख्नु पर्ने
आयको आलेप तथा मलेप हुने गरेको छ छैन? छ भने आएका बेरूजुहरू कसरी सम्बोधन भएका छन्?	समयमै आलेप हुने गरेको र सैद्धान्तिक बेरूजु योजना सम्पन्न हुनुभन्दा पहिले भुक्तानी हुने प्रचलन रहेको।	

स्थानीय जनता जागरूक नहुँदा वा जानकार नहुँदा सबै करदाताहरूले समयमै कर नबुझाउने तथा कर आवश्यक पर्दा मात्र राजस्व बुझाउने चलन रहेको छ।

४.२ आय सङ्कलनको संस्थागत क्षमता

स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल यस नगरपालिकाको राजस्वको संस्थागत क्षमता देहायअनुसार रहेको छः

- ✓ राजस्वसम्बन्धी कार्यका लागि प्रशासनिक रूपमा राजस्व उपशाखा समेत गठन भई कामकाज भैरहेको तर राजस्व प्रशासनका लागि आवश्यक कर्मचारी र भौतिक सुविधा पर्याप्त नरहेको
- ✓ राजस्व सङ्कलनमा कार्यरत कर्मचारीहरूका लागि आवश्यक तालिम तथा अभिमुखीकरण नभएको
- ✓ राजस्व सङ्कलन कार्यका लागि नगरपालिका तथा वडा कार्यालयहरूमा कम्प्युटर तथा सफ्टवेयर जडान भएको।
- ✓ स्थानीय राजस्व परामर्श समिति राजस्व परिचालनका लागि क्रियाशील रहेको।
- ✓ राजस्व सङ्कलनमा वडास्तरमा कम्प्युटर बिलिङ्ग प्रयोग भइरहेको।
- ✓ यसका सबै वडा कार्यालयहरूबाट मूलतः मालपोत, पञ्जीकरण, सिफारिस दस्तुर सङ्कलन गर्ने गरिएको।
- ✓ वडा कार्यालयहरूले सङ्कलन भएको रकम साप्ताहिक रूपमा एकमुष्ठ बैङ्क दाखिला गरी विवरणसहित आर्थिक प्रशासन शाखामा पेश गर्ने गरेको।
- ✓ आर्थिक ऐन र यथार्थ सङ्कलनबीचको तालमेल कमजोर रहेको।
- ✓ राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा नभएको।
- ✓ राजस्व परिचालनसम्बन्धी छुट्टै नीति नबनेको।
- ✓ हालसम्म राजस्व सङ्कलन तथा त्यसको प्रभावकारिताका लागिअनुगमन तथा मूल्याङ्कन नभएको।

४.२.१ स्थानीय राजस्व परामर्श समिति

स्थानीय तह सञ्चालन ऐन. २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समितिसम्बन्धी व्यवस्था रहेको छ।यस समितिले राजस्वसम्बन्धी नीति तथा कानुन तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनासम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरू गर्दछ।यस नगरपालिकामा स्थानीय राजस्व परामर्श समितिको गठन देहायअनुसार भएको छ।

तालिका २८ : राजस्व परामर्श समितिको विवरण

क्र.स..	नाम	पद	जिम्मेवारी
१	श्री तप्ता कुमारी खड्का (थापा)	उप-प्रमुख	संयोजक
२.	श्री रेशमबहादुर बुढा	प्रमुख प्रशासकीय अधिकृत	सदस्य

क्र.स.	नाम	पद	जिम्मेवारी
३	श्री वखत नेपाली	कार्यपालिका सदस्य	सदस्य
४	श्री भोजकुमारी कोइराला	कार्यपालिका सदस्य	सदस्य
५	श्री नरेन्द्र बहादुर थापा	नगरस्तरीय उद्योग वाणिज्य सङ्घ अध्यक्ष/प्रतिनिधि	सदस्य
६	श्री गोविन्द बहादुर खत्री	नगरस्तरीय घरेलु तथा साना उद्योगका अध्यक्ष/प्रतिनिधि	सदस्य
७	श्री सुजन विक	कम्प्यूटर अपरेटर सहायक स्तर पाँचौं, राजस्व शाखा	सदस्य सचिव

४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन

यस नगरपालिकाको सङ्गठन संरचनामा राजस्व प्रशासन छैन। अतः यसमा स्थायी दरबन्दी नरहेकाले प्राविधिकहरूले विशेष गरी सहायक चौथो तहका कर्मचारीहरूले काम गरिरहेका छन्। राजस्वमा काम गर्न कम्प्युटरलगायत भौतिक साधनहरूको व्यवस्था गरिएको छ। यसै गरी राजस्व प्रशासन सञ्चालनको लागि छुट्टै सफ्टवेयर पनि सञ्चालनमा छ।यसबाट कम्प्युटर प्रणालीबाट बिलिङ सिस्टम गर्ने गरिन्छ। राजस्व प्रशासनमा करदाताको विवरण अद्यावधिक छैन।

नगरपालिकाको राजस्व प्रशासनलाई अझ प्रभावकारी बनाउने नीति चालु बजेटमार्फत पनि नगरपालिकाले लिएको छ।यसको प्रभावकारिताका लागि गर्नुपर्ने कार्यहरूमा जनशक्ति व्यवस्थापन, राजस्व शाखाको संस्थागत विकास, राजस्वसम्बन्धी कार्ययोजना तर्जुमा, मालपोत कार्यालयबाट स्थानीय जग्गाको लगत अद्यावधिक, करदाताहरूको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरूको पहिचान गर्नुपर्ने रहेको छ।यसैगरी राजस्व प्राप्त हुने पुँजीगत निर्माण, पर्यटकीय क्षेत्रहरूको प्रवर्धन, ऐतिहासिक स्थलहरूको प्रचार प्रसारका साथै होमस्टे विकास र प्रवर्धन गर्नुपर्ने छ।वडास्तरमा काम गर्ने कर्मचारीलाई प्रभावकारी सेवा प्रवाह र राजस्व सङ्कलन कार्यमा परिचालन गर्नुपर्ने हुन्छ।साथै नगरपालिका तथा वडा कार्यालयका राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरूलाई राजस्व र आयका शीर्षकका विषयमा अभिमुखीकरण र अभिलेख व्यवस्थापनसम्बन्धी क्षमता विकास महत्वपूर्ण हुने देखिन्छ।यसैगरी राजस्व सङ्कलनको लागि स्थानीय स्तरमा जन-जागरण कार्यक्रमहरू सञ्चालन गरी जनतामा **"कर तिर्नु कर्तव्य मात्र होइन गौरव पनि हो"** भन्ने भावनाको विकास गर्नुपर्ने देखिन्छ।

तालिका २९ : राजस्व शाखामा कार्यरत कर्मचारीको विवरण

क्र.सं.	नाम	पद	जिम्मेवारी
१.	श्री सुजन वि.क.	कम्प्यूटर अपरेटर	राजस्व शाखा

४.३ विगतको आय परिचालनको अवस्था

यस नगरपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा न्यून रहेको छ। आ.व. २०७८/७९ देखि आ.व. २०८०/८१ सम्मको कुल औसत आम्दानीमा आन्तरिक श्रोतको हिस्सा ३.७३ प्रतिशत रहेको छ।

तालिका ३०: विगतको आय परिचालनको अवस्था तथा अनुमान

शीर्षक	२०७८/७९	२०७९/८०	२०८०/८१	औसत	प्रतिशत हिस्सा
सङ्घीय सरकार	४७६६०२२३०	४१५०१४६२३	३६८२०३५६६.२	४१९९४०१४०	६८.२३
प्रदेश सरकार	४२९४५१९०	५१०९४१२७	४७४७०८५९.७९	४७१७००५९	७.६६
राजस्व बाँडफाँट	७९२४४१३२	७६०८६९५१	८८४३९५१०.१३	८१२५६८६४	१३.२०
आन्तरिक श्रोत	४९८०१५८०	९८३४३७८	९१९८७८६.६२	२२९४४९१५	३.७३
बैङ्क मौज्दात	३५८८७०००	८५१६९९२८	११३५०४१८.०७	४४१३५७८२	७.१७

शीर्षक	२०७८/७९	२०७९/८०	२०८०/८१	औसत	प्रतिशत हिस्सा
कुल जम्मा	६८४४८०१३२	६३७२००००८	५२४६६३१४०	६१५४४७७६०	१००

स्रोतः नारायण नगरपालिका को वित्तीय विवरण, २०८२

४.४ राजस्व परिचालनमा रहेका सवालहरू

यस नगरपालिकाको आय परिचालनको सुधारका लागि महत्वपूर्ण कार्यहरू गर्नुपर्ने देखिएको छ। यहाँ रहेका समस्या तथा सवालहरूलाई चित्र नं. ९ मा छोटकरीमा देखाइएको छ र विस्तृत व्याख्या तल गरिएको छ।

क) कर सङ्कलन सामर्थ्यको अभिवृद्धि

यस नगरपालिकाको नियमित, दिगो तथा महत्वपूर्ण आन्तरिक स्रोतका रूपमा रहेका करहरू जस्तै सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा बहाल कर आदि प्रभावकारी कार्यान्वयनमा आउन सकेका छैनन्। कर सङ्कलनको सबै सम्भाव्य क्षेत्रहरूलाई यस अध्ययन क्रममा पहिचान गरिएअनुरूप तिनीहरूको व्यवहारिक कार्यान्वयनमा ल्याउनुपर्ने भएको छ ।

ख) सङ्गठनात्मक संरचना र कर्मचारी व्यवस्था

नगरपालिकाको राजस्व उपशाखामा अधिकृत स्तरको कर्मचारी नरहेको अवस्था छ। आईटी सम्बन्धी ज्ञान भएको कर्मचारीलाई राजस्वको कामको जिम्मेवारी दिइएको छ। नगरपालिकाको सङ्ठन व्यवस्थापन सर्भेक्षण गरी नगरपालिकाका कार्यालयमा शाखा वा उपशाखा वा एकाइको आवश्यकता पहिचान गरी सम्बन्धित शाखा वा उपशाखा वा एकाइको कामको चाप तथा आवश्यकताका आधारमा नगरसभाबाट कर्मचारी दरबन्दी स्वीकृत गरी राजस्व हेर्ने शाखा वा उपशाखा वा एकाइको लागि अधिकृत स्तरको कर्मचारीको नेतृत्वमा राजस्व शाखा सञ्चालन हुन आवश्यक देखिन्छ। यसैगरी राजस्व शाखाका कर्मचारीहरूलाई समयसमयमा क्षमता वृद्धिको तालिमहरू दिनुपर्ने देखिन्छ।

ग) आर्थिक ऐनमा सुधार

नगरपालिकाको आर्थिक ऐन, २०८१ मा समसामयकि रूपमा गर्नु पर्ने सुधारका क्षेत्रहरू पहिचान गरी अनुसूची १ मा तीनमहले तयार गरी प्रस्तुत गरिएको छ। यसमा नगरपालिकाको आगामी आ.व. २०८२/८३ को आर्थिक ऐनमा सुधार गर्ने गरी सुझाव गरिएको छ।

घ) तथ्याङ्कमा आधारित अभिलेख

नगरपालिकाको आन्तरिक आयवृद्धिका लागि आयस्रोतहरूको अभिलेख अद्यावधिक हुनु जरूरी हुन्छ। नगरपालिकालाई राजस्वका क्षेत्रधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापारव्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयार गरी हरेक वर्ष अद्यावधिक गर्नुपर्ने देखिन्छ। अद्यावधिक अभिलेखविना राजस्वसम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन।

ङ) कार्यविधि तर्जुमा

आय परिचालनसम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरू जस्तै बहाल कर र व्यवसाय कर सङ्कलन गर्ने कार्यविधि तयार गरी नगरपालिकाले वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ। कार्यविधिमा आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिलासम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषय वस्तुहरू उल्लेख गर्नु पर्दछ ।

ज) समन्वय संयन्त्रको प्रभावकारिता वृद्धि

राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई सक्रिय बनाउनु आवश्यक हुन्छ। राजस्व परिचालन सम्बन्धित नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व सङ्कलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय गर्न आवश्यक हुन्छ। राजस्व तथा कर सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरूरी देखिन्छ । साथै राजस्व बाँडफाँट सम्बन्धमा संघ, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक देखिन्छ।

झ) सामाजिक-आर्थिक अवस्था र कर सङ्कलन सामर्थ्यबीचको सामञ्जस्यता

नारायण नगरपालिकाको अधिकांश नागरिकहरूको जीवन कृषिमा आधारित र निर्वाहमुखी छ। उनीहरूको आर्थिक स्रोत पनि कमजोर भएको हुनाले जनसङ्ख्याको ठूलो हिस्साको कर तिर्न सक्ने क्षमता कमजोर भएको हुँदा राजस्वको सम्भाव्यता पनि कम रहेको छ। अर्कोतर्फ, कानुनले अधिकार क्षेत्रहरूमा कर सङ्कलन नगर्दा नगरपालिकाले कर सङ्कलन सामर्थ्य कमजोर देखिन्छ। त्यसैले नगरपालिकाभित्रका सबै सम्भाव्य क्षेत्रहरूमा न्यूनतम दर र करका प्रगतिशील सिद्धान्तलाई ध्यानमा राखी कर कार्यान्वयन गर्नु उपयुक्त हुन्छ।

ञ) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु पर्दछ। साथै करदातासँग निरन्तर संवाद गर्नुपर्दछ। यसका लागि सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवाला पक्षहरूलाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन्। नगरपालिकामा आयको सङ्कलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ।

परिच्छेद पाँच : राजस्व सुधार कार्ययोजना

यस परिच्छेद पाँचमा नारायण नगरपालिकाले राजस्व परिचालनलाई प्रभावकारी बनाउन आवश्यक पर्ने कार्ययोजना प्रस्तुत गरिएको छ। परामर्शदाताद्वारा सङ्कलित तथ्याङ्क तथा सूचनाहरू, तिनीहरूको विश्लेषणबाट आएका नतिजाहरू तथा नगरपालिकासँग सम्बद्ध सरोकार पक्षहरूसँग गरिएको छलफल तथा कुराकानीलाई समेत समावेश गरी कार्ययोजना तयार गरिएको छ। राजस्व सुधारसम्बन्धी कार्ययोजना तलको तालिका ३१ मा विस्तृतरूपमा प्रस्तुत गरिएको छ।

५.१ राजस्व सुधारका कार्ययोजना

तालिका ३१ : राजस्व सुधार कार्ययोजना

क्र.सं.	सुधारका लागि गर्नु पर्ने कार्य	समयावधी	जिम्मेवारी
क.	**स्थानीय राजस्व परामर्श समितिको क्रियाशिलता**		
१	चौमासिक रूपमा स्थानीय राजस्व परामर्श समितिको बैठक बसी आन्तरिक आय सङ्कलनको अवस्थाको समीक्षा गर्ने।	चौमासिक	राजस्व परामर्श समिति
२	चौमासिक रूपमा स्थलगत अनुगमन गरी राजस्व परिचालनका समस्याहरू पहिचान गरी समाधानका उपाय खोज्ने।	चौमासिक	राजस्व परामर्श समिति
३	राजस्व सुधार कार्ययोजना कार्यान्वयनको सुनिश्चितता गर्ने।	नियमित	उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत
ख.	**राजस्व शाखाको क्षमता विकास**		
१	अधिकृत स्तरको कर्मचारीको नेतृत्वमा राजस्व इकाइलाई शाखामा रूपमा विस्तार गर्ने।	२०८२ चैत्र मसान्तसम्म	नगरसभा
२	राजस्व शाखामा कार्यरत कर्मचारीलाई सुत्र सफ्टवेयरका बारेमा तालिम उपलब्ध गराउने।	२०८२ कार्तिक समान्तभित्र	प्रमुख प्रशासकीय अधिकृत
३	वडा सचिवहरुलाई सुत्र सफ्टवेयरका बारेमा तालिम उपलब्ध गराउने।	२०८२ कार्तिक महिनासम्म	प्रमुख प्रशासकीय अधिकृत
ग.	**करदाता लक्षित कार्यक्रम**		
१	विभिन्न सञ्चार माध्यमबाट कर असुलीसम्बन्धी जनचेतनामूलक सूचनाहरू प्रचारप्रसार गर्ने।	नियमित	राजस्व शाखा
२	करदातामैत्री करशिक्षा कार्यक्रम सञ्चालन गर्ने।	चौमासिक	राजस्व शाखा
३	चौमासिक रूपमा करदाताहरूसँग छलफल, अन्तरक्रिया र संवाद कार्यक्रम गर्ने।	चौमासिक	राजस्व शाखा
४	मापदण्ड निर्माण गरी वार्षिक रूपमा विशेष करदातालाई पुरस्कृत गर्ने कार्यक्रम सञ्चालन गर्ने।	वार्षिक	राजस्व परामर्श समिति
घ.	**नीतिगत व्यवस्था**		
१	कर तथा गैरकरसम्बन्धी ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।	२०८३ असार मसान्तसम्म	नगर कार्यपालिका
२	घर तथा जग्गा बहाल करसम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।	२०८२ पौष मसान्तसम्म	नगर कार्यपालिका
३	व्यावसाय करसम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।	२०८२ पौष मसान्तसम्म	नगर कार्यपालिका

क्र.सं.	सुधारका लागि गर्नु पर्ने कार्य	समयावधी	जिम्मेवारी
४	राजस्व शाखामा कार्यरत कर्मचारीलाई कार्यविवरण (Terms of Reference) दिई जिम्मेवार बनाउने।	२०८२ भाद्र मसान्तसम्म	प्रमुख प्रशासकीय अधिकृत
५	आर्थिक ऐनका दफा र दफासँग सम्बन्धित अनुसूचीहरूलाई व्यवस्थित गरी पुनर्लेखन गर्ने।	२०८२ असार मसान्तसम्म	लेखा शाखा र राजस्व शाखा
६	तोकिएको समयभित्र कर तिर्ने करदाता र सामाजिक र आर्थिकरूपमा पछाडि रहेका महिला तथा अपाङ्गता भएका व्यक्तिलाई कर सहुलियतको विशेष सुविधा दिने।	२०८२ असार मसान्तसम्म	नगरसभा
७	घर बहाल करलाई थप प्रभावकारी बनाउन सम्बन्धित सरोकारवाला सङ्घसंस्था तथा निकायहरुसँग समन्वय गरी राजस्व सङ्कलनमा सबै करदातालाई दायरमा ल्याउने।		
ङ.	**कर तथा गैरकर राजस्वका क्षेत्रमा गर्नु पर्ने कार्यहरू**		
१	सम्पत्ति कर गणनाका लागि आवश्यक पर्ने ह्रासकट्टीको विधि, आधार र दर निर्धारण गर्ने	२०८२ असार मसान्तसम्म	नगरसभा
२	मालपोत (भूमिकर) को आधार र दर निर्धारण गर्ने	२०८२ असार मसान्तसम्म	नगरसभा
३	बहाल कर सम्बन्धमा जग्गाको मूल्य, बाटो, व्यवसायिक तथा आवासीय प्रयोजनका आधारमा न्यूनतम् बहाल अङ्क निर्धारण गर्ने।	२०८२ असार मसान्तसम्म	नगरसभा
४	घुम्ती शिविर सञ्चालन गरी सबै प्रकारका करहरू करदाताको घरदैलोबाटै लिने व्यवस्था मिलाउने।	नियमित	राजस्व शाखा
५	जडीबुटी तथा कबाडी कर सङ्कलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने।	२०८३ असार मसान्तसम्म	राजस्व परामर्श समिति
६	पार्किङ् व्यवस्थापनका लागि सम्भाव्य क्षेत्र पहिचान गरी ठेक्का व्यवस्था अगाडी बढाउने।	२०८३ असार मसान्तसम्म	राजस्व परामर्श समिति
७	मालपोत कार्यालयबाट भूमिसम्बन्धी तथ्याङ्कहरू लिएर भूमिकरसम्बन्धी करदाताको सङ्ख्या र क्षेत्रफल यकिन गर्ने।	२०८२ पौष मसान्तसम्म	राजस्व शाखा
८	यातायात कार्यालय सुर्खेतबाट अटोरिक्साको विवरण माग गरी साना सवारीसम्बन्धी डाटावेस निर्माण गर्ने।	२०८२ पौष मसान्तसम्म	राजस्व शाखा
९	सम्पूर्ण करदाताको तथ्याङ्क सङ्कलन गरी अभिलेख अद्यावधिक गर्ने।	२०८२ पौष मसान्तसम्म	राजस्व शाखा
च.	**प्रतिनिधिमूलक संस्थाहरूसँगको समन्वय र सहकार्य**		
१	उद्योग वाणिज्य सङ्घ दैलेखसँग समन्वय र सहकार्य गर्ने।	नियमित	राजस्व परामर्श समिति
२	सामुदायिक वन उपभोक्ता समुहसँग नियमित छलफल र संवाद गर्ने।	नियमित	राजस्व परामर्श समिति
३	सहकारी संस्था, सङ्घ तथा समूहसँग नियमित छलफल र संवाद गर्ने।	नियमित	राजस्व परामर्श समिति
छ.	**राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन**		
१	कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरू कार्यान्वयनको	वार्षिक रूपमा	प्रमुख प्रशासकीय

क्र.सं.	सुधारका लागि गर्नु पर्ने कार्य	समयावधी	जिम्मेवारी
	सुनिश्चितता गर्ने।		अधिकृत
२	कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने।	२०८२ असार मसान्तसम्म	नगरसभा

परिच्छेद छ : आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगामी तीन आर्थिक वर्षहरूका लागि नगरपालिकाको राजस्व प्रक्षेपण गरिएको छ। नगरपालिकाको राजस्व अधिकार, हालको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजनासमेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। उक्त प्रक्षेपण गर्दा महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा गरिएको छ। यस प्रक्षेपणले आगामी बजेट तर्जुमा गर्न उल्लेखनीय सहयोग पुग्ने आशा गरिएको छ।

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

माथि भनिए अनुसार आगामी तीन वर्ष (आ.व. २०८२/८३ देखि २०८४/८५) को लागि आय प्रक्षेपण गरिएको छ। यो आय प्रक्षेपण अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ। प्रक्षेपण गरिएका अधिकांश शीर्षकहरूको आय प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ भने केही शीर्षकहरूको आय प्रक्षेपण विगतको आय सङ्कलनको वृद्धिदरलाई आधार मानी गरिएको छ। यससम्बन्धी विवरण तल तालिका ३२ मा प्रस्तुत गरिएको छ।

तालिका ३२ : आगामी आर्थिक वर्षको राजस्व प्रक्षेपण/यसका आधारहरू

राजस्व सङ्केत	राजस्व शीर्षक	कुल सम्भाव्यता रकम	आगामी तीन वर्षका लागि प्रक्षेपणको आधार
(क) आन्तरिक आय तर्फ			
११३१३	सम्पत्ति कर	८०१४५६५	पहिलो वर्ष कूल सम्भावनाको ८० प्रतिशत, दोश्रो वर्ष ९० प्रतिशत र तेश्रो वर्ष ९५ प्रतिशत करदाताहरू करको दायरामा आउने अनुमान गरिएको छ।
११३१४	भूमिकर (मालपोत)	६१९१५५	
११३२१	घरजग्गा बहाल कर	१८३००००	
११३२२	बहाल बिटौरी शुल्क	२३३७५००	
११३५१	व्यवसाय कर	६३८१००	
११४५१	साना सवारी साधन कर	८७५०००	
	जडिवुटी कवाडी जीवजन्तु कर	३०००००	
	पार्किङ्ग शुल्क	८३९५००	
	फोहरमैला सङ्कलन	६१२५००	
११४७१	मनोरञ्जन कर	९००००	चालु आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्मको राजस्व सङ्कलनको अनुपातमा वार्षिक ५ प्रतिशत वृद्धि हुने अनुमानका आधारमा प्रक्षेपण गरिएको छ।
११४७२	विज्ञापन कर	३५३५८०	
११६९१	अन्य कर	७३४९१८	
११६२१	व्यवसाय वाहेक अन्यले भुक्तानी गर्ने	२५०	
११६३१	कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	४८२०	
१४२१३	अन्य बिक्रीबाट प्राप्त रकम	१८८७२	
१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	४६५००	
१४२२१	न्यायिक दस्तूर	१००००	
१४२२३	शिक्षा क्षेत्र आम्दानी	१५०००	
१४२२४	परीक्षा शुल्क	३४००	

राजस्व सङ्केत	राजस्व शीर्षक	कुल सम्भाव्यता रकम	आगामी तीन वर्षका लागि प्रक्षेपणको आधार
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	१२०००	
१४२४२	नक्सापास दस्तूर	२२७८२२	
१४२४३	सिफारिस दस्तूर	८४१९५०	
१४२४४	व्यक्तिगत घटना दर्ता दस्तूर	२१८९००	
१४२४५	नाता प्रमाणित दस्तूर	६५०००	
१४२४९	अन्य दस्तुर	३४६८८०	
१४२५३	व्यवसाय रजिष्ट्रेसन दस्तुर	१०१७२०५	
१४२६५	अन्य क्षेत्र आय	१९२१३५९	
१४३१२	अन्य प्रशासनिक दण्ड, जरिवाना र जफत	३७०७५	
१४५२९	अन्य राजस्व	४०१२५	
३३३६६	दहत्तर वहत्तर शुल्क	३८७६४३२	पहिलो वर्ष कूल संभावनाको ४० प्रतिशत, दोश्रो वर्ष ९० प्रतिशत र तेश्रो वर्ष ९५ प्रतिशत करदाताहरू करको दायरामा आउने अनुमान गरिएको छ।
	सामुदायिक वन	११००२८	
	जम्मा	**२६०५८४३६**	**४.१३ प्रतिशत**
(ख) नेपाल सरकारबाट प्राप्त हुने राजस्व र रोयल्टी बाँडफाँट			
११४५६	बाँडफाँट भई प्राप्त हुने मु.अ.कर	९८८०००००	वार्षिक ५ प्रतिशतले वृद्धि हुने अनुमानका आधारमा प्रक्षेपण गरिएको छ।
११४७१	बाँडफाँट भई प्राप्त हुने अन्तःशुल्क		
११४७२	बाँडफाँट भई प्राप्त हुने वन रोयल्टी	२४४९८	
	जम्मा	**९८८२४४९८**	**१५.६७ प्रतिशत**
(ग) प्रदेश सरकारबाट प्राप्त हुने राजस्व र रोयल्टी बाँडफाँट			
१४३१५	घरजग्गा रजिष्ट्रेसन शुल्क	१५०००००	घरजग्गा रजिष्ट्रेसन शुल्क र सवारी साधन करको एकमुष्ट राखी वार्षिक ५ प्रतिशतले वृद्धि हुने अनुमानका आधारमा प्रक्षेपण गरिएको छ।
११४५६	सवारी साधन कर	३०२७५१२	
११४७१			
११४७२			
	जम्मा	**४५२७५१२**	**०.७२ प्रतिशत**
(घ) नेपाल सरकारको अनुदान तथा वित्तीय हस्तान्तरण			
१३३११	समानीकरण	१०३६०००००	वार्षिक ५ प्रतिशतले वृद्धि हुने अनुमानका आधारमा प्रक्षेपण गरिएको छ।
१३३१२	सशर्त चालु	३०६०२३०००	
१३३१३	सशर्त पुँजीगत		
१३३१४	विशेष अनुदान चालु		
१३३१५	विशेष अनुदान पुँजीगत		
१३३१६	समपुरक अनुदान चालु	१३५०००००	
१३३१७	समपुरक अनुदान पुँजीगत		
१३३१८	अन्य अनुदान चालु		
१३३१९	अन्य अनुदान पुँजीगत		
	जम्मा	**४२३१२३०००**	**६७.०९ प्रतिशत**

राजस्व सङ्केत	राजस्व शीर्षक	कुल सम्भाव्यता रकम	आगामी तीन वर्षका लागि प्रक्षेपणको आधार
(ङ) प्रदेश सरकारको अनुदान तथा वित्तीय हस्तान्तरण			
१३३११	समानीकरण	११७६९०००	वार्षिक ५ प्रतिशतले वृद्धि हुने अनुमानका आधारमा प्रक्षेपण गरिएको छ।
१३३१२	सशर्त चालु	४४३५४०००	
१३३१३	सशर्त पुँजीगत		
१३३१४	विशेष अनुदान चालु	७००००००	
१३३१५	विशेष अनुदान पुँजीगत		
१३३१६	समपुरक अनुदान चालु	१५००००००	
१३३१७	समपुरक अनुदान पुँजीगत		
१३३१८	अन्य अनुदान चालु		
१३३१९	अन्य अनुदान पुँजीगत		
	जम्मा	**७८१२३०००**	**१२.३९ प्रतिशत**
(च) अन्य आन्तरिक अनुदान			
१३४११	अन्य संस्थागत आन्तरिक अनुदान	०	यी शीर्षकहरुमा राजस्व प्रक्षेपण गरिएको छैन।
१३४१२	अन्य व्यक्तिगत आन्तरिक अनुदान	०	
	जम्मा	०	
	कुल जम्मा	**६३०६५६४४६**	**१०० प्रतिशत**

नोट:

१. सशर्त, विशेष र समपुरक अनुदानको चालु र पुँजीगतलाई मिसाएर एकमुष्ट रूपमा राखिएको छ।

२. नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट आर्थिक वर्ष २०८१/८२ प्राप्त हुने अनुदान र राजस्व बाँडफाँटको रकमलाई संभावित राजस्व बाँडफाँटको आकार मानी सोमा वार्षिक ५ प्रतिशतले वृद्धि हुने गरी राजस्व प्रक्षेपण गरिएको छ।

६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण

नारायण नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ का लागि आन्तरिक श्रोतको कुल अनुमान रु. १ करोड १० लाख गरेकोमा २०८२ असार मसान्तसम्म रु. १ करोड ११ लाख ५ हजार ८ सय ९९ सङ्कलन भएको छ। यस नगरपालिकाकाको कुल बजेट सम्भावनाको प्रक्षेपण रु. ६३ करोड ६ लाख ५६ हजार ४ सय ४६ गरिएकोमा आन्तरिक राजस्व रु. २ करोड ६० लाख ५८ हजार ४ सय ३६ (४.१० प्रतिशत) अनुमान गरिएको छ। कुल बजेटमा सबैभन्दा बढी योगदान सङ्घीय अनुदानको ६७.०९ प्रतिशत रहेको छ। सङ्घीय सरकारबाट प्राप्त हुन मूल्य अभिवृद्धि कर र अन्त:शुल्कबाट राजस्व बाँडफाँटको योगदान १५.६७ प्रतिशत रहेको छ। प्रदेश सरकारबाट प्राप्त हुने राजस्व र रोयल्टी बाँडफाँटको हिस्सा नगन्य ०.७२ प्रतिशत मात्र रहेको छ। यसै गरी प्रदेश सरकारको अनुदान तथा वित्तीय हस्तान्तरणको योगदान १२.३९ प्रतिशत रहेको छ।

यस नगरपालिकाको आगामी तीन वर्षको प्रक्षेपित राजस्व/आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। माथिका अध्यायहरूमा प्रस्ताव गरिएअनुसार र ऐनअनुसार करका दायरा विस्तार गर्न सकेको खण्डमा नगरपालिकाको आय आन्तरिक राजस्व वृद्धि हुने प्रवल संभावन रहेको छ। नगरपालिकाको तीन वर्षको राजस्व प्रक्षेपणसम्बन्धी विस्तृत विवरण तल तालिका ३३ मा प्रस्तुत गरिएको छ।

तालिका ३३ : नगरपालिकाको तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण

राजस्व संकेत	राजस्व शीर्षक	विगत तीन वर्षको यथार्थ (रकम रु. मा)			तीन वर्षको औसत राजस्व (रकम रु. मा)	प्रस्तावित आय (चालु आ.व. २०८१/८२ को) (रकम रु. मा)	कुल संभावना (रकम रु. मा)	आगामी तीन आ.व.को प्रक्षेपित आय (रकम रु. मा)		
		२०७८/७९	२०७९/८०	२०८०/८१				२०८२/८३	२०८३/८४	२०८४/८५
१००००	**राजस्व तथा अनुदान**									
क.	**आन्तरिक राजस्व**	**१३९१४५७९**	**९८३४३७८**	**१०२६०६१५**	**१२१७८५०१**	**१०५०००००**	**२६०५८४३६**	**२२६९८१४०**	**२४९२४४९३**	**२६२६१६७१**
११०००	कर	१३९१४५७९	५८७५२२८	५४८५३४४	६२११२००	६५५००००	१९८६१५४८	१६१९१४०८	१८०९२४२४	१९०८७९९८
११३००	सम्पत्तिकर	१३९१४५७९	५८७५२२८	५४८५३४४	६२११२००	६५५००००	१८६३४३३२	१५०१८३६१	१६८६०७२४	१७७९४७१४
११३१०	अचल सम्पत्तिमा लाग्ने कर									
११३११	व्यक्तिगत सम्पत्तिमा लाग्ने वार्षिक कर									
११३१२	संस्थागत सम्पत्तिमा लाग्ने वार्षिक कर									
११३१३	सम्पत्तिकर	१३९१४५७९	३६५११२९	२३४८४४१	२९९९७८५	४००००००	८०१४५६५	६४११६५२	७२१३१०९	७६१३८३७
११३१४	भूमिकर (मालपोत)						६१९१५५	४९५३२४	५५७२४०	५८८१९७
११३२०	खुद सम्पत्तिमा लाग्ने चालु कर							०	०	०
११३२१	घरबहाल कर		१३३४७४२	२०१२९६०	१६७३८५१	१५०००००	१८३००००	१४६४०००	१६४७०००	१७३८५००
११३२२	बहालबिटौरी शुल्क						२३३७५००	१८७००००	२१०३७५०	२२२०६२५
११३५०	वित्तीय र पूँजीगत कारोवारमा लाग्ने कर							०	०	०
११३५१	व्यवसाय कर		८०८८५७	६१३१५	४३५०८६	०	६३८१००	५१०४८०	५७४२९०	६०६१९५
११४५१	सवारी साधन कर (साना सवारी)		८०५००	८००	४०६५०	५००००	८७५०००	७०००००	७८७५००	८३१२५०
११४७०	मनोरञ्जन कर						९००००	९४५००	९९२२५	१०४१८६
११४७२	विज्ञापन कर						३५३५८०	३७१२५९	३८९८२२	४०९३१३
१४१५७	बाँडफाँट भई प्राप्त दहत्तरबहत्तरको बिक्रीबाट प्राप्त हुने आय			१०६१८२८	१०६१८२८	१००००००	३८७६४३२	३१०११४६	३४८८७८९	३६८२६१०

राजस्व संकेत	राजस्व शीर्षक	विगत तीन वर्षको यथार्थ (रकम रु. मा)			तीन वर्षको औसत राजस्व (रकम रु. मा)	प्रस्तावित आय (चालु आ.व. २०८१/८२ को) (रकम रु. मा)	कुल संभावना (रकम रु. मा)	आगामी तीन आ.व.को प्रक्षेपित आय (रकम रु. मा)		
		२०७८/७९	२०७९/८०	२०८०/८१				२०८२/८३	२०८३/८४	२०८४/८५
११४००	**वस्तु तथा सेवामा आधारित कर**	७६०८६९५१	७९२४४१३२	८७३५९१५२	९८२५६०७९	१०३३२७५१२	१०३३२७५१२	१०८४९३८८८	११३९१८५८२	११९६१४५११
	सङ्घीय राजस्व बाँडफाँटबाट प्राप्त आय	***७४१६२१८८***	***७७०४२०८५***	***७८९१३९४३***	***८९२७१०३४***	***९८८००००***	***९८८००००***	***१०३७४००००***	***१०८९२७०००***	***११४३७३३५०***
११४१०	मुल्य अभिवृद्धि कर									
१४४११	बाँडफाँट भई प्राप्त हुने मुल्य अभिवृद्धि कर	७४१६२१८८	५८१९४६४२	७८९१३९४३	७०४२३५९१	९८८०००००	९८८०००००	१०३७४००००	१०८९२७००० ०	११४३७३३५०
११४२०	अन्तः शुल्क									
१४४२१	बाँडफाँट भई प्राप्त हुने अन्तःशुल्क		१८८४७४४३		१८८४७४४३					
	प्रदेश राजस्व बाँडफाँटबाट प्राप्त आय	***१९२४७६३***	***२२०२०४६***	***८४४५२०९***	***८९८५०४५***	***४५२७५१२***	***४५२७५१२***	***४७५३८८८***	***४९९१५८२***	***५२४११६१***
११४४०	विशेष सेवामा लाग्ने कर									
११४४२	स्वास्थ्य सेवा कर									
११४४३	शिक्षा सेवाशुल्कः शैक्षिक संस्था									
११४४४	शिक्षा सेवाशुल्कः वैदेशिक अध्ययन									
११४५०	पूर्वाधार सेवाको उपयोग तथा सवारीसाधनमा लाग्ने कर									
११४५१	सवारीसाधनमा कर (सवारी दर्ता वार्षिक सवारी कर)	१९२४७६३			१९२४७६३					
११४५२	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर									
११४७१	सिनेमा डकुमेन्ट्री									
११४७३	अन्य मनोरञ्जन कर									
१४१७७	घरजग्गा रजिष्ट्रेसन रोयल्टी			३४७३३०८	३४७३३०८	१५०००००	१५०००००	१५७५०००	१६५३७५०	१७३६४३८
१४१७८	सवारी साधन कर		२२०२०४६	४९७१९०१	३५८६९७४	३०२७५१२	३०२७५१२	३१७८८८८	३३३७८३२	३५०४७२४
११६००	**अन्य कर**	०	०	०	०	०	१०३९९८८	१०९१९८७	११४६५८७	१२०३९१६
११६१०	व्यवसायले भुक्तानी गर्ने									

राजस्व संकेत	राजस्व शीर्षक	विगत तीन वर्षको यथार्थ (रकम रु. मा)			तीन वर्षको औसत राजस्व (रकम रु. मा)	प्रस्तावित आय (चालु आ.व. २०८१/८२ को) (रकम रु. मा)	कुल संभावना (रकम रु. मा)	आगामी तीन आ.व.को प्रक्षेपित आय (रकम रु. मा)		
		२०७८/७९	२०७९/८०	२०८०/८१				२०८२/८३	२०८३/८४	२०८४/८५
११६१३	व्यवसाय रजिष्ट्रेसन दस्तुर									
११६१४	रेडियो, एफएम सञ्चालन दस्तुर									
११६२०	व्यवसायबाहेक अन्यले भुक्तानी गर्ने						२५०	२६३	२७६	२८९
११६२१	चालक अनुमतिपत्र, सवारी दर्ता किताबसम्बन्धी दस्तुर							०	०	०
११६३०	कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर							०	०	०
११६३१	कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर						४८२०	५०६१	५३१४	५५८०
११६३२	ओखेटोपहारामा लाग्ने कर							०	०	०
११६९०	अन्य कर						७३४९१८	७७१६६४	८१०२४७	८५०७५९
११६९१	जडीवुटी, कवाडी, जीवजन्तु कर						३०००००	३१५०००	३३०७५०	३४७२८८
१३०००	**अनुदान**	०	०	०	०	०	०	०	०	०
१३१००	द्विपक्षीय वैदेशिक अनुदान	०	०	०	०	०	०	०	०	०
१३११०	द्विपक्षीय वैदेशिक चालु अनुदान									
१३१११	द्विपक्षीय वैदेशिक चालु अनुदान									
१३१२०	द्विपक्षीय वैदेशिक पुँजीगत अनुदान									
१३१२१	द्विपक्षीय वैदेशिक पुँजीगत अनुदान									
१३२००	बहुपक्षीय वैदेशिक अनुदान	०	०	०	०	०		०	०	०
१३२१०	बहुपक्षीय वैदेशिक चालु अनुदान									
१३२११	अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान									

राजस्व संकेत	राजस्व शीर्षक	विगत तीन वर्षको यथार्थ (रकम रु. मा)			तीन वर्षको औसत राजस्व (रकम रु. मा)	प्रस्तावित आय (चालु आ.व. २०८१/८२ को) (रकम रु. मा)	कुल संभावना (रकम रु. मा)	आगामी तीन आ.व.को प्रक्षेपित आय (रकम रु. मा)		
		२०७८/७९	२०७९/८०	२०८०/८१				२०८२/८३	२०८३/८४	२०८४/८५
१३२१२	गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान									
१३२२०	बहुपक्षीय वैदेशिक पुँजीगत अनुदान									
१३२२१	अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पुँजीगत अनुदान									
१३२२२	गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पुँजीगत अनुदान									
१३३००	**अन्तरसरकारी वित्तीय हस्तान्तरण**	**४६६१०८७५०**	**५१९५४७४२०**	**४१५६७४४२६**	**४७२१२९६५९**	**५५९०४६०००**	**५०१२४६०००**	**५२६३०८३००**	**५५२६२३७१५**	**५८०२५४९०१**
१३३१०	अन्तरसरकारी अनुदान									
१३३११	समानीकरण अनुदान	१२०३६५०००	१२२३७००००	१०७९४२००	११६८९२३३३	११५३६९०००	११५३६९०००	१२११३७४५०	१२७१९४३२३	१३३५५४०३९
१३३१२	सशर्त अनुदान चालु	२९०४१४२७९	३१९३४७००	२४५०६२६८२	२८४९४१३२०	३५०३७७०००	३५०३७७०००	३६७८९५८५०	३८६२९०६४३	४०५६०५१७५
१३३१३	विशेष अनुदान	५३४७६९७	७७००००००	२९६५०००	५३३७५६६	७००००००	७००००००	७३५००००	७७१७५००	८१०३३७५
१३३१४	समपुरक अनुदान पुँजीगत	६४५६३२५	४९०१२३०	१२७३७०५७	८०३१५३७	२८५०००००	२८५०००००	२९९२५०००	३१४२१२५०	३२९९२३१३
१३३१५	अन्य अनुदान									
१३३१६	समपुरक अनुदान चालु							०	०	०
१३३१७	समपुरक अनुदान पुँजीगत		७५२९१९०		७५२९१९०					
१३३२०	अन्तरसरकारी पुँजीगत अनुदान									
१३३२१	सशर्त पुँजीगत अनुदान	३६२२८६१९	३४९०००००	३८०८३६९८	३६४०४१०६	५७८०००००		०	०	०
१३३२२	विशेष पुँजीगत अनुदान	७२९६८३०	२२८०००००	८८८३९८९	१२९९३६०६					
१३४११	अन्य संस्थागत आन्तरिक अनुदान									

राजस्व संकेत	राजस्व शीर्षक	विगत तीन वर्षको यथार्थ (रकम रु. मा)			तीन वर्षको औसत राजस्व (रकम रु. मा)	प्रस्तावित आय (चालु आ.व. २०८१/८२ को) (रकम रु. मा)	कुल संभावना (रकम रु. मा)	आगामी तीन आ.व.को प्रक्षेपित आय (रकम रु. मा)		
		२०७८/७९	२०७९/८०	२०८०/८१				२०८२/८३	२०८३/८४	२०८४/८५
१४४२१	चालु हस्तान्तरण									
१४०००	**अन्य राजस्व**	**०**	**०**	**१८५३०**	**१८५३०**	**२४४९८**	**२४४९८**	**२५७२२.९**	**२७००९**	**२८३५९**
१४१००	**सम्पत्तिबाट प्राप्त आय**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**
१४११०	ब्याज									
१४१११	वित्तीय निकायबाट प्राप्त ब्याज									
१४११२	व्यापारिक निकायबाट प्राप्त ब्याज									
१४११३	औद्योगिक निकायबाट प्राप्त ब्याज									
१४११४	सेवामुलक निकायबाट प्राप्त ब्याज									
१४११९	अन्य निकायबाट प्राप्त ब्याज									
१४१२०	लाभांश									
१४१२१	वित्तीय निकायबाट प्राप्त लाभांश									
१४१२२	व्यापारिक निकायबाट प्राप्त लाभांश									
१४१२३	औद्योगिक निकायबाट प्राप्त लाभांश									
१४१२४	सेवामुलक निकायबाट प्राप्त लाभांश									
१४१२९	अन्य निकायबाट प्राप्त लाभांश									
१४१५०	भाडा तथा रोयल्टी									
१४१५१	सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय									
१४१५२	क्यासिनोबाट प्राप्त रोयल्टी									
१४१५९	अन्य स्रोतबाट प्राप्त बाँडफाँट नहुने रोयल्टी									
१४१७०	**राजस्व बाँडफाँटबाट प्राप्त आय**	**०**	**०**	**१८५३०**	**१८५३०**	**२४४९८**	**२४४९८**	**२५७२२.९**	**२७००९**	**२८३५९**

राजस्व संकेत	राजस्व शीर्षक	विगत तीन वर्षको यथार्थ (रकम रु. मा)			तीन वर्षको औसत राजस्व (रकम रु. मा)	प्रस्तावित आय (चालु आ.व. २०८१/८२ को) (रकम रु. मा)	कुल संभावना (रकम रु. मा)	आगामी तीन आ.व.को प्रक्षेपित आय (रकम रु. मा)		
		२०७८/७९	२०७९/८०	२०८०/८१				२०८२/८३	२०८३/८४	२०८४/८५
१४१७१	वन रोयल्टी			१८५३०	१८५३०	२४४९८	२४४९८	२५७२३	२७००९	२८३५९
१४१७२	खानी रोयल्टी									
१४१७३	जलश्रोत रोयल्टी									
१४१७४	पर्वतारोहण रोयल्टी									
१४१७५	पदयात्रा रोयल्टी									
१४१७६	पर्यटन सेवा शुल्क रोयल्टी									
१४१७९	अन्य बाँडफाँट हुने रोयल्टी									
१४२००	**वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकम**	**०**	**३९५९१५०**	**४७७५२७१**	**५९६७३०१**	**३९५००००**	**६१९६८८८**	**६५०६७३२**	**६८३२०६९**	**७१७३६७२**
१४२१०	वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकम									
१४२११	कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम									
१४२१२	सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त आय									
१४२१३	अन्य बिक्रीबाट प्राप्त रकम						१८८७२	१९८१६	२०८०६	२१८४७
१४२१६	निजीधारा बापतको शुल्क							०	०	०
१४२१७	खानेपानी, नहर तथा कुलो उपयोगबापतको शुल्क							०	०	०
१४२१८	विद्युत सेवाशुल्क							०	०	०
१४२१९	अन्य सेवाशुल्क						४६५००	४८८२५	५१२६६	५३८३०
१४२२०	प्रशासनिक सेवाशुल्क							०	०	०
१४२२१	न्यायिक दस्तुर		१३५५००		१३५५००	७०००००	१००००	१०५००	११०२५	११५७६
१४२२३	शिक्षा क्षेत्रको आम्दानी						१५०००	१५७५०	१६५३८	१७३६४
१४२२४	परीक्षाशुल्क						३४००	३५७०	३७४९	३९३६

राजस्व संकेत	राजस्व शीर्षक	विगत तीन वर्षको यथार्थ (रकम रु. मा)			तीन वर्षको औसत राजस्व (रकम रु. मा)	प्रस्तावित आय (चालु आ.व. २०८१/८२ को) (रकम रु. मा)	कुल संभावना (रकम रु. मा)	आगामी तीन आ.व.को प्रक्षेपित आय (रकम रु. मा)		
		२०७८/७९	२०७९/८०	२०८०/८१				२०८२/८३	२०८३/८४	२०८४/८५
१४२२५	यातायात क्षेत्रको आम्दानी							०	०	०
१४२२९	अन्य प्रशासनिक सेवाशुल्क						१२०००	१२६००	१३२३०	१३८९२
१४२४०	दस्तुर							०	०	०
१४२४१	पार्किङ्ग शुल्क						८३९५००	८८१४७५	९२५५४९	९७१८२६
१४२४२	नक्सापास दस्तुर		१५१५७०	५९२२४४	३७१९०७	१८०००००	२२७८२२	२३९२१३	२५११७४	२६३७३२
१४२४३	सिफारिस दस्तुर		३६७१५८०	१११८८४६	२३९५२१३	१००००००	८४१९५०	८८४०४८	९२८२५०	९७४६६२
१४२४ ४	व्यक्तिगत घटना दर्ता दस्तुर		५००		५००		२१८९००	२२९८४५	२४१३३७	२५३४०४
१४२४५	नाता प्रमाणित दस्तुर						६५०००	६८२५०	७१६६३	७५२४६
१४२४६	मुल्याङ्कन दस्तुर							०	०	०
१४२४९	अन्य दस्तुर						३४६८८०	३६४२२४	३८२४३५	४०१५५७
१४२५३	व्यवसाय रजिष्ट्रेसन दस्तुर						१०१७२०५	१०६८०६५	११२१४६९	११७७५४२
१४२६२	विद्युतसम्बन्धी दस्तूर							०	०	०
१४२६५	अन्य क्षेत्रको आय			३०६४१८१	३०६४१८१	४५००००	१९२१३५९	२०१७४२७	२११८२९८	२२२४२१३
	फोहरमैला सङ्कलन शुल्क						६१२५००	६४३१२५	६७५२८१	७०९०४५
१४३००	**दण्ड, जरिवाना र जफत**	**०**	**०**	**०**	**०**	**०**	**३७०७५**	**३८९२९**	**४०८७५**	**४२९१९**
१४३१०	दण्ड, जरिवाना र जफत									
१४३११	न्यायिक दण्ड, जरिवाना र जफत									
१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत						३७०७५	३८९२९	४०८७५	४२९१९
१४४० ०	**चालु हस्तान्तरण**	**०**	**०**	**०**	**०**	**०**		**०**	**०**	**०**
१४४१०	चालु हस्तान्तरण									
१४४११	चालु हस्तान्तरण									

राजस्व संकेत	राजस्व शीर्षक	विगत तीन वर्षको यथार्थ (रकम रु. मा)			तीन वर्षको औसत राजस्व (रकम रु. मा)	प्रस्तावित आय (चालु आ.व. २०८१/८२ को) (रकम रु. मा)	कुल संभावना (रकम रु. मा)	आगामी तीन आ.व.को प्रक्षेपित आय (रकम रु. मा)		
		२०७८/७९	२०७९/८०	२०८०/८१				२०८२/८३	२०८३/८४	२०८४/८५
१४४२०	चालु हस्तान्तरण									
१४४२१	चालु हस्तान्तरण									
१४५००	**विविध राजस्व**	०	०	०	०	०		०	०	०
१४५१०	चालु दावी तथा अन्य शुल्कहरू									
१४५११	बीमादाबी प्राप्ती									
१४५२०	**अन्य राजस्व**	०	०	०	०	०	**१५०१५३**	**४२१३१**	**४४२३७**	**४६४४९**
१४५२१	प्रदुषण नियन्त्रण शुल्क									
१४५२२	साना सवारी कर									
१४५२३	लागत सहभागिता									
१४५२९	अन्य राजस्व (विविध आय)						४०१२५	४२१३१	४४२३८	४६४५०
१४६११	व्यवसाय कर					०		०	०	०
	सामुदायिक वन						110028	११५५२९	१२१३०६	१२७३७१
१४५३०	**पुँजीगत राजस्व**	०	०	०	०	०		०	०	०
१४५३१	सरकारी घर, जग्गा, गुडविल, बिक्रिबाट प्राप्त आय									
१५०००	बेरुजू	०	०	०	०	०		०	०	०
१५१००	बेरुजू									
१५११०	बेरुजू									
१५१११	बेरुजू									
३३०००	**दायित्व**	०	०	०	०	०		०	०	०
३३१००	**आन्तरिक दायित्व**	०	०	०	०	०		०	०	०
३३१९०	खुद आन्तरिक ऋण									
३३१९१	ऋणपत्रमार्फत प्राप्त ऋण									

राजस्व संकेत	राजस्व शीर्षक	विगत तीन वर्षको यथार्थ (रकम रु. मा)			तीन वर्षको औसत राजस्व (रकम रु. मा)	प्रस्तावित आय (चालु आ.व. २०८१/८२ को) (रकम रु. मा)	कुल संभावना (रकम रु. मा)	आगामी तीन आ.व.को प्रक्षेपित आय (रकम रु. मा)		
		२०७८/७९	२०७९/८०	२०८०/८१				२०८२/८३	२०८३/८४	२०८४/८५
३३१९२	अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण									
३३१९३	अन्य सङ्घसंस्थाबाट प्राप्त ऋण									
३३२००	**वाह्य वित्तीय दायित्व**	०	०	०	०	०		०	०	०
३३२४०	खुद वैदेशिक ऋण									
३३२४१	वैदेशिक ऋणको प्राप्ति									
	जनसहभागिता	०	०	०	०	०		०	०	०
	जम्मा राजस्व, अनुदान तथा दायित्व	५५६११०२८१	६०८६२५९३०	५१३३१२७२३	५८२५८२७६९	६७२८९८०१०	६३०६५६४४६	६५७५२६०५१	६९१४९३७९९	७२६१५९४४२

नारायण नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गर्दा आन्तरिक राजस्व लगायत सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न चार किसिमका अनुदानहरू तथा राजस्व र रोयल्टी बाँडफाँटलाई समेत ध्यान दिइएको छ। नगरपालिकाको कर राजस्वलाई मोटामोटी करदाता सङ्ख्याको अनुमान गरी आर्थिक ऐन २०८१ को दरमा राजस्वको प्रक्षेपण गरिएको छ भने गैरकर राजस्वको हकमा चालु वर्षको यथार्थ आम्दानीलाई आधारमानि वार्षिक ५ प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमान गरी राजस्व प्रक्षेपण गरिएको छ। यसैगरी सङ्घीय र प्रदेश सरकारको अनुदान तथा राजस्व र रोयल्टीलाई चालु आर्थिक वर्ष २०८१/८२ अनुमानित रकमलाई आधार मानि वार्षिक ५ प्रतिशतका दरले वृद्धि हुने अनुमानका आधारमा प्रक्षेपण गरिएको छ।

परिच्छेद सात : अपेक्षित नतिजा

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका क्रममा विभिन्न स्रोतहरूबाट तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरियो। विभिन्न फारामहरूको प्रयोग गरी नगर कार्यपालिकाको कार्यालय तथा सम्बन्धित अधिकारीहरूबाट आवश्यक सूचनाहरू सङ्कलन गरियो। हालको राजस्व सङ्कलन तथा राजस्व प्रशासनको अवस्थालाई सुधार गर्नका लागि सहभागितामूलक पद्धतिमार्फत् राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ। सङ्कलित तथ्याङ्क, विद्यमान प्रवृत्ति, उपलब्ध सूचनाको विश्लेषण तथा राजस्व सुधार कार्ययोजनामा निर्दिष्ट गरिएका क्रियाकलापहरूको कार्यान्वयन हुने मान्यता र त्यसको नतिजासमेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि राजस्व प्रक्षेपण गरिएको छ। सारांशमा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन आर्थिक वर्षहरूमा हुने आय संरचना देहायअनुसार हुने प्रक्षेपण गरिएको छ। आर्थिक वर्ष २०८१/८२ को आधारमा गैरकर राजस्वहरू, सामुदायिक वन उपभोक्ता समितिबाट प्राप्त हुने रकमलगायत अन्य राजस्वमा वार्षिक ५ प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको हुँदा कुल सम्भावनाको तुलनामा आर्थिक वर्ष २०८४/८५ को आन्तरिक राजस्व बढी देखिएको छ। यस सम्बन्धी सङ्क्षिप्त विवरण तल तालिका ३४ मा प्रस्तुत गरिएको छ।

तालिका ३४ : नगरपालिकाको अपेक्षित आय संक्षेपमा

क्र.स.	राजस्व शीर्षक	विगत तीन आर्थिक वर्षको यथार्थ (रकम रु. मा)				प्रस्तावित (चालु आ.व. २०८१/८२को) (रकम रु. मा)	कुल संभावना (रकम रु. मा)	प्रक्षेपित आय आगामी तीन आ.व.हरुको)		
		२०७८/७९	२०७९/८०	२०८०/८१	तीन वर्षको औसत			२०८२/८३	२०८३/८४	२०८४/८५
१	आन्तरिक आय	१३९१४५७९	९८३४३७८	१०२६०६१५	१२१७८५०१	१०५०००००	२६०५८४३६	२२६९८१४०	२४९२४४९३	२६२६१६७१
२	सङ्घीय राजस्व बाँडफाँटबाट प्राप्त आय	७४१६२१८८	७७०४२०८५	७८९१३९४३	८९२७१०३४	९८८०००००	९८८०००००	१०३७४००००	१०८९२७०००	११४३७३३५०
३	सङ्घीय रोयल्टी बाँडफाँटबाट प्राप्त आय	०	०	१८५३०	१८५३०	२४४९८	२४४९८	२५७२३	२७००९	२८३५९
४	प्रदेश राजस्व वाँडफाँडवाट प्राप्त आय	१९२४७६३	२२०२०४६	८४४५२०९	८९८५०४५	४५२७५१२	४५२७५१२	४७५३८८८	४९९१५८२	५२४११६१
५	अनुदान	४६६१०८७५०	५१९५४७४२०	४१५६७४४२६	४७२१२९६५९	५५९०४६०००	५०१२४६०००	५२६३०८३००	५५२६२३७१५	५८०२५४९०१
६	दायित्व	०	०	०	०	०	०	०	०	०
७	जनसहभागिता	०	०	०	०	०	०	०	०	०
८	बेरुजू	०	०	०	०	०	०	०	०	०
	कुल आय	**५५६११०२८१**	**६०८६२५९२९.७**	**५१३३१२७२३**	**५८२५८२७६९**	**६७२८९८०१०**	**६३०६५६४४६**	**६५७५२६०५१**	**६९१४९३७९९**	**७२६१५९४४२**
कुल आयमा आन्तरिक आयको हिस्सा (प्रतिशतमा)		२.५०	१.६२	२.००	२.०९	१.५६	४.१३	३.४५	३.६०	३.६२

परिच्छेद आठ : अनुगमन तथा मूल्याङ्कन

१. पृष्ठभूमि

योजनाको सार्थकताको प्रमुख मानक त्यसको प्रभावकारी कार्यान्वयन हो । योजना कार्यान्वयनमा प्रभावकारिताका लागि कार्यकुशलता, स्रोत साधनको उचित व्यवस्थापन र परिचालनका लागि उपयुक्त अनुगमनसम्बन्धी स्पष्ट विधि र संयन्त्र किटान हुनु जरुरी हुन्छ । अन्य योजनामा जस्तै राजस्व सुधार कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूको कार्यान्वयन सुनिश्चितताका लागि पनि यसको नियमित र भरपर्दो अनुगमनको व्यवस्था हुन जरुरी हुन्छ।

कुनै पनि योजना असफल हुनुपछाडिका विभिन्न कारणहरूमध्ये कार्यान्वयन पक्षको प्रभावकारी अनुगमन हुन नसक्नु हो। राजस्व सुधार कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूको योजनाअनुरूप कार्यान्वयन गरी अपेक्षित प्रतिफल हासिल गर्न सोको नियमित र भरपर्दो अनुगमनको प्रबन्ध गरिनु पर्ने हुन्छ। तसर्थ, यस कार्ययोजनामा अनुगमनसम्बन्धी व्यवस्थालाई योजनाको अनिवार्य अङ्गका रूपमा समावेश गरिएको हो। यस परिच्छेदमा राजस्व सुधार कार्ययोजना कार्यान्वयनका क्रममा गर्नुपर्ने अनुगमन विधि र प्रक्रियाहरू समावेश गरिएको छ ।

२. अनुगमन

राजस्व सुधार कार्ययोजनामा पहिचान भएका सवाल तथा नीति, योजना तथा कार्यक्रम र जिम्मेवारीको कार्यान्वयन समुचित ढङ्गले भएको छ छैन र कार्यान्वयन कार्यतालिकाअनुसार क्रियाकलापहरूको कार्यान्वयन भई अपेक्षित प्रतिफल हासिल हुने अवस्था भए नभएको निगरानी राख्ने र पृष्ठपोषण गर्ने कार्यलाई **अनुगमन** भनिन्छ। अनुगमनले तोकिएका कार्यक्रमहरू समयमै सम्पन्न हुन यथोचितरूपमा कार्य भए नभएको कुरालाई निरन्तर तथा आवधिक रूपमा निगरानी गर्न सहयोग गर्छ। यसरी गरिएको निगरानीबाट प्राप्त पृष्ठपोषण तथा सुझावका आधारमा सुधार गर्दै जानुपर्दछ। अनुगमनको उद्देश्य नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याको पहिचान गरी तत्काल समाधान गर्नु हो। नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन प्रक्रिया तथा प्राप्त नतिजाको बारेमा नियमित, व्यवस्थित र समयबद्ध रूपमा तथ्याङ्क सङ्कलन, प्रशोधन र प्रतिवेदन गर्ने कार्य गर्नुपर्दछ। यसबाट समयमै समस्या पहिचान गरी समाधान गर्न महत्त्वपूर्ण सहयोग पुग्दछ।

३. मूल्याङ्कन

यसैगरी योजनाको कार्यान्वयनबाट निर्दिष्ट उद्देश्य हासिल भए नभएको विश्लेषण गर्ने कार्य मूल्याङ्कन हो। योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य प्राप्त भयो वा भएन र तोकिएको क्रियाकलापको कार्यान्वयनबाट लक्षित उद्देश्य हासिल हुन सक्यो कि सकेन भन्ने बारेको समीक्षा तथा विश्लेषणलाई योजनाको **मूल्याङ्कन भनिन्छ।** मूल्याङ्कनलाई सामान्यतः मध्यावधि रूपमा र योजना सम्पन्न भइसकेपछि अन्तिम मूल्याङ्कनका रूपमा गरिन्छ।

४. अनुगमन योजना

राजस्व सुधार योजनाको नियमित अनुगमनको व्यवस्थासँगै कार्ययोजनालाई वार्षिकरूपमा परिमार्जन तथा अद्यावधिक गर्न आवश्यक हुन्छ। खासगरी योजनामा प्रक्षेपण गरिएको आयलाई विभिन्न बाह्य तत्वहरूले प्रभाव पार्ने हुँदा त्यस्ता तथ्याङ्कलाई वार्षिकरूपमा अध्यावधिक गर्न आवश्यक छ। कर तथा गैरकरका दरहरूमा आउने परिवर्तन र कतिपय राजस्वको आधारमा आउने परिवर्तनले पनि प्रक्षेपित राजस्वमा प्रभाव पार्न सक्दछ।

कतिपय प्रस्तावित क्रियाकलापहरू सम्पन्न गर्न नसकिने र कतिपय क्रियाकलाप थप कार्यान्वयन गर्न सकिने

अवस्था पनि उत्पन्न हुन सक्दछ। राजस्वका नयाँ क्षेत्र थप हुने वा भैरहेका क्षेत्रमा सङ्घीय वा प्रदेश कानून वा नीतिको कारण स्थानीय तहको राजस्व कानून, नीति र आधारहरूमा प्रभाव पर्ने अवस्थामा पनि राजस्व सुधार कार्ययोजनामा परिमार्जन जरुरी हुन सक्दछ। यी सबै विषयहरूलाई राजस्व सुधार कार्ययोजना तर्जुमा गर्दा र यसको कार्यान्वयनमा ध्यान दिनु पर्दछ।

५. अनुगमन विधि तथा प्रक्रियाहरु

राजस्व शाखाले यस राजस्व सुधार कार्ययोजनामा समावेश गरिएका क्रियाकलापहरूको विषयमा कम्तीमा प्रत्येक त्रैमासिकरूपमा प्रगतिविवरण तयार गरी अनुगमन तथा मूल्याङ्कन समितिको बैठकमा प्रस्तुत गरी छलफल गर्ने व्यवस्था मिलाउनु पर्दछ। यसरी छलफल गरी समितिको तहबाटै समाधान हुने विषय तत्काल समाधान गर्ने र समितिको क्षेत्राधिकार भन्दा माथिका विषयहरूमा समितिको रायसहितको प्रतिवेदन स्थानीय राजस्व परामर्शमार्फत कार्यपालिकामा प्रस्तुत गरी छलफल गर्ने र समाधानका उपायहरू खोजी गर्ने प्रक्रियाको अवलम्बन गरिनेछ। यसबाट योजनाको कार्यान्वयनलाई उपलब्धिमूलक बनाउन सकिन्छ। साथै वडा तहको अनुगमन समितिले पनि त्रैमासिकरूपमा अनुगमन गरी प्रमुखको संयोजकत्वमा रहेको अनुगमन मूल्याङ्कन समितिमा पेश गर्नु पर्नेछ।

राजस्व सुधार कार्ययोजनाको नियमित अनुगमनको व्यवस्थासँगै कार्ययोजनालाई वर्षभरिको कार्यान्वयनको अनुभवको आधारमा वार्षिक रूपमा परिमार्जन तथा अद्यावधिक गरिने छ। प्रतिवेदन कार्यान्वयनका चरणहरूमा यी सबै विषयहरुलाई ध्यान दिनु पर्दछ।

(क) **अनुगमनको जिम्मेवारी र समस्याको समाधान :** राजस्व सुधार कार्ययोजनाको अनुगमनमा स्थानीय राजस्व परामर्श समिति र कार्यपालिकाको मुख्य भूमिका हुन्छ। साथै, राजस्व शाखा/उपशाखा र प्रमुख प्रशासकीय अधिकृतले प्रशासनिक रूपमा अनुगमन तथा मूल्याङ्कनको कार्यलाई सहयोग पुर्‍याउनु पर्दछ। राजस्व शाखाले कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूको विषयमा कम्तीमा प्रत्येक चौमासिक अवधिमा लक्ष्य र प्रगतिको विवरण तयार गरी स्थानीय राजस्व परामर्श समितिको बैठकमा प्रस्तुत गर्ने र छलफलका लागि सहयोग गर्न आवश्यक हुन्छ। यसरी छलफल गर्दा समितिको तहबाटै समाधान हुने विषय तत्काल समाधान गर्ने र समाधान हुन नसकेका विषयहरूको प्रतिवेदन तत्काल बस्ने कार्यपालिकाको बैठकमा प्रस्तुत गरी समाधानका उपायहरू खोजी गर्ने परिपाटीले कार्ययोजनाको सहज र प्रभावकारी कार्यान्वयनको वातावरण निर्माण गर्न मद्दत पुग्दछ।

(ख) **सिकाइलाई कार्ययोजनामा समावेश गर्न आवधिक पुनरावलोकन र परिमार्जन :** राजस्व सुधार कार्ययोजनाको नियमित अनुगमनबाट प्राप्त सिकाइ र देखिएका कमीकमजोरी र नयाँ उत्पन्न हुने विषयहरूलाई समावेश गरी वार्षिक रूपमा परिमार्जन एवम् अद्यावधिक गर्दा योजना अझ व्यवहारिक र कार्यान्वयनयोग्य भई अपेक्षित उपलब्धि हासिल गर्न सहज हुन्छ। खासगरी योजनामा प्रक्षेपण गरिएको आयलाई विभिन्न बाह्य तत्वहरूले प्रभाव पार्ने हुँदा त्यस्ता तथ्याङ्कलाई वार्षिकरूपमा अध्यावधिक गर्दा ती प्रभाव पार्ने तत्वहरूको आँकलन गर्न र सम्बोधन गर्न सकिन्छ। कर तथा गैर करका दरहरूमा आउने परिवर्तन र कतिपय राजस्वको आधारमा आउने परिवर्तनले पनि प्रक्षेपित राजस्वमा प्रभाव पार्न सक्दछ।

त्यसबाहेक कतिपय प्रस्तावित क्रियाकलापहरू सम्पन्न गर्न नसकिने र कतिपय क्रियाकलाप थप कार्यान्वयन गर्न सकिने अवस्था पनि उत्पन्न हुन सक्दछ। राजस्वका नयाँ क्षेत्र थप हुने वा भैरहेका क्षेत्रमा सङ्घ वा प्रदेश सरकारका नीति तथा कानूनका कारणले नगरपालिकाको राजस्वको नीति, कानून र आधारहरूमा

प्रभाव पर्ने अवस्थामा पनि राजस्व सुधार कार्ययोजनामा परिमार्जन जरुरी हुन्छ।

(ग) अनुगमनमा ध्यान दिनुपर्ने पक्षहरू : राजस्व सुधार कार्ययोजनाको अनुगमनबाट नगरपालिकाले लिएको राजस्वसम्बन्धी नीति र योजनाको उचितरूपमा कार्यान्वयन भए नभएको, राजस्व असुलीको प्रवृत्ति लक्ष्य अनुरूप भए नभएको, राजस्व प्रशासनमा कुनै समस्या भए नभएको, सुधारका लागि गरिएका निर्णय कार्यान्वयन भए नभएको, अभिलेख दुरुस्त राखे नराखेको, निर्धारित अवधिमा राजस्वलाई नगरपालिकाको सञ्चित कोषमा दाखिला गरे नगरेको जस्ता कुराहरूलाई हेर्नु पर्दछ। नियमित रूपमा गरिने अनुगमनबाट अद्यावधिक सूचना प्राप्त गर्ने र आवश्यकता अनुसार निर्णय तथा निर्देशनका लागि नगरपालिकामा सिफारिस लगायतको कार्यबाट मात्र स्वीकृत योजनाको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्दछ।

(घ) राजस्व सुधार कार्ययोजनाको अनुगमन योजनाः प्रस्तुत राजस्व सुधार कार्ययोजनाको देहाय बमोजिम अनुगमन तथा मूल्याङ्कन गरिनेछ :

तालिका ३५ : अनुगमन तालिका

के अनुगमन गर्ने?	कसले अनुगमन गर्ने?	कहिले अनुगमन गर्ने ?	कसरी अनुगमन गर्ने?
राजस्व असुली	राजस्व उपशाखा प्रमुख	दैनिक, मासिक, चौमासिक, र वार्षिक	• सफ्टवेयरबाट राजस्व असुलीको अनुगमन गर्ने • स्थलगत अनुगमन गर्ने • नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य तथा प्रगति अनुगमन गर्ने।
राजस्व प्रशासन	प्रमुख प्रशासकीय अधिकृत	मासिक, चौमासिक र वार्षिक	• स्थलगत अनुगमन गर्ने • नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने
राजस्व सुधार कार्ययोजना	प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, नगर कार्यपालिका	मासिक, चौमासिक र वार्षिक	• स्थलगत अनुगमन गर्ने • नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको लेखाजोखा गर्ने
समन्वय तथा सहकार्य	राजस्व उपशाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका	मासिक, चौमासिक र वार्षिक	• समन्वय र सहजीकरण गर्ने • मार्गदर्शन तथा निर्देशन दिने • आइपरेका समस्याको यथाशीघ्र समाधान गर्ने
राजस्व नीति	प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका, नगर सभा	चौमासिक र वार्षिक	• लिइएका राजस्व सम्बन्धी नीतिको पुनरावलोकन गरी आवश्यक परिमार्जन गर्ने, सिफारिस गर्ने । • राजस्वका प्रभावकारी सङ्कलन, परिचालनका लागि लिनु पर्ने नीतिगत व्यवस्था गर्ने, गर्न सहयोग गर्ने ।
राजस्व प्रतिवेदन	राजस्व उपशाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका, नगर सभा, लेखापरीक्षक	मासिक, चौमासिक र वार्षिक	• मासिक, चौमासिक तथा वार्षिक लक्ष्य र प्रगति प्रतिवेदनहरु सम्बन्धी तुलनात्मक विश्लेषण गर्ने, • आवश्यक रणनीति तथा कार्यनीति सिफारिस गर्ने,

के अनुगमन गर्ने?	कसले अनुगमन गर्ने?	कहिले अनुगमन गर्ने ?	कसरी अनुगमन गर्ने?
			• सुझाव तथा पृष्ठपोषण र निर्देशन प्रदान गर्ने
समीक्षा	उपप्रमुख	चौमासिक र वार्षिक	लक्ष्य र उपलब्धि सहित सिकाई र सवालहरुको प्रस्तुति र सुधारको पृष्ठपोषण प्राप्त गरी आगामी मार्गचित्र तयार गर्ने

नोटः राजस्वका स्रोतअनुसार अनुगमन गर्दा हेर्नुपर्ने कुराहरूको सूची फरक हुन सक्ने भएकाले आवश्यक पूर्वतयारी गरी अनुगमन गर्दा प्रभावकारी हुन्छ। साथै, अनुगमनको प्रतिवेदन तयार गर्ने र अनुगमनबाट देखिएका कुराहरूलाई छलफल र कार्यान्वयन गर्ने पद्धति बसाल्न उपयुक्त हुन्छ।

नगरपालिकाको राजस्व सुधार कार्ययोजनाले निर्धारण गरेको अपेक्षित उपलब्धि हासिल गर्न कार्ययोजनामा तय गरिएका कार्यनीति र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय राजस्व परामर्श समिति पूर्णरूपमा जिम्मेवार हुनेछ। साथै, स्थानीय तहको अनुगमन तथा सुपरिवेक्षण समितिले पनि राजस्व सङ्कलन तथा परिचालनसम्बन्धी अनुगमन गर्न सक्दछ। समग्र अनुगमन तथा मूल्याङ्कन प्रक्रियाको प्रभावकारिताका लागि नगर प्रमुखबाट सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछन् ।

६. अनुगमन संयन्त्र

अनुगमन र मूल्याङ्कनसम्बन्धी उपरोक्त सैद्धान्तिक पृष्ठभूमिको आधारमा प्रस्तुत राजस्व सुधार कार्ययोजनाले तय गरेको अपेक्षित प्रतिफलको नतिजा मापन र सञ्चालित कार्यक्रम तथा क्रियाकलापहरूको प्रक्रिया अनुगमन गरिनेछ। यस राजस्व सुधार कार्ययोजना कार्यान्वयनका लागि आवश्यक निर्देशन तथा सहजीकरण गर्न नगर प्रमुखको संयोजकत्वमा एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ र यसले कार्ययोजनाको कार्यान्वयन प्रक्रियाको अनुगमन तथा प्राप्त नतिजाको मापन गर्नेछ। यो समिति कार्यान्वयन तहको समिति हुनेछ। स्थलगत तहको अनुगमन गर्दा सम्बन्धित वडाको अध्यक्षलाई समावेश गरिनेछ। साथै, वडा तहमा पनि वडा अध्यक्षको संयोजकत्वमा राजस्व अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ।

क. अनुगमन तथा मूल्याङ्कन समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ अनुसार नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरण खाका तथा बजेट सीमा निर्धारण गर्न नगर प्रमुखको संयोजकत्वमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको व्यवस्था गरेको छ। सोही व्यवस्थाअनुसार नगरपालिकाको राजस्व सुधार कार्ययोजना कार्यान्वयनका अवस्थाको समीक्षा गर्न, कार्यान्वयनमा सहजीकरण गर्न र समाधानको उपायहरुको पहिचान गर्न निम्नानुसारको अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ।

(क) नगर प्रमुख — संयोजक

(ख) उपप्रमुख — सदस्य

(ग) कार्यपालिकाका सदस्यहरूमध्ये महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुने गरी प्रमुखले तोकेको तीन जना	सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत	सदस्य
(ङ) राजस्व शाखा प्रमुख	सदस्य सचिव

ख. वडास्तरीय अनुगमन तथा मूल्याङ्कन समिति

१. वडा अध्यक्ष	संयोजक
२. वडा सदस्य मध्येबाट एकजना महिला सदस्य	सदस्य
३. वडा सचिव	सदस्य सचिव

७. अनुगमन तथा मूल्याङ्कन समितिको जिम्मेवारी

तहगतरूपमा गठन हुने अनुगमन तथा मूल्याङ्कन समितिको जिम्मेवारी देहायबमोजिम हुनेछ।

१. राजस्व सुधार कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूकालागि आवश्यक पर्ने बजेटको व्यवस्थापका लागि आवश्यक कार्य गर्ने र सभाबाट पारित गराउने।
२. सबै क्रियाकलापहरूलाई अलगअलगरूपमा बजेट विनियोजन गर्न सम्भव नभएको अवस्थामा कार्ययोजना कार्यान्वयनका लागि एकमुष्ठ बजेटको माग गर्ने।
३. स्वीकृत कार्ययोजनामा समावेश भएका क्रियाकलाप छुट्याई जिम्मेवार सम्बद्ध शाखा/उपशाखाका कर्मचारीलाई जिम्मेवारी तोक्ने।
४. जिम्मेवार शाखा वा कर्मचारीले आफुसँग सम्बन्धित कार्यजिम्मेवारी पुरा गरे नगरेको अनुगमन गर्ने।
५. जिम्मेवार शाखा/उपशाखा वा पदाधिकारीहरूबाट उनीहरूको जिम्मेवारी भित्रका क्रियाकलापको प्रगति विवरण चौमासिकरूपमा प्रमुख प्रशासकीय अधिकृतमार्फत सङ्कलन गरी समीक्षा गर्ने।
६. अनुगमन तथा मूल्याङ्कन समितिबाट प्राप्त सुझावहरूलाई स्थानीय राजस्व परामर्श समितिमा वा कार्यपालिकाको बैठकमा पेश गरी आवश्यक कार्वाही गराउने।
७. राजस्व सुधार कार्ययोजनामा भएको क्रियाकलापहरूको कार्यान्वयनको अवस्थाको समीक्षा गरी आवश्यक परेमा क्रियाकलाप संसोधन वा थप गर्न तथा जिम्मेवारीहरूको हेरफेर गर्नको लागि स्थानीय राजस्व परामर्श समितिसमक्ष सिफारिस गर्ने।
८. प्रक्षेपित राजस्व असुलीमा देखिएका समस्याहरूको समधानका लागि आवश्यक कार्यका लागि कार्यपालिकामा प्रस्ताव पेश गर्ने।

अनुसूचीहरू

अनुसूची १ : आर्थिक ऐन, २०८१ का लागि संशोधन प्रस्ताव (तीन महले)

विषय क्षेत्र	आर्थिक ऐन, २०८१ को प्रावधान	आर्थिक ऐन, २०८२ का लागि सुधार गर्न प्रस्ताव	संसोधन गर्नुको कारण
आर्थिक ऐनको दफा (१) सङ्क्षिप्त नाम र प्रारम्भः	(१) यस ऐनको "आर्थिक ऐन, २०८१" रहेको छ। यो ऐन, २०८१ साल श्रावण १ गते देखि नारायण नगरपालिका क्षेत्रमा लागु हुनेछ।	(१) यस ऐनको "आर्थिक ऐन, २०८२" रहेको छ। यो ऐन, २०८२ साल श्रावण १ गते देखि नारायण नगरपालिका क्षेत्रमा लागु हुनेछ।	आर्थिक वर्ष मात्रै परिवर्तन गरिएको।
आर्थिक ऐनको दफा (२) : सम्पत्ति कर	नारायण नगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पति कर लगाइने र असुल उपर गरिनेछ।	(१) नारायण नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचना र संरचनाले चर्चेको जग्गामा सम्पत्ति कर लगाई असूल गरिनेछ।(२) सम्पत्ति करको गणना गर्दा अनुसूची-१ (क) बमोजिम जग्गाको मूल्याङ्कन दर, (३) अनुसूची- १ (ख) बमोजिम संरचनाको मूल्याङ्कन दर, (४) अनुसूची-१ (ग) बमोजिम सम्पत्ति करको दर (५) अनुसूची-१ (घ) बमोजिम भवनको ह्रासकट्टी प्रतिशत र ह्रासकट्टी गर्ने अवधि आदिलाई आधार लिइनेछ।	(१) सम्पत्ति करसम्बन्धी व्यवस्थालाई थप स्पष्ट पार्न आवश्यक भएको र संचरनाको ह्रासकट्टी अनिवार्य रूपमा गर्नु भएकोले यसको प्रावधान थप गर्नु पर्ने भएकोले पुनर्लेखन गरिएको। (२) भवनको ह्रासकट्टी प्रतिशत र ह्रासकट्टी र अवधि अनुसूचीमा उल्लेख गर्नु पर्ने। **उदाहरणका लागि निम्नानुसार गर्ने** **अनुसूची-१ (घ)** **(ऐनको दफा २ को उपदफा (५) सँग सम्बन्धित)** **<u>संरचनाको ह्रासकट्टी र अवधि</u>**
आर्थिक ऐनको दफा (३) : भूमिकर (मालपोत)	(१) नारायण नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाईने र असुल उपर गरिने छ।	(१) नारायण नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमिकर/मालपोत असुल उपर गरिनेछ।	अनुसूची २ को बुँदा (१९) मा संरचनाको मूल्याङ्कन दररेट र बुँदामा (२०) मा सम्पत्ति करको दर मात्र उल्लेख भएको र भूमिकर (मालपोत) को दर उल्लेख नभएको हुँदा भूमिको वर्गीकरण गरी मालपोतको दर निर्धारण गर्नु उपयुक्त हुने।

विषय क्षेत्र	आर्थिक ऐन, २०८१ को प्रावधान	आर्थिक ऐन, २०८२ का लागि सुधार गर्न प्रस्ताव	संसोधन गर्नुको कारण
आर्थिक ऐनको दफा (४): घर बहाल कर	(१) नारायण नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घरबहाल कर लगाउने असुल गरिनेछ।	नारायण नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा बहाल रकमको १० प्रतिशत घरजग्गा बहाल कर लगाइनेछ। (२) कर दाखिला गर्ने दायित्व तथा जिम्मेवारी धरधनीको हुनेछ। सम्पत्ति कर र बहालकर एकै साथ असुल गरिनेछ।(३) जग्गाको मूल्य, बाटो, व्यवसायिक तथा आवासीय प्रयोजनका आधारमा न्यूनतम् बहाल अङ्क नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ तर नगरपालिकाले नतोकेसम्म उपदफा (१) बमोजिम कर असुल गरिनेछ।(४) आवासिय प्रयोजनका लागि प्रयोग भएको बहालको हकमा घरधनीले स्वघोषणा गरी बहालकर तिर्नु पर्नेछ।(५) नगर कार्यपालिकाले न्यूनतम बहाल करको अङ्क तोकेको अवस्थामा सो भन्दा कम सम्झौता भएको वा स्वघोषणा भएको भए न्यूनतम अङ्कलाई आधारमानी बहालकर असुल गरिनेछ।	✓ बहालकरसम्बन्धी वर्तमान प्रावधानलाई थप स्पष्ट र व्यवस्थित गर्न बाञ्छनीय भएकोले पुनर्लेखन गरिएको। ✓ बहालकरलाई व्यवस्थित गर्न नगरपालिकाले घरजग्गा बहालकरसम्बन्धी कार्यविधि बनाई कार्यान्वयनमा ल्याउनु पर्ने।
आर्थिक ऐनको दफा (५): व्यवसाय कर	(१) नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूलउपर गरिनेछ।	(१) नारायण नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइनेछ। (२) पौष महिनापश्चात् नयाँ व्यवसाय सञ्चालन गर्ने व्यवसायीले तोकिएको व्यवसाय कर रकमलाई वाह महिनामा विभाजन गरी दर्ता हुन आएको महिनादेखि आर्थिक वर्ष अन्त्यसम्मको दामासहीले हुने आउने कर रकम असुल गरिनेछ।तर त्यस पछिको वर्षहरूमा भने वार्षिक रूपमा व्यवसाय कर नवीकरण हुनेछ। (३) व्यवसाय नवीकरण	व्यवसाय करको प्रावधानलाई थप व्यवस्थित र स्पष्ट पार्ने उद्देश्यले ऐनको दफा ५ लाई पुनर्लेखन गर्न बाञ्छनीय भएकोले।

विषय क्षेत्र	आर्थिक ऐन, २०८१ को प्रावधान	आर्थिक ऐन, २०८२ का लागि सुधार गर्न प्रस्ताव	संसोधन गर्नुको कारण
		गर्दा नगरपालिकामा बहाल कर भुक्तानी भएको यकिन गरिनेछ।(४) नारायण नगरपालिका भित्र सञ्चालित पाँच लाख रुपैयाँसम्म पुँजी भएका उद्योग, व्यापार, व्यवसायको प्रकृतिका आधारमा कर्णाली प्रदेशको प्रादेशिक व्यापार तथा व्यवसायसम्बन्धी ऐन, ले तोकेको शुल्क लिई प्राइभेट तथा साझेदारी फर्महरूको दर्ता तथा नवीकरण गरिनेछ।	
आर्थिक ऐनको दफा (६) : जडिवुटी, कवाडी र जीवजन्तु कर	नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेबापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।	नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेबापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।	यथावत कायम गरिएको
आर्थिक ऐनको दफा (७): सवारी साधन कर	नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।	(१) राजस्व बाँडफाँटबाट सवारीसाधन करबापत कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने रकम आम्दानी बाँधिनेछ। (२) उपदफा (१) बाहेकका नगरपालिका क्षेत्रभित्र दर्ता भई सञ्चालन भएका टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।तर, कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।	ठूला सवारीसाधन कर प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रभित्र भएको र साना सवारी साधन जस्तै टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा स्थानीय तहको अधिकार क्षेत्रभित्र भएकोले यसलाई थप स्पष्ट पार्न बाञ्छनिय भएकोले यसलाई पुनर्लेखन गरिएको।
आर्थिक ऐनको दफा (८): विज्ञापन कर	नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर	(१)नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ७ बमोजिमको विज्ञापन कर लगाई असुल उपर गरिनेछ।	विज्ञापन करको दर नगरपालिकाले तोक्ने र सङ्कलित रकम स्थानीय तह र प्रदेश बीच

विषय क्षेत्र	आर्थिक ऐन, २०८१ को प्रावधान	आर्थिक ऐन, २०८२ का लागि सुधार गर्न प्रस्ताव	संसोधन गर्नुको कारण
	लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहीबमोजिम हुनेछ।	(२) विज्ञापन करबाट उठेको रकममध्ये साठी प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गरिनेछ।	बाँडफाँट गर्नु पर्ने कानूनी व्यवस्था अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को उपदफा (५) मा भएकोले सोही अनुसार मिलाउने गरी संशोधन गर्न बाञ्छनीय भएकोले।
आर्थिक ऐनको दफा (९): मनोरञ्जन कर	नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहीबमोजिम हुनेछ।	नारायण नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका मनोरञ्जनात्मक व्यवसायबाट कर्णाली प्रदेशको आर्थिक ऐनले तोकेको आधार र दरमा कर असुल गरिनेछ। (२) उपदफा (१) बमोजिमका व्यवसायीहरूले मनोरञ्जन कर बुझाउँदा व्यवसाय कर, बहाल कर र सम्पत्ति करसमेत बुझाउनु पर्नेछ। (३) मनोरन्जन करबाट उठेको रकममध्ये साठी प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गरिनेछ।	✓ हरेक वर्ष कर्णाली प्रदेशले आर्थिक ऐन जारी गर्ने र सो ऐनमा मनोरञ्जन करको दरसमेत उल्लेख हुने हुँदा नगरपालिकाको आर्थिक ऐनको अनुसूचीमा दर उल्लेख गरी रहनु नपर्ने भएकोले यसलाई परिमार्जन गरिएको। ✓ अनुसूची ८ हटाउन उपयुक्त हुने।
आर्थिक ऐनको दफा (१०): पार्किङ शुल्क	नगरपालिका क्षेत्रभित्र कुनै सवारीसाधनलाई पार्किङ सुविधा उपलब्ध गराएबापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।	नगरपालिका क्षेत्रभित्र कुनै सवारीसाधनलाई पार्किङ सुविधा उपलब्ध गराएबापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।	✓ प्रतिघण्टा वा प्रतिदिनको पार्किङ्ग शुल्क स्पष्टसँग अनुसूचीमा उल्लेख गर्नु पर्ने। ✓ अनुसूची ९ को (क) मा भएको प्रवेश शुल्कको व्यवस्था कानुन अनुकुल नहुने हुँदा हटाउन उपयुक्त हुने
आर्थिक ऐनको दफा (११): ढुङ्गा, गिटी, बालुवा तथा माटो करः	नगरपालिका क्षेत्रभित्रका नदिजन्य पदार्थहरू (ढुङ्गा, गिट्टी बालुवा र माटो) बापत अनुसूचि (१०) बमोजिम पार्किङ	(१) नारायण नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण गरी तोकिएको परिमाणमा नदीजन्य पदार्थहरु (स्लेट ढुङ्गा, गिट्टी,	ढुङ्गा, गिट्टी, वालुवा तथा माटो बिक्री सम्बन्धी व्यवस्थालाई थप स्पष्ट पारी नगरपालिका र प्रदेश सरकारका वीचमा

विषय क्षेत्र	आर्थिक ऐन, २०८१ को प्रावधान	आर्थिक ऐन, २०८२ का लागि सुधार गर्न प्रस्ताव	संसोधन गर्नुको कारण
	शुल्क लगाइने र असूल उपर गरिनेछ।	बालुवा एवम माटो) को कर्णाली प्रदेशको आर्थिक ऐनले तोकेको दरमा बिक्री गर्नेछ।(२) नारायण नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा जराजुरी, दहत्तरबहत्तर आदिको बिक्री कर्णाली प्रदेशको आर्थिक ऐनले तोकेको दरमा गर्नेछ। (३) नगरपालिकाले उपदफा (१) र (२) बमोजिमको बिक्री कर्णाली प्रदेशको आर्थिक ऐनले तोकेको दरमा गर्नेछ।(४) उपदफा (१) र (२) बमोजिम बिक्रीबापत प्राप्त रकम विभाज्य कोषमा राखी कर्णाली प्रदेशको आर्थिक ऐन बमोजिम प्रदेश र नगरपालिकाबीच बाँडफाँट गरिनेछ।	राजस्व बाँडफाँट गर्ने प्रक्रियालाई थप व्यवस्थित गर्न बाञ्छनीय भएकोले परिमार्जन गरिएको।
आर्थिक ऐनको दफा (१२) : सेवा शुल्क, दस्तुरः	नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भएअनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ	नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ	यथावत कायम गरिएको
आर्थिक ऐनको दफा (१३) : बहाल बिटौरी शुल्कः	नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ,		अनुसूची खुलेको छैन। अनुसूची खुलाएर सबै क्षेत्रको शुल्क स्पष्टसँग अनुसूचीमा उल्लेख हुनु पर्ने।

विषय क्षेत्र	आर्थिक ऐन, २०८१ को प्रावधान	आर्थिक ऐन, २०८२ का लागि सुधार गर्न प्रस्ताव	संसोधन गर्नुको कारण
आर्थिक ऐनको दफा (१४) : ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः	नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवारत अनुसूचीबमोजिमको शुल्क लगाइने र असूलउपर गरिनेछ ।		✓ अनुसूची खुलेको छैन। अनुसूची खुलाएर सबै क्षेत्रको शुल्क स्पष्टसँग अनुसूचीमा उल्लेख हुनु पर्ने। ✓ यी सेवाहरू उपलब्ध हुन सक्ने सम्भावनाको अध्ययन गरेर मात्र आर्थिक ऐनमा व्यवस्था गर्न सके व्यवहारिक हुने देखिन्छ।
आर्थिक ऐनको दफा (१५) पर्यटन शुल्कः	नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूवाट अनुसूचीमा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुलउपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहीबमोजिम हुनेछ ।	(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा (२) को (ग) अनुसार नगरपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका पर्यटकीय स्थलको सेवा उपभोग गरेबापत नगर कार्यपालिकाले तोकेको दरमा सेवा शुल्क लगाई स्थानीय सञ्चित कोषमा जम्मा गरिनेछ।(२) कर्णाली प्रदेशको आर्थिक ऐनको व्यवस्थाअनुसार प्रदेश सरकारले निर्माण गरी सञ्चालनमा रहेका पर्यटकीय स्थल तथा क्रियाकलाप र पर्यापर्यटनमा पर्यटन शुल्क लगाई असुल गरिनेछ।(३) उपदफा (२) बमोजिम सङ्कलित रकममध्ये साठी प्रतिशत स्थानीय तहको सञ्चित कोषमा जम्मा गरी बाँकी चालीस प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गरिनेछ।	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र कर्णाली प्रदेशको आर्थिक ऐनको प्रावधानलाई कार्यान्वयन गर्नु नगरपालिकाको कर्तव्य भएकोले ती ऐनहरूको प्रावधानअनुकुल हुने गरी परिमार्जन गर्न आवश्यक भएकोले।
आर्थिक ऐनको दफा (१६) कर छुटः	कर छुटः यस ऐनबमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।	(१) करदाताले चालू आर्थिक वर्षको सम्पत्ति कर, व्यवसाय कर र बहाल करको रकम २०८२ साल असोज मसान्तभित्र दाखिला गरेमा त्यस्तो कर रकममा **पाँच प्रतिशत** छुट दिइनेछ। (२) महिला तथा अपाङ्गता भएका व्यक्तिहरूको	करसम्बन्धी न्यायको सिद्धान्तलाई कार्यान्वयनमा ल्याउन उपयुक्त हुने भएकोले तोकिएको समय भित्र कर तिर्ने करदाता र सामाजिक र आर्थिक रूपमा

विषय क्षेत्र	आर्थिक ऐन, २०८१ को प्रावधान	आर्थिक ऐन, २०८२ का लागि सुधार गर्न प्रस्ताव	संसोधन गर्नुको कारण
		स्वामित्वमा भएको सम्पत्ति र व्यवसायमा लाग्ने कर रकममा **पाँच प्रतिशत** छुट दिइनेछ। (३) उपदफा (१) र (२) बाहेक यस ऐन, बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।	पछाडि रहेका वर्गलाई विशेष व्यवस्था गर्न बाञ्छनीय भएकोले।
आर्थिक ऐनको दफा (१७) कर तथा शुल्क सङ्कलनसम्बन्धी कार्यविधिः	यो ऐनमा भएको व्यवस्थाअनुसार कर तथा शुल्क सङ्कलनसम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ।		नगरपालिकाले कर तथा गैरकरसम्बन्धी ऐन बनाई कार्यान्वयन गर्न सके राम्रो हुने।
आर्थिक ऐनको दफा (१८) जरिवानाः	एकीकृत सम्पत्ती कर एक आर्थिक वर्षभित्र नबुझाएमा १० प्रतिशत जरिवाना लाग्ने छ।	नगरपालिकालाई बुझाउनु पर्ने सबै किसिमका करहरू सोही आर्थिक वर्षभित्र नबुझाएमा बक्यौता मानी उक्त रकममा दश (१०) प्रतिशत जरिवाना लगाई असुलउपर गरिनेछ।	
आर्थिक ऐनको दफा (१९) सामुदायिक वनबाट आय प्राप्त गर्नेः		स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ख. बमोजिम नारायण नगरपालिका क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम प्राप्त गरी सञ्चित कोषमा जम्मा गरिनेछ।	नयाँ दफा थप गर्न सुझाव गरिएको।
आर्थिक ऐनको दफा (२०) घरजग्गा रजिष्ट्रेशन शुल्कः		नारायण नगरपालिका क्षेत्रभित्रका घरजग्गा वा अन्य सम्पत्तिको रजिष्ट्रेसन पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क कर्णाली प्रदेशको आर्थिक ऐनले तोकेबमोजिम हुनेछ।	नयाँ दफा थप गर्न सुझाव गरिएको।
आर्थिक ऐनको दफा (२१) दर घटाउन, बढाउन वा छुट दिन सक्नेः		(१) प्रचलित कानूनमा जुन कुरा लेखिएको भए तापनि नगर कार्यपालिका आवश्कता अनुसार यो ऐन र प्रचलित कानूनबमोजिम लगाइएका कर, दस्तुर, शुल्क र जरिवानाको दर घटाउन, बढाउन वा त्यस्तो कर, दस्तुर, शुल्क र जरिवाना आशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ।(२) उपदफा (१) वमोजिम दिएको छुट सुविधाको कसैले	नयाँ दफा थप गर्न सुझाव गरिएको।

विषय क्षेत्र	आर्थिक ऐन, २०८१ को प्रावधान	आर्थिक ऐन, २०८२ का लागि सुधार गर्न प्रस्ताव	संसोधन गर्नुको कारण
		दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधा प्राप्त गरी अन्य कार्यमा प्रयोग गरेमा त्यसरी छुट दिइएको कर, दस्तुर, शुल्क र जरिवाना रकम असुल गरी सो रकम बराबरको जरिवानासमेत असुल गरिनेछ।(३) राजस्व शाखाले यसबमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै कर, दस्तुर, शुल्क र जरिवाना आशिक वा पूर्णरूपमा छुट दिइएको विवरण नगर कार्यपालिकामा पेश गर्ने।	

अनुसूची २ : नारायण नगरपालिका शीर्षकगत आन्तरिक राजस्व परिचालन सम्बन्धी विवरण

आय विवरण

आ.व. : २०७८/७९

शीर्षक	प्रस्तावित आय	वास्तविक आय	प्रगति प्रतिशत	हिस्सा प्रतिशत
सङ्घीय सरकार				
१३३११ समानीकरण अनुदान	११७४०००००	१०८५९५०००	९२.५	१९.७
१३३१२ शसर्त अनुदान चालु	२७४३५३०००	२६०९६०४६४	९५.१	४७.३
१३३१३ शसर्त अनुदान पुँजीगत	३९४५००००	३६२२८६१९	९१.८	६.६
१३३१४ विषेश अनुदान चालु	२००००००००	०	०.०	०.०
१३३१५ विषेश अनुदान पुँजीगत	१०५०००००	७२९६८३०	६९.५	१.३
१३३१७ समपुरक अनुदान पुँजीगत	५००००००	१९३३७१०	३८.७	०.४
जम्मा	**४६६७०३०००**	**४१५०१४६२३**	**८८.९**	**७५.२**
प्रदेश सरकार				
१३३११ समानीकरण अनुदान	११७७००००	११७७००००	**१००.०**	२.१
१३३१२ शसत अनुदान चालु	३५९९००००	२९४५३८१५	**८१.८**	५.३
१३३१३ शसत अनुदान पुँजीगत	०	०		०.०
१३३१४ विषेश अनुदान चालु	६००००००	५३४७६९७	**८९.१**	१.०
१३३१७ समपुरक अनुदान पुँजीगत	६३४२०००	४५२२६१५	**७१.३**	०.८
जम्मा	**६०१०२०००**	**५१०९४१२७**	**८५.०**	**९.३**
राजस्व बाँडफाँट				
११४११ नेपाल सरकारबाट बाँडफाँट भई प्राप्त हुने राजस्व	९४९८००००	७४१६२१८८	**७८.१**	**१३.४**
११४५६ प्रदेश सरकारबाट बाँडफाँटबाट प्राप्त हुने राजस्व	१९२४७६३	१९२४७६३	**१००**	**०.३**
जम्मा	**९६९०४७६३**	**७६०८६९५१**	**७८.५**	**१३.८**
अन्तरिक श्रोत				
११३१३ सम्पती कर	४५०००००	३६५११२९	**८१.१**	**०.७**
११३१७ बहाल कर	१६०००००	१३३४७४२	**८३.४**	**०.२**
११४५१ सवारी साधन कर (साना सवारी)	१०००००	८०५००	**८०.५**	**०.०**
१४२२१ न्यायिक दस्तूर	४०००००	१३५५००	**३३.९**	**०.०**
१४२४२ नक्सा पास दस्तुर	२००००००	१५१५७०	**७.६**	**०.०**
१४२४३ सिफारिस दस्तुर	५००००००	३६७१५८०	**७३.४**	**०.७**
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	४०००००	५००	**०.१**	**०.०**
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	१००००००	८०८८५७	**८०.९**	**०.१**
जम्मा	**१५००००००**	**९८३४३७८**	**६५.६**	**१.८**
कुल जम्मा	**६३८७०९७६३**	**५५२०३००८०**	**८६.४**	**१००.०**

आय विवरण
आ.व. २०७९/८०

शीर्षक	प्रस्तावित आय	वास्तविक आय	प्रगति प्रतिशत	हिस्सा प्रतिशत
सङ्घीय सरकार				
१३३११ समानीकरण अनुदान	११७४०००००	१०८५९५०००	९२.५	१७.०
१३३१२ शसर्त अनुदान चालु	२७४३५३०००	२६०९६०४६४	९५.१	४१.०
१३३१३ शसर्त अनुदान पुँजीगत	३९४५००००	३६२२८६१९	९१.८	५.७
१३३१४ विषेश अनुदान चालु	२०००००००	०	०.०	०.०
१३३१५ विषेश अनुदान पुँजीगत	१०५०००००	७२९६८३०	६९.५	१.१
१३३१७ समपुरक अनुदान पुँजीगत	५००००००	१९३३७१०	३८.७	०.३
जम्मा	**४६६७०३०००**	**४१५०१४६२३**	**८८.९**	**६५.१**
प्रदेश सरकार				
१३३११ समानीकरण अनुदान	११७७००००	११७७००००	१००.०	१.८
१३३१२ सशर्त अनुदान चालु	३५९९००००	२९४५३८१५	८१.८	४.६
१३३१३ सशर्त अनुदान पुँजीगत	०	०		०.०
१३३१४ विषेश अनुदान चालु	६००००००	५३४७६९७	८९.१	०.८
१३३१७ समपुरक अनुदान पुँजीगत	६३४२०००	४५२२६१५	७१.३	०.७
जम्मा	**६०१०२०००**	**५१०९४१२६**	**८५.०**	**८.०**
राजस्व बाँडफाँट				
११४११ बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर	९४९८०००००	७४१६२१८८	७८.१	११.६
११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	१९२४७६३	१९२४७६३	१००.०	०.३
जम्मा	**९६९०४७६३**	**७६०८६९५१**	**७८.५**	**११.९**
अन्तरिक श्रोत				
११३१३ सम्पती कर	४५०००००	३६५११२९	८१.१	०.६
११३१७ बहाल कर	१६०००००	१३३४७४२	८३.४	०.२
११४५१ सवारी साधन कर (साना सवारी)	१०००००	८०५००	८०.५	०.०
१४२२१ न्यायिक दस्तूर	४०००००	१३५५००	३३.९	०.०
१४२४२ नक्सा पास दस्तुर	२००००००	१५१५७०	७.६	०.०
१४२४३ सिफारिस दस्तुर	५००००००	३६७१५८०	७३.४	०.६
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	४०००००	५००	०.१	०.०
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	१००००००	८०८८५७	८०.९	०.१
जम्मा	**१५०००००००**	**९८३४३७८**		
३२१२२ बैङ्क मौज्दात	**४६४२१३५५.२२**	**८५१६९९२८**	**१८३.५**	**१३.४**
कुल जम्मा	**६८५१३१११८**	**६३७२००००८**	**९३.०**	**१००.०**

आय विवरण
आ.व. : २०८०/८१

शीर्षक	प्रस्तावित आय	वास्तिवक आय	आम्दानी प्रतिशत	हिस्सा प्रतिशत
सङ्घीय सरकार				
१३३११ समानीकरण अनुदान	१०३४०००००	९६१६२०००	९३.००	१८.७३
१३३१२ शसर्त अनुदान चालु	२६०७९६०००	२३५८१९८८४	९०.४२	४५.९४
१३३१३ शसर्त अनुदान पुँजीगत	२५००००००	२२३४९१३८	८९.४०	४.३५
१३३१५ विशेष अनुदान पुँजीगत	१५००००००	८८८३९८९	५९.२३	१.७३
१३३१७ समपुरक अनुदान पुँजीगत	६००००००	४९८८५५५	८३.१४	०.९७
जम्मा	**४१०१९६०००**	**३६८२०३५६६**	८९.७६	**७१.७३**
प्रदेश सरकार				
१३३११ समानीकरण अनुदान	११७८००००	११७८००००	१००.००	२.२९
१३३१२ शसर्त अनुदान चालु	१२३१००००	९२४२७९८	७५.०८	१.८०
१३३१३ शसर्त अनुदान पुँजीगत	१६५०००००	१५७३४५६०	९५.३६	३.०७
१३३१४ विशेष अनुदान चालु	३००००००	२९६५०००	९८.८३	०.५८
१३३१७ समपुरक अनुदान पुँजीगत	१५००००००	७७४८५०२	५१.६६	१.५१
जम्मा	**५८५९००००**	**४७४७०८६०**	**८१.०२**	**९.२५**
राजस्व बाडँफाँट				
११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर	१५०००००	३४७३३०८	२३१.५५	०.६८
११४११ बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धिकर	९३०६७७००	७८९१३९४३	८४.७९	१५.३७
११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	४९७१९०१	४९७१९०१	१००.००	०.९७
१४१५३ बाँडफाँट भई प्राप्त वन रोयल्टी	२००००	१८५३०	९२.६५	०.००
जम्मा	**९९५५९६०१**	**८७३७७६८२**	**८७.७६**	**१७.०२**
आन्तरीक श्रोत				
११३१३ सम्पती कर	४००००००	२३४८४४१	५८.७१	०.४६
११३१७ बहाल कर	१५०००००	२०१२९६०	१३४.२०	०.३९
११४५१ सवारी साधन कर (साना सवारी)	१०००००	८००	०.८०	०.००
१४२२१ न्यायिक दस्तूर	५००००	०	०.००	०.००
१४२४२ नक्सा पास दस्तुर	१००००००	५९२२४४	५९.२२	०.१२
१४२४३ सिफारिस दस्तुर	४००००००	१११८८४६	२७.९७	०.२२
१४२६५ अन्य क्षेत्रको आय	३६०८०६०	३०६४१८१	८४.९३	०.६०
१४६११ व्यवसाय कर	१००००००	६१३१५	६.१३	०.०१
१४१५७ दहत्तर वहत्तर	१०६१८२८	१०६१८२८	१००.००	०.२१
जम्मा	**१५२५८०६०**	**१०२६०६१५**	**६७.२५**	**२.००**
कुल जम्मा	**५८३६०३६६१**	**५१३३१२७२३**	**८७.९६**	**१००.००**

अनुसूची ३ : कार्यक्रमका सहभागीहरुको विवरण

आज मिति २०८२ साल असार १८ गतेका दिन नारायण नगरपालिका दैलेखका नगर प्रमुख श्री लोमन शर्मा ज्यू को अध्यक्षतामा राजस्व सुधार कार्ययोजना (२०८२/०८३ देखि २०८४/०८५) प्रमाणिकरण कार्यशाला गोष्ठी देहायको उपस्थितिमा सञ्चालन भई निम्न निर्णय सर्वसहमत सम्पन्न भयो।

उपस्थिति

नगर प्रमुख श्री लोमन शर्मा ना.न.पा.
उप प्रमुख श्री तप्ता कुमारी शाही ,,
प्र. प्र. अ. श्री देशराम बहादुर बुढा ,,
वडा अध्यक्ष १ श्री सन्तोष कुमार ओली ,,
,, २ श्री रेशम बहादुर शाही
,, ३ श्री चन्द्र प्रसाद उपाध्याय
,, ४ श्री चन्द्र बहादुर कडेवाल
,, श्री प्रेमानसिंह शाही
,, श्री अनन्त प्रसाद न्यौपाने
,, श्री खड्ग बहादुर शाही
,, श्री गोपाल कुमार वि.सी.
,, श्री महेन्द्र विक्रम खड्का
,, श्री लाल बहादुर ~~खड्का~~ बानियाँ
,, श्री डिर्घ बहादुर मल्ल
,, श्री रत्ना कुमारी शाहि
,, श्री रत्नकला रोका
,, श्री भोज कुमारी कोइराला
,, श्री रुक्मिणी प्रसाद
,, श्री मनिकला अधिकारी
,, श्री तिर्थ बहादुर नेपाली
,, श्री कवेत बहादुर नेपाली
,, श्री पदम [illegible]

लाल बहादुर खड्का स्वास्थ्य शाखा न.पा.-दै.
पार्वती कुमारी बोगटी म.बि.नि. ना.न.पा. दै.
नेत्र बहादुर उप्रेती " — "
चिरञ्जिवि उपाध्याय लेखा अधिकृत ना.न.पा
मोहन थापा, लेखा अधिकृत ना.न.पा. दै.
खगेन्द्र बहादुर थापा, आ.ले.प. " — "
यामराज बिष्ट समाचारदाता गोरखापत्र दैनिक
भरतराज अधिकारी अध्यक्ष NCF दैलेख
कमला कुमारी शाही भेरी कर्णाली बहु.उ.स.स. दैलेख
सुरेन्द्र बहादुर खत्री श्रीस्वस्थ महिला सा.व.उ.वि.-न.नपा.१
पवन कु. बाँठा उ.वा. संघ
लिलाराम लामिछाने उ.वि. सहजकर्ता
मान बहादुर बस्नेत अध्यक्ष मा.वि. दैलेख
श्री प्रेम कुर्मेला रोजगार सेवा केन्द्र नारा.
श्री दिपेन्द्र कुमार पौडेल, अध्यक्ष कृतिदेवल बो.कृ.सहकारी
श्री खम बहादुर थापा शि.नि.अ.
श्री सुजन वि.क. कं.अ.
श्री दिनेश कुमार थापा ओझपोखरी संदेश
श्री दुर्गलाल पाण्डे - शिक्षा प्रा.स.
श्री गिता बुढा - महिला बालबालिका शाखा
श्री उर्मिला चौलागाईं कि.ए
श्री प्रेम प्रसाद कोइराला "
मोहन प्रसाद ढकाल, EUTA परामर्शदाता,
श्री गोपाल बहादुर वि.सि. न. १ तालिम
हेमराज लामिछाने, EUD Consultant

अनुसूची ४ : कार्यक्रमका तस्विरहरु

नारायण नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका विभिन्न चरणका फोटोहरु

अनुसूची ५ : सन्दर्भ सामग्रीहरु

१. नेपालको संविधान, २०७२
२. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
५. नारायण नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम
६. नारायण नगरपालिकाको आर्थिक वर्ष २०७९/८० देखी २०८१/८२ सम्मको राजस्व सुधार कार्ययोजना
७. कर्णाली प्रदेशको आर्थिक ऐन, २०८१
८. केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७५
९. एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४